
# मुसिकोट नगरपालिकाको आवधिक शिक्षा योजना

## (२०८१ -२०८७)




मुसिकोट नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा,

मुसिकोट, रुकुम पश्चिम

२०८१

प्रकाशन मिति : २०८१।०९।१६ गते

**संरक्षक**

श्री महेन्द्र के सी, नगर प्रमुख
श्री विमल कुमार पुन , नगर उप प्रमुख
श्री मोहन प्रकाश गिरी, प्रमुख प्रशासकीय अधिकृत

**योजना निर्माण कार्यदल**

संयोजकः श्री एक्क बहादुर पाण्डे सामाजिक विकास समिति
सदस्यः श्री टेक बहादुर खड्का शि अ सं अध्यक्ष मा वि रातामाटा
सदस्यः श्री कुमार के सी शि अ सं अध्यक्ष मावि चौतारा
सदस्य : श्री डम्बर खड्का शिक्षक त्रि ज मावि खलंगा
सदस्यः श्री खिम बहादुर ओली शि अ सं अध्यक्ष मावि काँसपोखरी
सदस्य : श्री यज्ञ बहादुर खड्का शिक्षक महासंघ अध्यक्ष मुसिकोट
सदस्य : श्री नरेन्द्र ओली शिक्षा शाखा प्रमुख
सदस्य सचिव : श्री बिनाराम खड्का शिक्षा अधिकृत

**लेखन उप–समिति**

समुह (१) संयोजकः श्री लोक बहादुर गिरी
सदस्य : श्री गोपाल थापा
सदस्यः श्री टिकाराम बिष्ट
सदस्य : श्री डण्ड बहादुर खड्का
समुह (२) संयोजकः श्री झपिराम ओली
सदस्य : श्री धन बहादुर रोका
सदस्य : श्री श्रीकुमार शर्मा
समुह (३) संयोजकः श्री कम प्रशाद देवकोटा
सदस्य : श्री गोपिराम के सी
सदस्य : श्री अर्जुन पुन
सदस्यः श्री नरेन्द्र बहादुर ओली
समुह (४) संयोजकः श्री लक्ष्मि ओली
सदस्य : श्री यज्ञ बहादुर ओली
सदस्य : श्री नविन खड्का
सदस्यः श्री शसिराम घर्ती
समुह (५) संयोजक : श्री टोप बहादुर हमाल
सदस्य : श्री लक्ष्मण खड्का
सदस्य : श्री गोपाल खड्का
सदस्यः श्री दीपप्रशाद शर्मा

**प्राविधिक सहयोय**

**यूनिसेफ नेपाल**
**समाज जागरण केन्द्र (स्याक) नेपाल,**
**वीरेन्द्रनगर , सुर्खेत**

## दुई शब्द

नेपालको संविधान २०७२ जारीसँगै मुलुकलाई ७ प्रदेश र ७५३ वटा स्थानीय तहमा विभाजन गरिएको छ। संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको हुँदा गुणस्तरीय शिक्षा प्रवाह गर्नु स्थानीय तहको प्रमुख दायित्व बनेको छ। शिक्षा भनेको समाज परिवर्तनको मुख्य आधार हो। यसले समाजलाई समयसापेक्ष परिवर्तन गरी आधुनिक, व्यावसायिक, सीपमूलक र रोजगारमुखी समाज निर्माण गर्न मद्दत गर्दछ। मुसिकोट नगरपालिकाले गुणस्तरीय शिक्षा सुनिश्चित गर्न, दिगो विकासका लक्ष्यहरू, नेपालको संविधान, प्रदेश तथा संघीय सरकारका शिक्षा सम्बन्धी नीतिहरू, र स्थानीय आवश्यकता तथा प्राथमिकतालाई ध्यानमा राखेर आवधिक नगर शिक्षा योजना तयार गर्न आवश्यक ठानेको छ।

मुसिकोट नगरपालिका, रुकुम पश्चिम, विभिन्न जातजाति, भाषा, धर्म, र संस्कृतिको संगमस्थल हो। यहाँका समुदायहरूका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन, उनीहरूको सक्षमता अभिवृद्धि गर्न, र शिक्षाको माध्यमबाट समतामूलक समाज निर्माण गर्न शिक्षा योजना अति आवश्यक छ। नगरपालिका भित्रका प्रत्येक बालबालिकालाई गुणस्तरीय र समान अवसर प्रदान गर्न, सबै समुदायका बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्दै सामाजिक विभेद हटाउन, युवालाई सीपयुक्त बनाएर रोजगार सिर्जना गर्न, शिक्षामा लगानी वृद्धि गर्दै स्थानीय स्रोत र साधनको प्रभावकारी उपयोग गर्न नगरपालिकाको शिक्षा योजना अति आबश्यक छ । यो योजनाको कार्यान्वयनले समाजमा सकारात्मक परिवर्तन ल्याएर समृद्ध समाज निर्माणमा योगदान पुर्‍याउँन, शिक्षित जनशक्ति उत्पादन गरी रोजगारीका अवसर सिर्जना गर्न, स्थानीय भाषा, संस्कृति, र परम्परालाई संरक्षण र प्रवर्द्धन गर्न तथा स्थानीय नेतृत्व विकासमा योगदान पुर्‍याएर समतामूलक समाज निर्माणमा सहयोग पुर्‍याउँनेनै छ ।

मुसिकोट नगरपालिकाले शिक्षालाई प्राथमिकतामा राखेर विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नेछ। यसमा समतामूलक शिक्षा, प्राविधिक शिक्षा, विशेष शिक्षा, निरन्तर शिक्षा, र बालबालिकाको क्षमता अभिवृद्धि गर्ने गतिविधिहरू समावेश गरिनेछ।यस योजना कार्यान्वयनका लागि नगरपालिकाले स्थानीय सरकार, समुदाय, विद्यालय, अभिभावक, र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूसँग सहकार्य गर्नेछ भन्ने अपेक्षा पनि रहेको छ ।

मुसिकोट नगरपालिकाको शिक्षा योजना स्थानीय आवश्यकता, दिगो विकासका लक्ष्य, र संविधानको मर्मलाई आत्मसात् गरी तयार गरिएको हो। यसले नगरपालिकाका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याई उनीहरूको उज्ज्वल भविष्य सुनिश्चित गर्न योगदान पुर्‍याउनेछ। यो योजना निर्माणमा नगरपालिकाका सम्पूर्ण सरोकारवालाहरूलाई धन्यवाद प्रकट गर्दै यस योजनाको सफल कार्यान्वयनका लागि सहकार्य गर्न हार्दिक अनुरोध छ।

**महेन्द्रके सी**

**नगर प्रमुख**

मुसिकोट नगरपालिका, रुकुम पश्चिम

## शुभकामना

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्दै माध्यमिक तहसम्मको शिक्षा निशुल्क प्रदान गर्ने हक प्रत्याभूत गरेको छ। संविधान र कानुनले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ। यसै अधिकारका आधारमा स्थानीय तहले योजना निर्माण र कार्यान्वयन गर्नु आबश्यक रहेको सन्दर्भमा हाम्रो नगरपालिकाले नगर शिक्षा योजना निर्माण गरेकोमा खुशि व्यक्त गर्न चाहन्छु ।

नगरपालिकाको गुणस्तरीय शिक्षामा सवैको समतामुलक पहुच पुर्याउने र नमुनायोग्य र प्रतिष्पर्धि शिक्षा वनाउने लक्ष्यका साथ मुसिकोट नगरपालिकाले गुणस्तरीय शिक्षा प्रवाह गर्न शिक्षा योजना निर्माण गरेको हो। यस योजनाले शिक्षालाई सीपमूलक, रोजगारमुखी, व्यावसायिक, र जीवनपयोगी बनाउँदै स्थानीय समुदायलाई समृद्ध बनाउने लक्ष्य लिएको छ।

नगरपालिकाका शिक्षाका तमाम चुनौतीहरूको समाधान गर्न यहाँको अवसर, स्रोत र स्थानीय सीप र विज्ञताको प्रयोग गरी यहाँका शिक्षा विज्ञ, सरोकारवाला निकाय, जनप्रतिनिधि, शिक्षक, र अन्य शैक्षिक निकायसँगको सहकार्यमा यो नगर शिक्षा योजना तयार गरिएको हो। यस योजनाले व्यक्तिलाई ज्ञानसँगै सीपयुक्त बनाउँदै रोजगारी सिर्जना गर्न र समृद्ध समाज निर्माणमा योगदान पुऱ्याउने विश्वास लिएको छ।

यस योजनाको निर्माणमा यूनिसेफ नेपाल, समाज जागरण केन्द्र (स्याक) नेपाल, शिक्षा समितिका पदाधिकारी, र अन्य सरोकारवालाहरूको अहम भुमिका रहेकाले धन्यवाद दिँदै योजनाको सफल कार्यान्ववयनमा सबैमा सहयोगका लागि हार्दिक अपिल गर्दछु।

विमल कुमार पुन मगर
नगर उप प्रमुख
मुसिकोट नगरपालिका, रुकुम पश्चिम

## शुभकामना

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हक प्रत्याभूत गरेको छ। शिक्षा मुलुकको सुशासन, सामाजिक न्याय, विकास र समृद्धिको आधार हो। नागरिकलाई जीवनोपयोगी ज्ञान, सीप, र क्षमता प्रदान गर्न सक्षम शिक्षा प्रणाली आवश्यक छ। समकालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुसार शिक्षालाई प्रभावकारी, उत्पादनमूलक, र गुणस्तरीय बनाउन मुसिकोट नगरपालिकाले आवधिक शिक्षा योजना तयार गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ। यस अधिकारलाई व्यवहारमा उतार्न र नगरपालिकाभित्रका शैक्षिक चुनौतीहरू समाधान गर्न यो योजना निर्माण गरिएको हो। यसले शिक्षामा देखिएका समस्या समाधान गरी गुणस्तर सुधार्ने र सिङ्गो नगरपालिकाको शैक्षिक उन्नयनमा टेवा पुऱ्याउनेछ।

सरोकारवालाको सहभागितामा तयार गरिएको यो योजनाले बालबालिका, युवा, र जेष्ठ नागरिक सबैलाई सहज, सरल, र आवश्यकताअनुसारको शिक्षा उपलब्ध गराउने लक्ष्य राखेको छ। नयाँ प्रविधि र ज्ञानलाई आत्मसात् गर्दै शिक्षाको पहुँच र गुणस्तर सुधार्न नगरपालिका प्रतिबद्ध छ।

यस योजना निर्माणमा सहयोग गर्ने युनिसेफ, समाज जागरण केन्द्र (स्याक) नेपाल, किर्डाक नेपाल, शिक्षा समिति, निर्माण कार्यदल, र अन्य सरोकारवालालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। यो योजनाको सफल कार्यान्वयनका लागि सबैको सहकार्य आवश्यक छ।

**मोहन प्रकाश गिरी**
प्रमुख प्रशासकीय अधिकृत
मुसिकोट नगरपालिका, रुकुम पश्चिम

# विषयसुची

विषय प्रवेश ........................................................................................................ १
कभूमिका( ........................................................................................................ १
खशिक्षा योजना निर्माणक (ो आवश्यकता र औचित्य ........................................................ २
गशिक्षा योजना निर्माणका आधारहरु ( ........................................................ २
घशिक्षा योजना निर्माणको प्रक्रिया ( ........................................................ ३
परिच्छेद १ परिचय : ........................................................................................................ ४
१अबस्था वर्तमान १. ........................................................................................................ ४
कपरिचय तथा भौगोलिक अबस्थिति ( ........................................................ ४
खज (नसाङ्ख्यि संरचना ........................................................ ५
घआर्थिक अबस्था ( ........................................................ ९
ङअबस्था शैक्षिक ( ........................................................ ९
१मुख्य समस्या तथा चुनौतीहरु २. ........................................................ १५
क (समस्याहरुतथा चुनौतीहरु........................................................15
खअवसरहरु (........................................................17
२स्थानीय तहमा शिक्ष १.ा योजना निर्माणका आधारहरु ........................................................ १८
२दूरदृष्टि २. ........................................................ १९
२लक्ष्य ३. ........................................................ १९
२उद्देश्य ४. ........................................................ २०
२रणनीतिहरु ५. ........................................................ २१
२कार्यनीति ६. ........................................................ २३
२अपेक्षित उपलब्धिहरु ७. ........................................................ २५
२शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ८. ........................................................ २६
३प्रा १.रम्भिक बालविकास र शिक्षा ........................................................ ३४
३वर्तमान अवस्था १.१. ........................................................34

३उद्देश्य २.१. 35
३रणनीति ३.१. 35
३प्रमुख उपलब्धि तथा नतिजा ४.१. 36
३.१.५प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 37
३.२ आधारभूत शिक्षा ३९
३परिचय १.२. ३९
३उद्देश्य २.२. 41
३रणनीति ३.२. 41
३प्रमुख उपलब्धि ४.२. तथा नतिजा 42
३.२.५ प्रमख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 44
३माध्यमिक शिक्षा ३. ४६
३वर्तमान अवस्था १.३. 46
३उद्देश २.३.्यहरु 48
३रणनीति ३.३. 48
३तथा नतिजा प्रमुख उपलब्धि ४.३. 49
३.३प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ५. 50
३प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ४. ५२
३वर्तमान अवस्था १.४. 52
३उद्देश्य २.४. 54
३रणनीतिहरु ३.४. 54
३उपलब्धि ४.४., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य 55
३प्रमुख क्रियाकलाप तथा लक्ष्य ५.४. 56
३अनौपचारिक शिक्षा र आजीवन सिकाइ ५. ५७
३वर्तमान अवस्था १.५. 57
३उद्देश्य २.५. 57

३रणनीति ३.५. ....57

३क्रियाकलाप र परिमाणात्मक लक्ष्य प्रमुख ५.५. ....58

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र .... ६०

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन .... ६०

४.१.१ वर्तमान अवस्था ....60

४.१.२ उद्देश्य ....62

४.१.३ रणनीति ....62

४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ....63

४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....65

४.२ शिक्षक व्यवस्थापन र विकास .... ६६

४.२.१वर्तमान अवस्था ....66

४.२.२ उद्देश्य ....68

४२..३ रणनीति ....69

४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ....70

४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....71

४.३ शैक्षिक समता र समावेशिकरण .... ७२

४.३.१वर्तमान अवस्था ....72

४.३.२ उद्देश्य ....74

४.३.३ रणनीति ....74

४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ....75

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम .... ७७

४.४.१ वर्तमान अवस्था ....77

४.४.३ रणनीति ....79

४प्रमुख क्रियाकलापहरु र लक्ष्य५.४. ....82

४.५ विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता .... ८४

४वर्तमान अबस्था .१.५. ........ 84

४उद्द २.५.ेश्य ........ 85

४रणनीति ३.५. ........ 85

४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 87

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ८८

४.६.१वर्तमान अवस्था ........ 88

४.६.२उद्देश्य ........ 90

४.६.३ रणनीति ........ 91

३क्रियाकलाप तथा लक्ष्य प्रमुख ५.४. ........ 92

४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि ........ ९३

४.७.१वर्तमान अवस्था ........ 93

४.७.२उद्देश्य ........ 94

४.७.३ रणनीति ........ 95

४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 96

३प्रमुख क्रियाकलाप तथा लक्ष्य ५.४. ........ 98

परिच्छेद ५ अन्य उपक्षेत्र तथा अन्तरसम्बन्धित बिषयहरु ........ १००

५.१ सामुदायिक पुस्तकालय ........ १००

५.१.१ वर्तमान अबस्था ........ 100

५.१.२ उद्देश्यहरु ........ 100

५.१.३ रणनीतिहरु ........ 100

५.१.४ उपलब्धि तथा नतिजा ........ 101

५मु ५.१.ख्य क्रियाकलापहरुः ........ 101

५.२ युवा तथा खेलकुद विकास ........ १०२

५.२.१ वर्तमान अबस्था ........ 102

५ २.२.उद्देश्य ........ 103

५रणनीतिहरु ३.२. ........ 103

५मुख्य उपलब्धि४.२., र नतिजा ........ 103

५ःमुख्य क्रियाकलापहरु ५.२. ........ 104

परिच्छेद ६ सुशासन तथा व्यवस्थापन ः........ १०६

६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास........ १०६

६.१.१ वर्तमान अबस्था........ 106

६.१.२ उद्देश्य ........ 107

६.१.३ रणनीतिहरु ........ 108

६.१.४ प्रमुख उपलब्धी र नतिजा ........ 108

६स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध २. ........ १११

६परिचय १.२. ........ 111

६उद्देश्यहरू२.२. ........ 111

६रणनीतिहरू३.२. ........ 112

६उपलब्धि ४.२., तथा नतिजा........ 112

६ ५.२.प्रमुख क्रियाकलापहरु तथा लक्ष्य........ 112

परिच्छेद ७ लगानी स्रोत व्यबस्थापन ः........ ११४

७.१ वर्तमान अबस्था ........ ११४

७.२ उद्देश्य........ ११८

७.३ रणनीतिहरु........ ११८

७.४ प्रमुख क्रियाकलापहरु र परिमाणत्मक लक्ष्य........ ११९

७योजनाको बार्षिक बजेट तर्जुमा प्रक्रिया ५. ........ १२१

७योजना कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ६. ..... १२१

परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ........ १२२

८.१ वर्तमान अबस्था........ १२२

८.२ उद्देश्य ........ १२४

८.३ रणनीतिहरु ........ १२४

८उपलब्धि तथा नत ४.िजा ........................................................................................ १२५

८.५ प्रमुख क्रियाकलाप र लक्ष्यः ........................................................................ १२५

शन्दर्भसामाग्रीहरुः ................................................................................................ १२६

## विषय प्रवेश

**क)भूमिका**

मानव जीवनका लागि शिक्षा अति आबश्यक रहेको र शिक्षा विकासको प्रमुख मेरुदण्ड तथा विकासको आधार भएकाले विकास र परिवर्तमा शिक्षालाई प्रमुख एजेन्डाको रुपमा लिईएको छ । विकासको प्रमुख पूर्वाधार शिक्षालाई शिक्षा भएको र ये मानिसको आधारभुत अधिकार क्षेत्रभित्र पनि पर्दछ । परिवर्तित बिश्वमा शिक्षा क्षेत्रलाई थप प्रभावकारी र गुणस्तरीय साथै समय सापेक्ष बनाउदै लैजानु आजको मुख्य आबश्यकता र एजेन्डा पनि रहेको छ । नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरि प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । यसै गरी विंधानले नै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यबस्था गरेको छ ।
राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन गरी राष्ट्र निर्माणमा आबश्यक मानव शंसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहन्छ ।

प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा आधारभूत तथा माध्यामिक तहको शिक्षाको जिम्मेबारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकुल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लागायतलाई एकिकृत गरि पालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि पालिकाले पनि शिक्षा योजना निर्माणा गरी कार्यान्वयन गर्नुपर्ने आबश्यकता रहेको छ। सघिय सरकारले १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अबस्थामा उक्त योजनालाई स्थानीयकरण गरी स्थानीय तहले पनि संघिय शिक्षा क्षेत्र योजना अनुरुपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न नितान्त आबश्यक छ । यसै सन्दर्भमा मुसिकोट नगरपालिकाले पनि शिक्षा योजना निर्माणा गरी कार्यान्वयन गर्ने जमर्को गरेको छ ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरु दिएको र उक्त अधिकार क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनले नै शिक्षाका लक्ष्य तथा उदेश्यहरु पुरा हुने तथा उक्त अधिकार क्षेत्र भित्र स्थानिय तहले शिक्षाको योजना तर्जुमा गरि कार्यान्वयन गर्न सक्ने उल्लेख भए अनुसार स्थानीय अबस्था, श्रोत र आबश्यकताका आधारमा शिक्षा योजना निर्माण गरि कार्यान्वयन गर्ने जमर्को गरिएको छ । मुसिकोट नगरपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १० बर्षे शिक्षा क्षेत्र योजना लगायतको मार्गदर्शनका आधारमा संघिय सरकारले तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य उदेश्य प्राप्तिमा मद्धत गर्न र पालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रुपमा सहायता लिन पनि शिक्षा योजना निर्माणको आबश्यकता देखिएके हो । यसले शिक्षा क्षेत्रको विकासको लक्ष्य पुरा गर्न मद्धत गर्ने साथैराष्ट्रिय अपेक्षा पुरा पनि सहयोग गर्ने अपेक्षा गरिएको छ।

**ग) शिक्षा योजना निर्माणका आधारहरु**

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी कार्यान्वयन गर्न कानून निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

नेपालमा संघीय स्वरुपको व्यबस्थामा सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उदेश्यहरु प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेबारी निर्वाह गर्नुपर्ने देखिन्छ । राज्यले तय गरेका शिक्षाका लक्ष्य, उद्देश्य प्राप्त गर्नका लागि विभिन्न योजनाहरु कार्यान्वयनमा आएका छन् । राष्ट्रिय दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६–२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरु, १५ बर्षे दिगो विकास लक्ष्य, पन्ध्रौ आवधिक योजना, शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना (२०७८–२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरुका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्र भित्र रहेर राष्ट्रिय ध्यय, लक्ष्य, उदेश्य, प्रतिवद्धतालाई आधार मानेर स्थानीय आबश्यक्ता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आबश्यक रहेको छ । नेपालको दिर्घकालिन ध्यय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीकोको अभिप्राय, दीगो विकास लक्ष्य अनुसार सन २०३० सम्ममा नेपाललाई मध्यम आय भएको देशको रुपमा पुर्याउन सबैका लागि समावेशी तथा समतामुलक तवरले जिवन प्रयन्त सिकाइका अबसरहरु सिर्जना गरि गुणस्तरीय शिक्षा कायम गर्नु लगायतका दीर्घकालिन लक्ष्य हाँसिल गर्न पनि सबै तहका साथै मुसिकोट नगरपालिकाले आफ्नो भुमिका प्रभावकारी रुपमा निभाउन आबश्यक देखिन्छ ।

## घ) शिक्षा योजना निर्माणको प्रक्रिया

मुसिकोट नगरपालिकाको शिक्षा योजना निर्माणका लागि नगरकार्यपालिकाले आबश्यकता महशुस गरी शिक्षा योजना निर्माणको लागि नीतिगत व्यबस्था मार्फत आव ०८१।८२ को २०८१ साल साउन ८ गते नगर उप प्रमुख श्री विमल कुमार पुनको अध्यक्षतामा बसेको बैठक बाट मुसिकोट नगर शिक्षा योजना निर्माण सम्बन्धि बिभिन्न निर्णयहरु गरी शिक्षा योजना निर्माणको प्रक्रियाथालनी गरेको छ । यस अन्तर्गत शिक्षा समितिके बैठक मार्फत योजना निर्माणका लागि मुसिकोट नगरपालिका सामाजिक विकास समिति संयोजक श्री एक्क बहादुर पाण्डेको संयोजकत्वमा शि अ सं अध्यक्षहरु,शिक्षक महासंघ अध्यक्ष, शिक्षक लगायतको सदस्यता रहेको शिक्षा योजना निर्माण कार्यदल गठन भयो । कार्यदलको प्रारम्भिक बैठक तथा अभिमुखिकरण मार्फत बिभिन्न ५ वटा लेखन उपसमितिहरु गठन भयो ।लेखन उपसमितिहरुले विभिन्न सरोकारवालाहरु संगको समन्वयमा तथ्याङ्क संकलन, सल्लाह तथा सुझाव संकलन, छलफल गरी प्रारम्भिक लेखन गरियो । प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले सबै संकलन गरी योजनाको मस्यौदा निर्माण गरेको हो । तत पश्चात मस्यौदा माथि सरोकारवालाहरुको सल्लाह सुझाव प्राप्त गरी अन्तिमिकरण गरियो । उक्त योजनामा बाह्य बिज्ञ मार्फत लेखाजोखा गरी थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर मुसिकोट नगरकार्यपालिकाबाट स्वीकृत गरि कार्यान्वयनमा लिने गरी प्रक्रिया पुरा गरियो ।

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अबस्था

### क) परिचय तथा भौगोलिक अबस्थिति

ऐतिहासिक रूपमा बहादुर शाहको नायवी तथा रणबहादुर शाहको शासनकालमा बाईसे राज्यहरूः रूकुमकोट, मुसिकोट, गोतामकोट,आठविसकोट, बाँफिकोट,कोटजहारीनेपाल अधिराज्यमा गाभिएको पाइन्छ। वि.स.२०१८ सालमा देशलाई १४ अञ्चल ७५ जिल्लामा विभाजित गरिए पछि राप्ती अञ्चलको रूकुम जिल्लाको रूपमा यस जिल्लाले मान्यता पाएको अवस्थामा मुसिकोट क्षेत्र पनि यसै जिल्लामा रहन गएको थियो । त्यस बेला यस रूकुम जिल्लाको सदरमुकाम अग्ला पर्वतहरूको सानो खोचमा रहेको रूकुमकोटमा रहेको थियो । वि.स.२०३० सालमा रूकुम जिल्लाको जिल्ला सदरमुकाम जुम्लीखलंगामा सारिए पछि यस स्थानलाई मुसिकोट खलंगा भन्न थालिएको थियो । मुसिकोट नगरपालिकाको ऐतिहासिक पृष्ठभूमी मुसिकोट दरबार (मुसिकोट मन्दिरको रूपमा रहेको) सँग पनि जोडेर हेर्न सकिन्छ । मध्यकालमा मुसिकोट राज्यका कुनै राजाले मुसीनामगरेकी सुसारे पात्रलाई त्यस क्षेत्रमा बसोबास गराएसँगै यस स्थानको नाम मुसिकोट रहन गएको किम्बदन्ती समेत सुन्न पाईन्छ । हाल मुसिकोट नगरपालिकाको वडा नं.४ मा भएको मुसिकोट दरबारमा भएको मुसीको प्रतीमा रहेको कारण पनि यो स्थान उनै मुसी नामकी सुसारेको नामबाट रहन गएको अनुमान लगाउन सकिन्छ । यसका साथै तत्कालीन जुम्लाका राजा मेदिनी वर्माले आफ्ना माइला भाइ पिताम्बरलाई रूकुमको राज्य दिएकाले हालको सदरमुकाम मुसिकोट खलंगालाई त्यति बेला जुम्ली खलंगासमेत भनेर चिन्ने गरिन्थ्यो ।

नेपालको कर्णाली प्रदेश अन्तर्गत रूकुम (पश्चिम) जिल्लाको मध्ये भागमा अवस्थित मुसिकोट नगरपालिकाको पूर्वमा रूकुम (पूर्व) जिल्लाको सिस्ने गाँउपालिका , पश्चिममा सानीभेरी गाँउपालिका , उत्तरमा सानीभेरी नदी तथा सो भन्दा पारि बाँफिकोट गाँउपालिका र दक्षिणमा त्रिवेणीगाँउपालिका ले घेरिएको छ । वि.स. २०७० भन्दा अघि रूकुम खलंगा गा.वि.स. मात्र रहेको जिल्लाको सदरमुकाम वि.स.२०७० सालमा साविकको साँख तथा खलंगा गा.वि.स. लाइ गाभेर मुसिकोट नगरपालिकाको स्थापना गरिएको थियो भने वि.स. २०७४ सालको राजपत्रबाट साविकको मुसिकोट नगरपालिका (साँख र मुसिकोट गा.वि.स. सहितको), छिवाङ गा.वि.स., भलाक्चा गा.वि.स., चौखाबाङ गा.वि.स. र स्यालापाखा गा.वि.स.का २ वटा वडा (वडा नं. ३ र ४) सहित मुसिकोट नगरपालिकाको क्षेत्र निर्धारण गरिएको छ।

मुसिकोट नगरपालिकाको पूर्वमा सिस्ने र भूमे गाँउपालिका , पश्चिममा सानीभेरी गाँउपालिका , उत्तरमा बाँफीकोट गाँउपालिका र दक्षिणमा त्रिवेणीगाँउपालिका र रोल्पा जिल्ला पर्दछन् । भौगोलिक रूपमा जन्तीवस्ने लेकदेखि माछिमीज्युलाहुँदै सानीभेरी नगरपालिका को सिमानासम्म फैलिएको मुसिकोट नगरपालिकाको जम्मा क्षेत्रफल १३६.०६ वर्ग कि.मि. अर्थात १३६०० हेक्टर जमिन ओगटेको छ जुन रूकुम पश्चिम जिल्लाको जम्मा क्षेत्रफल १२१३.४९ वर्ग किमीको झण्डै २१ प्रतिशत हुन आउँछ । यो पालिका भौगोलिक हिसाबले जिल्लाका अन्य पालिका भन्दा तुलनात्मक रूपमा सुगम मानिन्छ । सडक तथा हवाई यातायातको पहुँचका कारण पनि यो पालिका सुगम रहेको छ । संघीय राजधानी काठमाडौबाट लगभग ६०० किमी उत्तर पश्चिम र कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरदेखि १७५ किमी पूर्व तर्फ रहेको छ । समुन्द्र सतहदेखि ८२० मिटरदेखि २८५० मिटर सम्मको उचाईमा रहेको मुसिकोट नगरपालिका रूकुम जिल्लाको सदरमुकाम समेत हो । यो नगरपालिका भौगोलिक रूपमा पूर्वमा २८.६३ डिग्री (२८.६३°) उत्तरी अक्षांश र ८२.४९ डिग्री (८२.४९°) पूर्वी देशान्तरमा रहेको छ ।

**ख) जनसाङ्ख्य संरचना**

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार यस मुसिकोट नगरपालिकाको जम्मा जनसंख्या३४,२७० रहेको छ भने जसमामहिलाको जनसंख्या १८,०२० ( ५२.५८ %)पुरुषको जनसंख्या १६,२५०(४७.४२%) रहेको छ। लैङ्गिकअनुपात- १.११ रहेको छ। मुसिकोट नगरपालिकाको जनघनत्व २५२ जना प्रति बर्ग किलोमिटर रहेको छ । मुसिकोट नगरपालिकामा कूल घरधुरी सङ्ख्या ८,६९३ रहेको छ भने यस नगरपालिकाको कूल साक्षरता दर-८०.६% रहेको छ । यसमा महिला साक्षरता दर- ७४.८% र पुरुष साक्षरता दर ८७.५% रहेकोछ ।

मुसिकोटनगरपालिकाको उमेरगत विवरण- राष्ट्रिय जनगणना २०७८ अनुसार तथा प्रक्षेपण

| २०७८ | | | | २०८० | | | २०८१ | | | २०८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| ०बर्ष | 578 | 301 | 277 | 598 | 311 | 287 | 605 | 315 | 290 | 612 | 318 | 293 |
| १बर्ष | 517 | 283 | 234 | 535 | 293 | 242 | 541 | 296 | 245 | 547 | 299 | 248 |
| २बर्ष | 665 | 360 | 305 | 688 | 372 | 316 | 696 | 377 | 319 | 704 | 381 | 323 |
| ३बर्ष | 704 | 387 | 317 | 728 | 400 | 328 | 737 | 405 | 332 | 745 | 409 | 335 |
| ४बर्ष | 732 | 411 | 321 | 757 | 425 | 332 | 766 | 430 | 336 | 774 | 435 | 340 |
| ५बर्ष | 705 | 388 | 317 | 729 | 401 | 328 | 738 | 406 | 332 | 746 | 411 | 335 |
| ६बर्ष | 684 | 363 | 321 | 708 | 376 | 332 | 716 | 380 | 336 | 724 | 384 | 340 |
| ७बर्ष | 703 | 358 | 345 | 727 | 370 | 357 | 735 | 375 | 361 | 744 | 379 | 365 |
| ८बर्ष | 751 | 408 | 343 | 777 | 422 | 355 | 786 | 427 | 359 | 795 | 432 | 363 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९बर्ष | 621 | 348 | 273 | 642 | 360 | 282 | 650 | 364 | 286 | 657 | 368 | 289 |
| १०बर्ष | 757 | 404 | 353 | 783 | 418 | 365 | 792 | 423 | 369 | 801 | 427 | 373 |
| ११बर्य | 694 | 342 | 352 | 718 | 354 | 364 | 726 | 358 | 368 | 734 | 362 | 372 |
| १२बर्ष | 778 | 394 | 384 | 805 | 408 | 397 | 814 | 412 | 402 | 823 | 417 | 406 |
| १३बर्ष | 767 | 375 | 392 | 793 | 388 | 406 | 802 | 392 | 410 | 812 | 397 | 415 |
| १४बर्ष | 935 | 468 | 467 | 967 | 484 | 483 | 978 | 490 | 489 | 989 | 495 | 494 |
| १५बर्ष | 849 | 415 | 434 | 878 | 429 | 449 | 888 | 434 | 454 | 898 | 439 | 459 |
| १६बर्ष | 831 | 412 | 419 | 860 | 426 | 433 | 869 | 431 | 438 | 879 | 436 | 443 |

**श्रोतः राष्ट्रिय जनगणना २०७८ र शिक्षा तथा मानव श्रोत विकास केन्द्र प्रक्षेपण**

नेपालको जनगणना २०७८ बमोजिम मुसिकोट नगरपालिकाको वडागत जनसंख्या विवरणतपसिल बमोजिम रहेकोछ।

| वडा | पूरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ३५९८ | ३९१६ | ७५१४ |
| २ | ८९५ | ९७७ | १८७२ |
| ३ | ५५८ | ५९४ | ११५२ |
| ४ | १२१३ | १३४१ | २५५४ |
| ५ | १६४४ | ११७० | २८१४ |
| ६ | ६५९ | ७२६ | १३८५ |
| ७ | १३१४ | १५५२ | २८६६ |
| ८ | ६९८ | ७४४ | १४४२ |
| ९ | ८०२ | ८७७ | १६७९ |
| १० | ६८१ | ७५० | १४३१ |
| ११ | ११६३ | १३९५ | २५५८ |
| १२ | ७२० | ८१७ | १५३७ |
| १३ | १११८ | १२५२ | २३७० |

| | | | |
|---|---|---|---|
| १४ | ११८७ | १३०९ | २४९६ |
| **जम्मा** | १६२५० | १७४२० | ३३६७० |

**श्रोतः राष्ट्रिय जनगणना २०७८**

नेपालको जनगणना २०७८ अनुसार मुसिकोट नगरपालिकाको अपाङ्गहरुको समूहगत विवरण तपसिल बमोजिम रहेकोछ।

यस मुसिकोट नगरपालिकामा अपाङ्गता भएका जनसङ्ख्याको राष्ट्रिय जनगनणा २०७८ अनुसार अपाङ्गता भएका जनसंख्याको प्रतिशत- २.५% जसमा अपाङ्गता भएका महिलाहरुको प्रतिशत- २.३% र अपाङ्गता भएका पुरुषहरुको प्रतिशत- २.८ % रहेको छ । विधालय तहमा अपाङ्गता भएका बालबालिका जम्मा ५९ जना अध्ययनरत रहेका छन जसमा छात्र ३५ जना र छात्रा २४ जना रहेका छन ।

**ग) सामाजिक तथा सांस्कृतिक अबस्था**

मुसिकोट नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था अन्तर्गत जनसंख्या, बसाँइसराइँ, जातजाति, भाषाभाषी, चाडपर्व, धर्म, संस्कृति सम्बन्धि विवरण समावेश गरिएको छ ।मुसिकोट नगरपालिकामा सबै प्रकारका जातजातिहरूको बसोबास रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकामा जातीय आधारमा सबैभन्दा बढी ब्राहमन ६३.६ प्रतिशत, जनजाति १७.५ प्रतिशत, दलित १६.५ प्रतिशत, , नेवारी २.५ प्रतिशत र अन्य २.१ प्रतिशत जनसंख्या रहेको छ । यस नगरपालिकामा बसोवास गर्ने समुदायहरू बहुभाषिक र बहुजातीय भएको हुँदा भाषिक, जातिगत र धार्मिक विविधता समेत रहेको छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकामा हिन्दु, बौद्ध, क्रिश्चयन, मुस्लिम आदि धर्मावालम्बीहरूको बसोबास रहेको पाइन्छ । यी मध्ये सबैभन्दा बढी हिन्दु ९८.३ प्रतिशत, बौद्ध ०.२ प्रतिशत, क्रिश्चयन १.४ प्रतिशत र अन्य ०.१ प्रतिशत धर्मावलम्बीहरू रहेका छन् । धार्मिक विविधतामा आपसी सहिष्णुताका साथ जीवन निर्वाह गर्नु यस पालिकाको धार्मिक विशेषता हो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मुसिकोट नगरपालिकामा सरदर परिवारको आकार ३.९४ रहेको छ । नगरपालिकामा आर्थिक रूपमा सक्रिय जनसंख्या ७१.९ प्रतिशत रहेको देखिन्छ । यी आर्थिक रूपमा सक्रिय जनसंख्या मध्ये ८४.२ प्रतिशत रोजगार र १५.८ प्रतिशत बेरोजगार रहेको देखिन्छ । पेशाको आधारमा करिब ६२ प्रतिशत जनसंख्या कृषि पेशामा आबद्ध रहेको छ । त्यसैगरी रोजगारीको प्रमुख क्षेत्रहरूमा करिब ६ प्रतिशत सरकारी, २५.१ प्रतिशत अन्य संगठित संघसंस्थामा कार्यरत छन् भने ६८.८ प्रतिशत घरायसी काममा संलग्न रहेका छन् ।लैगिंक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले लैगिंकमैत्री मुसिकोट नगरपालिका निर्माणका

लागि नगरपालिकाका विभिन्न कार्यक्रमहरू मार्फत प्रयास गरिरहेको देखिन्छ । पालिकाले जेष्ठ नागरिक सम्मान कार्यक्रम, बालबालिकाहरूको क्षमता विकास तालिम, महिला सशक्तिकरण तालिम, महिलाहरूको लागी सिप विकास तालिम, सासुबुहारी अन्तरक्रिया कार्यक्रम, किशोर तथा अभिभावक विच बालबिवाह, लैंगिक हिंसा तथा सामाजिक गलत अभ्यास सम्बन्धि अभिमुखीकरण, नेतृत्व तथा संस्थागत विकास तालिम, लैंगिक हिंसा निवारणमा न्यायिक समितिको क्षमता विकास तालिम आदि विभिन्न प्रकारका कार्यक्रमहरू गरिरहेको छ ।रूकुम पश्चिम जिल्लाको सदरमुकाम भएका कारण पनि मुसिकोट नगरपालिकाको मुख्य बजार क्षेत्र मध्य पहाडी लोकमार्ग,सुविधायुक्त स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षाको भरपर्दो व्यवस्था, हवाइ यातायातको सुविधा, व्यापार व्यवसाय आदि कारणले विभिन्न स्थानबाट मानिसहरू यस पालिकामा बसाइँसराइ गरी आउने गरेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार, मुसिकोट नगरपालिकामा जम्मा १६ प्रतिशत जनसंख्या अन्य स्थानमा बसाइँसराइ गरी गएको देखिन्छ। मुसिकोट नगरपालिकाका युवा जनशक्तिको सोचमा आएको परिवर्तन, अस्वस्थ आर्थिक प्रतिष्पर्धा, गुणस्तरीय जीवन निर्वाहका लागि आवश्यक रोजगारीको अभाव, सीप, क्षमता र दक्षता अनुसारको रोजगारीको अभाव, युवा मानसिकतामा बढेको वैदेशिक रोजगारी प्रतिको मोहका कारण युवा शक्ति वैदेशिक रोजगारीमा जाने चलन रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मुसिकोट नगरपालिका भित्र करिब १३.१ प्रतिशत व्यक्ति रोजगारीका लागि नेपालको विभिन्न स्थानमा कार्यरत रहेका छन् भने करिब १९.४ प्रतिशत व्यक्ति विभिन्न देशमा वैदेशिक रोजगारीका सिलसिलामा कार्यरत रहेका छन् । लैगिंक आधारमा हेर्दा ८३.६ प्रतिशत पुरूष र १६.४ प्रतिशत महिला वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न देशमा कार्यरत छन् ।

मुसिकोट नगरपालिका चाडपर्व स्थानीय मेला तथा जात्राका दृष्टिकोणले सुसम्पन्न रहेको छ । जसमा मुख्यगरी दशैं, तिहार, माघे संक्रान्ति, चैत्र दशै, असारे संक्रान्ति, श्रीकृष्ण जन्माष्टमी, हरितालिका तीज, साउने संक्रान्ति, जनै पूर्णिमा, शिवरात्री, नाग पञ्चमी, श्रीपञ्चमी, फागु पूर्णिमा आदि रहेका छन् । यस पालिकाका मुख्य मेला तथा पर्वहरूमा डिग्रे साइकुमारी मेला, पाँच पूर्णिमा, काँसपोखरी मेला, पापीनी मेला, देउसी भैलो पर्व, आदि मेला तथा पर्वहरू हुन् ।सिगाँरू, पैसेरी, तीज, देउसी, टप्पा, झ्याउरे आदि नाच विशेष पर्व तथा उत्सबमा मनोरञ्जनका लागि नाचिन्छ । मादल, पञ्चेबाजा, बाँसुरी, तथा अन्य बाजागाजाहरू बजाएर मनोरञ्जन गर्नुका साथै (गरूवा) मयुर नाँचले समेत मनोरञ्जन गर्ने गरिन्छ ।

मुसिकोट नगरपालिकामा जातीय विविधता भए पनि भाषा तथा पहिरणमा तात्विक भिन्नता पाइदैन । बाहुन, क्षेत्री, योगी, पुरी, सन्यासी, दलित र ठकुरीको भाषा तथा पहिरणमा

एकरूपता रहेको छ । नगरपालिका भित्र बसोबास गर्ने मानिसमा जातजातिगत भिन्नता पाइएपनि कुनै खास जातजातिले मातृ भाषाका रुपमा नेपाली (९९.२ प्रतिशत) बाहेक अन्य कुनै भाषाको प्रयोग गरेको पाइदैन ।

घ) आर्थिक अबस्था

मुसिकोट नगरपालिकाको आर्थिक अवस्थाको मुख्य मेरूदण्डका रूपमा कृषि व्यवसाय रहेको छ । तथापि अधिकांश कृषकहरू निर्वाहमुखी कृषिमा निर्भर रहेका छन्। यस पालिकाको कृषिलाई व्यावसायिक र आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने देखिन्छ । कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमुखी बनाउन सकेमा आर्थिक समृद्धिका आधारहरू तय हुने, स्वदेशमै रोजगारीको सृजना हुने र पालिकाले आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । तल्लो तटीय तथा मध्य पहाडी क्षेत्रमा उत्पादन गर्न सकिने तरकारी, फलफूल, खाद्यान्न, दलहन तथा नगदे बाली र पशुपंक्षीजन्य उद्यमहरू संचालन गर्नका लागि उपयुक्त भौगोलिक बनावट रहेको पाइन्छ ।
ऐतिहासिक, धार्मिक, प्राकृतिक ताल, तलैया, झरणा, उच्च पहाडी घाँसे मैदान, तटीय क्षेत्र नगरपालिकाको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याएकाछन्। नागबेली झै स्वस्च्छ सफा, कञ्चन पानी बग्ने सानी भेरी नदी र त्यसका सहायक नदी तथा खोलाहरूको जल उपयोग गरी सिंचाइ, जलविहार, जलविद्युत् जस्ता क्षेत्रमा दिगो उपयोग गर्न सके पालिकाको आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । जन्ती बस्ने लेक, साँख दह, डिग्रे साइकुमारी मन्दिर जस्ता पर्यापर्यटनका क्षेत्रहरूको संरक्षण, प्रवर्धन र प्रचार प्रचार गरी पर्यटकका लागि आकर्षकको केन्द्र बनाउन सकिने देखिन्छ । प्राकृतिक, सामाजिक, सांस्कृतिक र पर्यटन क्षेत्रको विकास र विस्तार गर्न सके पालिका भित्रै रोजगारीको सृजना हुनुको साथै समृद्धिका आधारहरू निर्माण हुन सक्ने देखिन्छ । ठुला तथा साना र परम्परागत घरेलु उद्योग जस्तै ग्रिल उद्योग, मिनिरल वाटर उद्योग, मोटरसाइकल ग्यारेज, जिप ग्यारेज, पेट्रोल पम्पहरु,ट्यक्टर मर्मत ग्यारेज, छापाखानाहरु,होटेल ब्यबसाय तथा विभिन्न खालका थोक तथा फुटकर पसलहरु संचालन तथा व्यवस्थापन गरी पालिकाको आर्थिक क्रियाकलाप संचालन गर्न मध्य पहाडी लोकमार्ग र राप्ती राजमार्गले यस पालिकालाई राष्ट्रिय सञ्जालमा जोडी व्यापार व्यावसायको ढोका खोलेको छ ।

ङ) शैक्षिक अबस्था

मुसिकोट नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्या ३४,२७० को २७,६२१ अर्थात ८०.६ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ । यसमध्ये पुरूष साक्षरता दर ८७.५ प्रतिशत र महिला साक्षरता दर ७४.८ प्रतिशत

रहेको छ । मुसिकोट नरपालिकाका विद्यालयहरूको तथ्याङ्कनगरपालिका प्रोफाइल २०८१ को पाश्र्वचित्र अनुसार मुसिकोट नगरपालिकाभित्र २ वटा क्याम्पस, ५६ वटा प्रारम्भिक बाल विकास केन्द्रमा ५५ वटा विद्यालयमा आधारीत छन भने १ वटा समुदायमा आधारीत बालविकास र शिक्षा केन्द्र रहेको छ। यस नगरपालिकामा ६ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् भने सामादायिक संस्थगत विद्यालयहरुको विवरण निम्नानुसार रहेको छ।

| क्र सं | सञ्चालित कक्षा | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा विद्यालय सङ्ख्या |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ५६ | ११ | ६७ |
| २ | कक्षा १ –५ | ३१ | ५ | ३६ |
| ३ | कक्षा १– ८ | ८ | ३ | ११ |
| ४ | कक्षा १-१० | ७ | १ | ८ |
| ५ | कक्षा १-१२ | ९ | २ | ११ |
| | जम्मा | ५५ | ११ | ६६ |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम**

मुसिकोट नगरपालिका भित्रका विद्यालयमा आधारीत श्रोत कक्षाहरुको संख्या ३ रहेको छ।

| क्रसं | विद्यालय | विद्यालयमा अध्यनरत विद्यार्थी विवरण | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १ | सामुदायिक | ४११७ | ४१०९ | ८२२६ |
| २ | संस्थागत | २३९२ | १५७८ | ३९७० |
| | जम्मा | ६५०९ | ५६८७ | १२१९६ |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम**

माथीको तथ्याङ्कलाई तहगत रुपमा विश्लेषन गर्री निम्नानुसार देखाउन सकिन्छ।

**शैक्षिक सत्र २०८१**

| तह | सामुदायिक तर्फ | | | संस्थागत तर्फ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| प्रारम्भिक बालबिकास तह | ४२९ | ४८६ | ९१५ | ५६४ | ८३७ | १४०१ | २३१६ |
| आधारभूत तह कक्षा (१-५) | २३४१ | २८१२ | ५१५३ | ७३५ | १०३६ | १७७१ | ६९२४ |
| आधारभूत तह कक्षा(६- ८) | १०८४ | १०५५ | २१३९ | १८३ | २३९ | ४२२ | २५६१ |
| माध्यामिक तह(९-१०) | ७६८ | ७९७ | १५६५ | ६६ | १०५ | १७१ | १७३६ |
| माध्यामिक तह(११-१२) | २३० | ४७० | ७०० | १०० | १७५ | २७५ | ९७५ |
| श्रोत कक्षामा अध्ययनरत विद्यार्थीहरु | २२ | २० | ४२ | | | | |
| जम्मा | ४८७४ | ५६४० | १०५१४ | १६४८ | २३९२ | ४०४० | १४५१२ |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम**

यसरी हेर्दा विद्यालय प्रवेश गरेका बालबालिकालाई माध्यमिक तहसम्मको अध्ययन गर्ने गराउने कुराका लागि पालिकाले विशेष कार्यक्रम संचालन गनुपर्ने सरोकारवालाहरूको सुझाव रहेको छ ।आधारभुत तह पुरा गरेका बालबालिकाहरु माध्यमिक तह पुरा गर्न अन्यत्र जाने वा बिचैमा कक्षा छोड्ने कारणले गर्दा पनि माध्यमकि तहमा बालबालिका कम देखिएका छन ।

मुसिकोट नगरपालिका भित्र विभिन्न कारणले गर्दा विद्यालयमा गइ औपचारीक रुपमा शिक्षा लिन नसकेका विद्यार्थीहरुको संख्या १५ जना रहेको छ।

**जातिगत रुपमा बिद्यार्थी संख्या**

| तह | दलित | जनजाती |
|---|---|---|

| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालबिकास तह | ६१ | ६९ | १३० | ४५ | ५१ | ९६ |
| आधारभूत तह कक्षा (१ - ५) | ४०५ | ३८७ | ७९२ | २७५ | २९४ | ५६९ |
| आधारभूत तह कक्षा(६- ८) | २३६ | २४० | ४७६ | २०६ | २११ | ४१७ |
| माध्यामिक तह (९ - १०) | १८४ | १९० | ३७४ | १५२ | १८५ | ३३७ |
| माध्यामिक तह (११ - १२) | १३३ | ९० | २२३ | १६२ | १३० | २९२ |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

**सामुदायिक बिद्यालयमा शिक्षक संख्या**

मुसिकोट नगरपालिकाकामा सामुदायिक विद्यालयमा विभिन्न श्रोतबाट गरी प्रारम्भिक बालबिकास शिक्षा केन्द्रमा५५ जना , आधारभूत तह कक्षा ५ सम्ममा जम्मा २९७ जना, आधारभूत तह ६ देखि ८ सम्ममा जम्मा ८० जना, मावि तह ९ र १० मा जम्मा ५१ जना तथा मावि तह ११ र १२ मा जम्मा ११ जना साथै प्राविधिक धारमा ६ जना प्रशिक्षक रहेका छन ।

शिक्षा शाखा मुसिकोटको तथ्याङ्क अनुसार यसपालिकामा रहेकाशिक्षकहरुको विवरण यस प्रकार रहेको छ ।

| तह | जम्मा शिक्षक | महिला | पुरुष | पालिका अनुदान | संघिय अनुदान | राहत | स्थायी | करार |
|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | ५६ | ५६ | ० | ० | ० | | ० | ५६ |
| आधारभुत तह कक्षा १ देखि ५ | २१७ | ९८ | १२० | ५६ | ० | ३७ | १२५ | |
| आधारभुत तह कक्षा ६देखि ८ | ८० | १० | ७० | १९ | ५ | २२ | ३४ | |
| माध्यमिक तह कक्षा ९ र १० | ५१ | ६ | ४५ | ९ | १९ | ६ | १७ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक तह कक्षा ११ र १२ | ११ | ० | ११ | | ७ | | ४ | |
| श्रोत शिक्षक | ३ | ० | ३ | | | | | |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम

**बिभन्न सुचक र अबस्था**

| तह | शिक्षक बिधार्थि अनुपात | लैङ्गिक समता सुचक | कुल भर्ना दर | खुद भर्ना दर |
|---|---|---|---|---|
| प्रारम्भिक बालबिकास तह | १:१७ | ०.८८ | ९६.४ | ६८ |
| आधारभूत तह कक्षा (१ – ५) | १:२४ | ०.८३ | १२३.९ | ९५.६ |
| आधारभूत तह कक्षा (६ – ८) | १:२७ | १.०३ | १२३.१ | ९६.५ |
| कक्षा (१– ८) | १:२५ | ०.८८ | १२३.६ | ९५.९ |
| माध्यामिक तह (९ – १०) | १:३१ | ०.४६ | १०४.४ | ८०.२ |
| माध्यामिक तह (११ – १२) | १:६४ | ०.४६ | ८७.४ | ५२.१ |
| माध्यामिक तह (०९–१२) | १:३७ | ०.७९ | ९६ | ६६.२ |
| कक्षा १ को खुद प्रवेश दर | १२४.३ | | | |
| कक्षा १ को कुल प्रवेश दर | | | ९६ | |
| श्रोत कक्षा | १:१४ | | | |

श्रोतः इमिस २०८०।८१ तथाशिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

**कक्षा उतिर्ण, कक्षा छोड्ने र दोहोराउने दर**

| तह | कक्षा उतिर्ण | कक्षा छोड्ने | कक्षा दोहोराउने |
|---|---|---|---|
| आधारभूत तह कक्षा (१ – ५) | ८५.९ | ४.२ | ५.४ |
| आधारभूत तह कक्षा (६ – ८) | ९१.६ | २.७ | २.३ |
| कक्षा (१– ८) | | | |
| माध्यामिक तह (९ – १०) | ९५.३ | १.९ | ०.७ |
| माध्यामिक तह (११ – १२) | ९५.६ | ०.८ | ०.३ |
| माध्यामिक तह (०९– १२) | ९५.६ | ०.८ | ०.३ |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

समग्रमा मुसिकोट नगरपालिकाको शैक्षिक सुधारका लागि विभिन्न प्रयासहरु भएका छन र शैक्षिक अबस्था हाल सुधारउन्मुख देखिएको छ । माध्यमिक तहमा बिद्यार्थी संख्या न्यून हुँदै गएकोले यसमा थप अध्यन आबश्यक देखिन्छ । १२ कक्षाको अध्ययन गरेपछि उच्च शिक्षा पढ्ने विद्यार्थीहरुको दर न्युन रहेको छ । यसै गरी कक्षा ८ सम्मको टिकाउ दर ८७.४ प्रतिशत रहेको छ ।

मुसिकोट नगरपालिकाको विभिन्न तहमा शैक्षिक सत्र २०८० को बार्षिक हाजिर र औषत ग्रेड निम्नानुसार रहेको छ

| कक्षा | बार्षिक औषत हाजिर | प्राप्त ग्रेड (नतिजा) |
|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | १५४ | |
| १ | १७६ | २.७५ |
| २ | १७२ | २.८२ |
| ३ | १६७ | २.७८ |
| ४ | १४१ | २.४० |
| ५ | १४३ | २.५३ |
| ६ | १७७ | २.५३ |
| ७ | १७८ | २.४० |

| | | |
|---|---|---|
| ८ | १६८ | २.५६ |
| ९ | १४८ | २.७३ |
| १० | १५२ | |
| ११ | ११२ | |
| १२ | १२४ | |
| श्रोत कक्षा | १६७ | |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

## १.२ मुख्य समस्या तथा चुनौतीहरु

### क) समस्याहरुतथा चुनौतीहरु

शिक्षा क्षेत्रको विकासर रुपान्तरणका लागि मुसिकोट नगरपालिकाले पनि हरेक बर्षहरुमा शिक्षाका विभिन्न उद्देश्य तथा लक्ष्यहरु निर्धारण गरेर अगाडी बढेको भएता पनि र शिक्षा क्षेत्रको विकासलाई नीतिगत रुपमा पहिलो प्राथमिक्तामा राखेको भएता पनि शिक्षाकाकार्यक्रमहरु तथा श्रोत व्यबस्थापन सोही बमोजिम गर्न नसकेको बस्था छ ।मुसिकोट नगरपालिकाको शिक्षा समिति, वडाशिक्षा समिति, शिक्षा शाखामा कर्मचारी थप लगायतको क्षमता विकास तथा परिचालनमा उल्लेख्य रुपमा कार्य गर्न पर्ने आबश्यकतादेखिन्छ । यस मुसिकोट नगरपालिकामा अरु क्षेत्रहरुमा भएका विविध समस्याहरु झैं शिक्षा क्षेत्रमा पनि विविध समस्या र चुनौतिहरुबाट जकेडी रहेको छ।ती केही मुख्य समस्याहरु तपसिल बमोजिम रहेका छन्।

- संवैधानिक अधिकारको प्रयोग गरी शैक्षिक क्षेत्रको विकासका लागि गुरू योजना नबन्नु, गुणस्तर सुधारका लागि सम्भाव्यता अध्ययन नहुनु, प्राप्त अधिकार बमोजिमका जिम्मेवारी कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोत साधनको अभाव हुनु,
- तुलनात्मक रूपमा भौतिक पूर्वाधार भएपनि गुणस्तरीय सिकाइका लागि आवश्यक प्रविधिमैत्री भौतिक पूर्वाधारको अभाव हुनु, विज्ञान प्रयोगशाला नहुनु, बालबालिका मैत्री पूर्वाधार नहुनु,
- बहु प्राविधिक शिक्षालयको अभावका कारण प्राविधिक शिक्षा विकास चुनौतीको रूपमा रहेको छ ।पालिका भित्रका विद्यालयमा विद्यालय छाड्ने दरमा अपेक्षित सुधार नहुनु, दलित तथा न्यून आय भएका परिवारका बालबालिकाहरूको भर्नादरमा कम हुनु, विद्यालयहरू आर्थिक रूपले सबल हुन नसक्नु, विषयगत शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनीतिकरण हुनु, शिक्षण पेशाप्रति प्रतिवद्धताको कमी, आधुनिक प्रविधिको प्रयोग नहुनु जस्ता समस्याहरू विद्यमान छन् ।
- शिक्षाको गुणस्तर सुधारका लागि विषयगत दरबन्दी मिलान, विद्यालय समायोजन, पाठयोजना सहितको शिक्षणमा जोडर प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिन नसक्नु,

- शारीरिक, मानसिक तथा समवेगात्मक रूपमा समस्यामा परेका बालबालिकाहरूका लागि विद्यालय पहुँच सहज नहुनु, बालमैत्री वातावरणको अभावमा पठनपाठन सञ्चालन हुनु,
- शैक्षिक उपलब्धि न्युन हुनु, विद्यार्थीहरुको सिकाइ निरन्तरता दर र उपस्थिति दरमा कमी हनु तथा कक्षा छोड्ने दर उच्च रहनु।
- बिभिन्न तहमा शिक्षक बिद्यार्थी अनुपात औषतमा राम्रो भएता पनि कक्षागत रुपमा शिक्षक न्यून हुन ।
- शैक्षिक जनशक्तिहरुमा पेशा प्रतिको लगावमा कमी, उत्तरदायित्व र उत्प्रेरणामा कमी हुनु।
- सबै बिद्यालयहरुमा विज्ञान प्रयोगशाला तथा पुस्तकालयको व्यवस्थापन हुन नसक्नु।
- बालमैत्री तथा अपांगमैत्री सुविधायुक्त कक्षाकोठा,शौचालयको सुविधा, व्यवस्थित स्वच्छ खानेपानी, सुरक्षित खेलमैदान र व्यवस्थित घेरावारको  कमी हुनु।
- विद्युतीय हाजिरी र इन्टरनेट सुविधाको प्रभावकारी व्यवस्थापन र प्रयोग नहुनु ।
- खेलकुद सिकाइ सामग्री र शिक्षकहरु तथा बालविकास सहजकर्ताहरुको लागि तालिमको कमी हुनु।
- विद्यालय नक्शाकंन नहुनु तथा बिद्यालय मर्ज तथा समायोजन तथा ग्रेड घटाउने थप गर्ने जस्ता कार्य प्रभावकारी नहुनु ।
- अभिभावक शिक्षाको अभ्यासको कमी; स्थानीय समुदायको निजी विद्यालय प्रति मोह बढ्नु;सामुदायिक शिक्षामा आकर्षणको कमी हुनु।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक समितिको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने एजेन्डा सहितको बैठकको निरन्तरतामा कमी हुनु।
- वैकल्पिक सिकाइ प्रणालीको विस्तारमा कमी हुनु तथा सामुदायिक सिकाइ केन्द्रहरु उद्देश्य अनुरुप सञ्चालन हुन नसक्नु।
- विद्यालयको शैक्षिक अभिलेख व्यवस्थापन पाटो कमजोर हुनु र संस्थागत क्षमता विकास प्रभावकारी नहुनु।
- माध्यमिक तथा उच्च शिक्षा उत्पादनमुखी, अनुसन्धानमूलक र व्यवहारिक हुन नसक्नु तथा व्यवस्थापकिय कौशलतामा कमी हुनु।
- शिक्षक पेशागत सहयोग र क्षमता विकास साथै सिकाइ आदान प्रदानका कार्यक्रमहरु न्यून हुनु ।
- विद्यालयहरुमा मापदण्ड बमोजिमको न्यूनतम र सुरक्षित भौतिकसंरचनाहरुको बिकास समान तवरले हुन नसक्नु र यसको प्रभावकारी व्यबस्थापन गर्न नसक्नु पनि समस्याको रुपमादेखिन्छ ।
- नगरपालिकाको नगर शिक्षा ऐन र नियमहरु, योजनाहरु, कार्यविधीहरुको निर्माण तथा कार्यान्वयन प्रभावकारीरुपमा हुन नसक्नु ।

- विद्यालयमा सुशासनकालागि आबश्यक आर्थिक पारदर्शिता, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, लेखा परीक्षण, बिद्यार्थी अभिभावक भेलाजस्ता कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।
- विद्यालयले निर्माण गर्ने विधालय सुधार योजना सहभागितामुलक नहुनु र सोही अनुसार कार्यान्वयन गर्न नसक्नु,
- प्रधानाध्यापक नियुक्तिका लागि स्थानीय तहले कार्यविधी र मापदण्ड स्पष्ठ गर्न नसक्नु, प्र.अ. को क्षमताविकास र प्रशासनिक दक्षतामा कार्य गर्न नसक्नु,
- सुचना प्रविधिको प्रभावकारी उपयोग गर्नपर्ने अबस्थामा पनि समयसुहाउदो सूचना प्रविधिको व्यबस्थापन र प्रयोग गर्ने गराउने वातावरणको सृजना गर्न नसक्नु,
- पालिकामा शिक्षामा काम गर्ने आबश्यकता अनुसारको जनशक्ति अभाव हुनु ।
- विद्यालयमा अतिरिक्तक्रियाकलापहरु जस्तै खेलकुद मनोरञ्जन तथा सृजनात्मक क्रियाकलापका लागि न्यूनतम सामाग्रीहरु उपलब्ध नहुनु र विद्यालयले पनि यस्ता क्रियाकलापहरु प्रभावकारी रुपमा लागु गर्न नसक्नु,
- विद्यालयमा सुरक्षित घेरावार, शुद्ध पिउनेपानी, सफा र वालमैत्री शौचालय, सरसफाइ तथा वातावरणीय अबस्थाहरुमा उल्लेख्य सुधार ल्याउन नसक्नु, व्यबहारीक र सीपमुलक तथा जीवनप्रयन्त शिक्षण सिकाइका अभ्यासहरुमा तिब्रता दिन नसक्नु ।
- कक्षाकोठा व्यवस्थापनको प्रभावकारीतामा कमी, विधालयमा प्राथमिक उपचार कक्ष र प्राथमिक उपचारको प्रवन्ध नहुनु, सबै बिद्यालयमा प्रारम्भिक वालविकार र शिक्षा केन्द्रहरु नहुनु जस्ता समस्याहरु रहेकाछन ।
- नियमितस्वास्थ्य परीक्षणको अभाव, अपाङ्गतामैत्री संरचना नहुनु, पोषण तथा दिवा खाजा व्यवस्थापन प्रभावकारी बनाउन नसकन्नु, अभिभावक शिक्षामा कमी , हरित विधालय अवधारणा लागु नहुनु जस्ता समस्याहरु रहेका छन ।

**ख) अवसरहरु**

- स्थानीय सरकारको अभ्यास गरेसँगै शिक्षाले व्यावहारिक, जीवनउपयोगी, सीपमूलक, प्रतिस्पर्धी र समसामयिक चुनौतीको सामना गर्नसक्ने जनशक्ति उत्पादन गर्नका लागि संवैधानिक अधिकार क्षेत्रभित्र रही विभिन्न नीतिगत र आर्थिक कार्यक्रमको व्यवस्था गर्न सक्ने अधिकार नेपालको संविधान २०७२ ले गरेको छ ।
- शिक्षा क्षेत्रको विकासका लागि आवश्यक पर्ने आधुनिक भौतिक पूर्वाधारको विकास अधिकांश विद्यालयमा भएकाले शैक्षिक क्षेत्रको विकासका लागि योजनावद्ध कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक आधार तयार भएको छ ।
- पालिका भित्र भर्ना भएका कुल विद्यार्थी संख्या र शिक्षक संख्याको अनुपातलाई विश्लेषण गर्दा सामुदायिक बिद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात १ :२५ भएकाले शिक्षक संख्या पर्याप्त रहेको र यो जनशक्तिलाई शैक्षिक गुणस्तर विकासका लागि प्रभावकारी रूपमा परिचालन गर्न सकेमा पालिकाको शैक्षिक क्षेत्रको विकास हुने सम्भावना रहेको छ ।

- पालिका भित्रका विद्यालयको संख्या र पालिका भित्रका विद्यालय जाने उमेर समूहका बालबालिकाको जनसंख्यालाई विश्लेषण गर्दा विद्यालयको संख्या सरदर पालिकाको आवश्यकतालाई परिपूर्ति गर्न सक्ने रहेकाले यी विद्यालयमा आधुनिक शैक्षिक प्रविधिः कम्प्युटर ल्याव र विज्ञान प्रयोगशाला, ई–लाईब्रेरी तथा सुचना प्रविधिको व्यवस्था गर्न सकेमा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सक्ने सम्भावना रहेको छ।
- स्थानीय तहले संविधानले प्रदान गरेका अकार अनुसार आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुनु तथा माध्यमिक तहको शिक्षा निःशुल्क हुनु साथै माध्यमिक तह सम्मको शिक्षा स्थानीय सरकारको एकल अधिकार क्षेत्रको रुपमा रहनु र कार्यान्वयनमा आउनु अवसरको रुपमा रहेको छ ।
- शिक्षामा पहुँच बढाउन दिवा खाजा, अपाङ्गता भएकाहरुको लागि अपाङ्गता अनुसारको छात्रवृतिको व्यवस्था हुनु, छात्रा छात्रवृति, लैगिंकमेत्री तथा अपाङ्गतामैत्री शौचालयको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन हुनु पनि अवसरको रुपमा रहेको छ ।
- औषतमा सबै शिक्षकहरुले विभिन्न किसिमका तालिम प्राप्त गरेको र न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेकाले पनि अवसरको रुपमा रहेको छ।
- नगरपालिकाले पालिका अनुदान मार्फत शिक्षक व्यबवस्थापन तथा प्रारम्भिक बालविकास शिक्षकलाई थप रु ७००० का दरले प्रोत्साहन सेवा उपलब्ध गराएको ।
- भादि्तक पुर्वाधारमा अधिकांश बिद्यालयहरुमा न्यूनतम सुविधा पुगेकाले सुधार गरेन सहज देखिन्छ ।
- स्थानीय पाठ्यक्रमको निर्माण भै प्रयोगमा आइरहेको तथा कक्षा ८ सम्मको पाठ्यपुस्तक निर्माण भएको र कार्यान्वयनको अबस्थामा रहेको ।
- सबै विद्यालयहरुमा बालक्लव, वि.व्य.स. र शि.अ.संघ गठन भएको।
- सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण भैं अद्यावधिक भएको।
- सबै विद्यालयहरुमा बालक्लव गठन भएको र सबै वडामा बाल संजाल गठन भएको।
- माध्यमिक विद्यालयहरुमा अतिरिक्त कक्षाहरु सञ्चालन भैरहेको।
- बालबालिकाहरुलाई समयअनुसार जुकाको औषधि र किशोरीहरुलाई स्यानटरी प्याड तथा आइरन चक्की वितरण भैरहेको।

## परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीत तथा लक्ष्य निर्धारण

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माणका आधारहरु

नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहलाई माध्यमिक तह सम्म्को शिक्षाको एकल अधिकार प्रदान गरेको सम्बन्धमा तथा शिक्षाका अधिकारहरु प्रत्यायोजन गरेको सन्दर्भमा स्थानीय तहले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन र कार्यान्वनका गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्दछ । नेपालको संविधान २०७२ को धारा ३१ बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक

अन्तर्गत प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा अनिवार्य तथा निशूल्क र माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हकको व्यबस्था भएको छ । यसका अलवा अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशूल्क उच्च शिक्षा पाउने हक र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषमा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हकको व्यबस्था गरेको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि प्रारम्भिक वाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिकनिरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने अधिकार प्रदान गरेको छ । सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन,मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती, अनुगमन र नियमन, गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन, गाउँ तथा नगर शिक्षा समिति गठन र व्यवस्थापन,विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण,सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण जस्ता अधिकारहरु प्रदान गरेको छ । यसका अलवा राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ , दिगो विकास लक्ष्य , १० बर्षे बिद्यालय शिक्षा क्षेत्र योजनाको तथा मुसिकोट नगरपालिकाको ५ बर्षे आबधिक योजना २०८०।८१ तथा शिक्षा नीतिको आधारमा, र मुसिकोट नगरपालिकाको शिक्षा क्षेत्रका प्राथमिकताहरु, बार्षिक नीतिहरुका आधारमा यो शिक्षा योजना निर्माण गरिएको छ ।

## २.२ दूरदृष्टि

"मुसिकोट नगरपालिकाको समृद्धिको आधार : जीवनपयोगी र प्रतिष्पर्धी जनशक्ति उत्पादनका लागि समतामुलक,सर्वसुलभ, प्रविधियुक्त,र गुणस्तरीय शैक्षिक पुर्वाधार"

## २.३ लक्ष्य

समता र सर्वशुलभ जीवनउपयोगी शिक्षा, गुणस्तरीय शैक्षिक पूर्वाधार तथाप्रविधिमैत्री र उत्पादनमूखी शिक्षाको माध्यमलेसक्षम र प्रतिष्पर्धी जनशक्ति निमार्णको सुनिश्चतता गर्ने ।

## २.४ उद्देश्य

शैक्षिक योजनाको प्रभावकारी कार्यन्वयनको माध्यमबाट समता सहितको सर्वसुलभ, जीवनपयोगी र प्रविधिमैत्री तथा उत्पादनमूखी गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु यस शिक्षा योजनाको प्रमुख उदेश्य रहेको छ

- मुसिकोट नगरपालिकामा भएका सबै बालबालिकालाई बिद्यालय शिक्षामा सरर्वशुलभ र समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
- नगरपालिका अन्तर्गतका सबै वर्ग तथा क्षमताका बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सुनिश्चित गर्नु,
- विद्यालय उमेर समूहका बालबालिकाको आधारभूत तथा माध्यमिक तहको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु,
- शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाइ बालबालिकाको सिकाइलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी बनाउनु,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोडदिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु,
- शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण अनुकुल, सुरक्षितर प्रविधिमैत्री बनाउनु रगुणस्तरीय शिक्षाका लागि योग्य, दक्ष र विषयगत शिक्षकको व्यवस्थापन गर्नु ।
- नविनतम प्रविधिको प्रयोग गरि शिक्षण शिकाइलाई जिवनपयोगी बनाउनु र व्यवहारीक र प्रयेगात्मक शिक्षाको प्रवन्ध मिलाउनु ।
- शिक्षक पेशागत सहयोग प्रर्णालीको विकास तथा प्रभावकारी कार्यान्वयन गरी दक्ष र क्षमतावान विषयगत रुपमा नै तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु तथा सिकाइ आदानप्रदानको व्यबस्थापन गर्नु ।
- उपयुक्त शैक्षिक पूर्वाधार सहितको बालमैत्री, अपांगमैत्री, लैङ्गिकमैत्री र प्रविधिमैत्री र सुरक्षित भौतिक पुर्वाधारको विकास गरी सुरक्षित सिकाइ वातावरण तयार गर्नु,
- नगरपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै श्रम र सीप सहितको शैक्षिक जनशक्ति उत्पादन गर्नु,
- शैक्षिक संस्थाको संस्थागत क्षमता विकास र पैरवी तथा परिचालन गरी शैक्षणिक क्रियाकलापहरुमा विद्यार्थीकोसमतामुलक र सहभागितामुलक पहुँच सुनिश्चित गर्नु,
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार गरि प्रभावकारी र मैत्रफपुर्ण शिक्षण सिकाइ वातावरण निर्माण गर्नु ।
- आधारभुत तथा माध्यमिक विद्यालय शिक्षामा समतामुलक र समन्यायिक पहुँच विस्तार गर्दै शैक्षिक गुणस्तर सुधार गर्नु
- सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास र व्यबवस्थापन तथा परिचालन गरी अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई प्रभावकारी रुपमा विस्तार गर्नु ।

- प्रारम्भिक बालविकास देखि माध्यमिक तह सम्मै सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्युनतम मापदण्डहरु पुरा गरी सहज र मैत्रीपुर्ण सिकाइ वातावरणको स्थापनामा गर्नु ।
- संस्थागत क्षमता विकास मार्फतविद्यालय ब्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- विपत् र आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा बृद्धिगर्नु ।
- शिक्षामा परिवार तथा समुदायको सहभागिता अभिबृद्धि गर्न तथा अभिभावकशिक्षा तथा सचेतना अभिवृद्धि जस्ता क्रियाकलाप मार्फत अभिभावकको क्षमता विकास गर्नु ।
- माध्यामिक तहमा प्राविधिक तथा व्यावसायीक शिक्षाको व्यबस्थापन रसञ्चालन गरी सीपमुलक जनशक्ति उत्पादन गर्नु ।
- बिधालयलाई नवप्रर्वतन तथा सुचना र प्रविधिमैत्री बनाइ बालबालिकालाई सुचना प्रविधिको माध्यमबाट सिकाइ सहजकरणमा अभ्यस्त बनाउनु ।
- सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका असल अभ्यासलाई अनुसरण गर्दै निजी विद्यालयहरुको प्रभावकारी परिचालन गर्ने ।
- नैतिक शिक्षामा जोड दिई माता, पिता र गुरु र आफ्नो माटोलाई माया गर्ने शैक्षिक जनशक्ति निर्माण गर्ने ।
- बिधार्थीहरुका लागि विभिन्न विषयमा खोज र अनुसन्धान गर्ने तथा समस्या समाधान गर्ने शिक्षामा जोड दिने ।
- बिधालय अनुगमन तथा सुपरिबेक्षणको क्षेत्रलाई प्रभावकारी बनाई निरन्तर अनुगमन तथा मुल्याङ्कनमा जोड दिनु ।
- तहगत रुपमा एक वडा एक नमुना विद्यालयको अवधारणा ल्याई कार्यान्वयन गर्नु।
- शिक्षकहरुलाई पेशाप्रति जवाफदेहि र उत्तरदायी बनाउन विभिन्न नीति बनाउने, शिक्षहरुको कार्यसम्पादन मुल्यांकन गरी उत्कृष्ट कार्य सम्पादन गर्न राम्रोलाई पुरस्कृत र दण्ड नीति अवलम्बन गर्नुसाथै शिक्षक व्यबस्थापन, परिचालन तथा उत्प्रेरित गर्नु ।
- वैज्ञानिक र ब्यावहारीक गुणस्तरीय शिक्षा प्रदान गर्न आधुनिक भौतिक पुर्वाधारयुक्त संरचना निर्माण गर्नु।
- शैक्षिक केन्द्रिकृत अवाधारणा अनुरुप माध्यामिक तह सम्मको हव स्थापना गरी यातायातको सुब्यवस्था गरेर शैक्षिक गुणस्तर कायम गर्नु।

### २.५ रणनीतिहरु

मुसिकोट नगरपालिकाले शिक्षा योजना कार्यान्वयका लागि लिएको उल्लेखित उदेश्य हाँसिल गर्नका निमित्त तथा योजना कार्यान्वयनका लागि तपशिलका रणनीतिहरु अवलम्बन गरिएको छ ।

- प्रारम्भिक बालविकास तथा शैक्षिक कार्यक्रमलाई विद्यालय शिक्षाको आधार तथा अभिन्न अंगको रुपमा लिने र सोही अनुसार नीति कार्यक्रम तय गर्ने ।

- आधारभुत तहका आधार कक्षाहरुमा मातृभाषामा पठन पाठन गराउन सम्भाव्यता अध्ययन गर्ने साथै विधालय समायोजन तथा ग्रेड थप र घटाउने जस्ता कार्य प्रभावकारी गर्ने ।
- दलित तथा पिछडा वर्गका किशोर किशोरीहरू मध्ये जेहेन्दारहरूको छनौट गरी उच्च शिक्षाका लागि सहयोग गर्ने साथै अपाङ्गता भएका युवा युवती मध्ये जेहेन्दारहरूको छनौट गरी उच्च शिक्षाका लागि भर्ना शुल्कमा अनुदान दिइने साथै अति विपन्न तथा सहयोग आबश्यक भएका बालबालिकाको लागि पेशाक, शैक्षिक सामग्री तथा अन्य साधनहरु उपलब्ध गर्ने । ।
- नगरपालिका भित्रका सबै बालवालिकाहरुलाई विद्यालय शिक्षाको मूल प्रवाहमा ल्याउने र सबै बालबालिकाको समतामुलक पुहँच सुनिश्चित गर्ने।
- नेपालको संविधानको धारा ३१ बमोजिम आधारभुत तह सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तह स्ममको शिक्षा निशुल्क हुने व्यवस्था गर्ने ।
- विद्यालयको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय पक्षको व्यस्थापन र विकास गर्दै आधारभूत तथा माध्यमिक तहको शिक्षाको गुणस्तर सुधार गर्ने ।
- नगरपालिका भित्रका विद्यालयहरुको भौतिक पूर्वाधारको विकासका लागि संघ, प्रदेश सरकारसंग पहल एवंम समन्वय र साझेदारी गर्ने ।
- समुदायको सहभागिता अभिबृद्धि गर्न समुदाय परिचालनका कार्यहरु गर्ने साथै उनीहरुको संलग्नता बढाउने ।
- युवा तथा खेलकुदका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने ।
- प्राविधिक तथा व्यावसायीक शिक्षाको संचालन गर्ने नीति बमोजिम माध्यमिक तहमा प्राविधकि शिक्षा कार्यान्वयन र विस्तार गर्ने र शिक्षालाई व्यावसायीक सिप तथा प्रविधिसंग जोड्न नीति तथा कार्याक्रम बनाई लागू गर्ने ।
- प्रत्येक वडामा तहगत रुपमा नमुना विद्यालयको विकास गर्ने । तथा माध्यमिक तहमा आबासिय विधाद्ययको व्यबस्थापन गर्ने ।
- विद्यालयमा बालबालिकाको सरसफाई तथा पोषणको अवस्था तथा स्वास्थमा सहयोग पुग्नेगरी स्थानीय रुपमा उत्पादित दिवा खाजाको प्रवन्ध गर्नुका साथै स्थानीय स्वास्थ तथा अन्य सम्बन्धित सरकारी तथा गै.स.स सहकार्य गर्दै सरसफाई तथा स्वच्छता शिक्षा बिद्यालय मार्फत प्रदान गरिने।
- अपाङ्गता तथा सुविधा विहिन बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन निरन्तरता दिन र सिकाईमा सहभागी गराई उपलब्धी सुधार गर्ने यसका लागि अपाङ्गता भएका वालवालिका लागि सहजिकरण गर्न तालिम प्राप्त शिक्षकको व्यबस्थापन, शैक्षिक सामग्री तथा सहायता सामग्रीको व्यवस्थापन गर्ने।
- विद्यालयमा विषयगत शिक्षकको शुनिश्तिता गर्नुका साथै शिक्षकको पेशागत विकासमा टेवा पुर्याउने तथा दरवन्दी पुरा गर्ने।

- पौढहरूका लागि प्रौढ र अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने, विद्यालयशिक्षा छोडेका बेरोजगार युवायुवतीहरूलाई सीपमूलक, जीवनउपयोगी र बजारको मागनआनुसारका शैक्षिक कार्यक्रम संचालन गर्ने,
- निरक्षर जनसंख्याको पहिचान गरी सघन साक्षरता कार्यक्रम सञ्चालन गर्न प्रत्येक बस्तीमा आमा समूह, महिला समूहलाई परिचालन गरी साक्षरता अभियान सञ्चालन गर्ने,
- विद्यालयको नेतृत्व प्रणालीमा सुधार गर्दै प्रत्येक विद्यालयमा ईन्टरनेटको पहुँच प्रभावकारी बनाउने र उच्चतम प्रयोग गर्ने ।
- शैक्षिक संस्थाको गुणस्तर अभिबृद्धिका लागि प्रभावकारी अनुगमण, निरिक्षण मुल्याकन गरी शिक्षकको पेशागत विकासमा सहयोग गर्ने ।
- कार्यसम्पादनका आधारमा विद्यालयहरुको वर्गीकरण गरी राम्रो अभ्यास गर्ने विद्यालय र शिक्षकलाई प्रोत्साहन र कार्यसम्पादन कमजोर भएका संस्थालाई मुल्यांकन गरी दण्ड र पुरस्कारको नीति अबलम्बन गर्ने ।
- नीजि लगानीका शैक्षिक संस्थाहरुलाई नियमन गर्ने र उनिहरुका राम्रा अभ्यासलाई अनुसरण गर्दै स्तरीकरण गर्ने ।
- स्थानीय पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन गरी स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको विकास र प्रयोग गर्ने ।
- शिक्षा क्षेत्रलाई पालिकाले पहिलो प्राथमिकतामा राख्ने तथा शैक्षिक कार्यक्रममा लागी अन्य संस्थाहरुसंग हातेमालो गरी शिक्षा विकासको लागि बहस तथा पैरवी गर्ने ।
- शिक्षा युवा तथा खेलकूद शाखाको सवलीकरण र सुदृढिकरण गरी शिक्षासंग सम्बन्धित संरचनालाई दक्षतापूर्ण प्रभावकारी र नतिजामूलक बनाउने ।
- संघ र प्रदेशले बनाएका शिक्षाका नीतिसंग नबाझिने गरी पालिकाले शिक्षा सम्बन्धि आवश्यक नीति तथा कानुन निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

### २.६ कार्यनीति

- विद्यालय तहका सबै बालबालिकाहरुको पुहँचमा सुधारको लागि बिद्यालय भर्ना अभियानलाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यको संयोजकत्वमा समिति तयार गरी भर्ना अभियानलाई घरदैलो अभियान सहित सञ्चालन गरीनेछ ।
- विद्यालय जान नसक्ने बालबालिकाहरुको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग शैक्षिक सहायता कार्यक्रम लागु गर्ने।
- हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ साथै न्यूनतम मापदण्डको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- प्रधानाध्यापक तहगत इन्चार्ज शिक्षक कर्मचारीलाई प्रोत्साहन भत्ताको ब्यबस्था गरिने छ। साथै उत्कृष्ट कार्य गर्ने प्रधानाध्यापक शिक्षक कर्मचारीहरुलाई पुरस्कृत गरिने छ ।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि पढ्नका लागि सिक्ने र सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ ।
- माध्यमिक तहका विद्यालयका विद्यार्थीहरुलाई एक कार्यविधि तयार गरी निरन्तर सिकाइको लागि परिचालन गरिनेछ र उत्कृष्ठलाई प्रोत्साहन गर्ने व्यबस्था मिलाईनेछ ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकातहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिदै सिकाइको लागि मुल्यांकनका साथै पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ ।
- सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्युनत्तम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिनेछ ।
- आधारभुत तहमा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ र पाठ्यपुस्तक निर्माण र प्रयोग गरिनेछ ।
- बिद्यालयमा समुदाय तथा परिवारको संलग्नता बढाउनका लागि समुदाय परिचालन र सचेतीकरण कार्यक्रमहरु लागु गरिनेछ ।
- बिद्यालय खेलकुदका कार्यक्रम प्रभावकारी गर्न पालिकामा खेल शिक्षकको वयवस्था साथै सुचना प्रविधिका लागि पनि प्रशिक्षकको व्यवस्था गरिनेछ ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलापहरु सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको सुनिश्चत गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।
- निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ र सामुदायिक सिकाई केनद्रलाई समुदाय तहमा जीवनपयोगी सिप सिकाइका लागि परिचालन गरिनेछ।
- विद्यालय प्रधानाध्यापकको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विस्वासनीय गर्न निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षणलागुगरिनेछ। साथैप्रधानाध्यापकहरुका लागि समयसापेक्ष रुपमा भत्ताको व्यवस्था गरिनेछ ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा ब्यवस्थापनमा प्रभावकारीता ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरुमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम,विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डके नीति अबलम्बन गिरनेछ ।

- बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्यसम्पादन मुल्यांकन, सामाजिक परीक्षण, लेखापरीक्षण र कार्यसम्पादन मुल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सुचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइने छ ।
- संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रम लागि भर्चुअल तथा अडियो भिजुअल तथा अन्य छपाईका मार्फत सिकाइ सहजीकरणको ब्यवस्था मिलाइनेछ ।
- अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरुलाई परिचालन गरिनेछ ।
- भौतिक पुर्वाधार (भवन, खेलमैदान, घेराबारा, स्वच्छ पीउने पानी, शौचालय, फर्निचर आदी) विकास गरिनेछ ।
- बिज्ञ रोष्टर शिक्षकको व्यवस्थापन व्यबस्थापन गरी शिक्षकक पेशागत सहयोका लागि प्रभावकारी रुपमा परिचालन गरिनेछ । ।
- नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।
- विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ ।
- प्राविधिक शिक्षालय स्थापनका लागि अध्ययन अनुसन्धान गरीनेछ । साथै शिक्षा संग सरोकार राख्ने सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य प्रभावकारी रुपमा बढाईनेछ ।
- अनुगमन तथा मुल्याङ्कन प्रणाली चुस्त दुरुस्त बनाइनेछ तथा परिक्षा प्रणालीमा पनि स्तरीकृत गर्दै लगिनेछ ।

## २.७ अपेक्षित उपलब्धिहरु

- प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तथा माध्यमिक तहका शिक्षामा सबै बालबालिकाको समतामुलक पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
- सबै तहका सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा सबै जनशक्ति दक्ष भै कार्यरत रहेको हुने हुनेछन ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ ।
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछर शिक्षक पेशागत सहायता प्रणालीको प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ।

- सबै विद्यालयहरू गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन र वालवालिकाको न्यूनतम सिकाइ ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय

| क्रासं। | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|

शिक्षा सुनिश्चित भएको हुनेछ ।

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुनेछ ।
- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।
- तहका रुपमा बिद्यार्थी टिकाउ दर बढेको साथै कक्षा दोहोराउने दर कम भएको हुनेछ । कक्षा उतिर्ण दर पनि बढेको हुनेछ ।
- सबै तहका बिद्यालयले आधारभूत मापदण्ड पुरा माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।
- प्राविधक शिक्षालयको स्थापना भै बिद्यार्थीहरुले विभिन्न क्षेत्रको व्यवहारीक सीप हाँसिल गरेका हुनेछन । पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ ।
- भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ ।
- विद्यालयहरूमा प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ ।
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।
- बालबालिकाको पोषण, स्वास्थ्य, सुरक्षित खानेपानी,सरसफाइ, तथा अतिरिक्त क्रियाकलाप, खेलकुद जस्ता क्षेत्रमा उल्लेख्य रुपमा सुधार भएको हुनेछ ।

## २.८ शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १।१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | स्थानीय | ९६.४ | ९७ | ९८ | ९९ |
| | | प्रदेश | ८६.८५ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० |
| १।२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | स्थानीय | | | | |
| | | प्रदेश | ८१.९१ | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.0 |
| २।१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर | स्थानीय | ९६ | ९७ | ९८ | ९९ |
| | | प्रदेश | ९५.९५ | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० |
| २।२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | १२४.३ | ११७ | ११० | १०५ |
| | | प्रदेश | १२०.९९ | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० |
| २।३ | आधारभूत तहप्राथमिक कक्षा १-५ मा खुद भर्ना दर | स्थानीय | ९५.६ | ९६.५ | ९७.५ | ९९ |
| | | प्रदेश | ९५.८५ | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० |
| २।४ | आधारभूत तहप्राथमिक कक्षा १-५ मा कूल भर्ना दर | स्थानीय | १२३.९ | ११५ | १०७ | १०३ |
| | | प्रदेश | १२६.३९ | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | |
| २।५ | आधारभूत तहको कक्षा १-५ को कक्षा छाड्ने दर | स्थानीय | ४.२ | ३ | २ | ० |
| | | प्रदेश | ४ | | | |
| | | राष्ट्रिय | ३.२४ | | | |
| २।६ | आधारभूत तहको कक्षा १-५ को कक्षा दोहोराउने दर दर | स्थानीय | ५. ४ | ५ | ३ | २ |
| | | प्रदेश | १२.२५ | | | |
| | | राष्ट्रिय | ८.४९ | | | |
| २।७ | आधारभूत तहको कक्षा १-५ को कक्षा उतिर्ण दर | स्थानीय | ८५.९ | ८७ | ९० | ९५ |
| | | प्रदेश | ७९.१५ | | | |
| | | राष्ट्रिय | ८३.८३ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.८ | आधारभूत तहप्राथमिक कक्षा ५पूरा गर्ने दर | स्थानीय | ७६ | ७८ | ८५ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ |
| २.९ | आधारभूत तहमा प्राथमिक कक्षा १-५मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका | स्थानीय | ४.४ | ३ | ३ | २ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० |
| २.१० | आधारभूत तहप्राथमिक कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | ०.८३ | ०.८४ | ०.८६ | ०.९० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ |
| २.११ | आधारभूत तहकक्षा १-८ मा खुद भर्ना दर | स्थानीय | ९५.९ | ९७ | ९८ | ९९ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० |
| २.१२ | आधारभूत तहकक्षा १-८ मा कूल भर्ना दर | स्थानीय | १२३.६ | ११५ | ११० | १०३ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | स्थानीय | ८७.४ | ९० | ९३ | ९८ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | स्थानीय | ८४.०० | ९० | ९५ | ९८ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० |
| २.१५ | आधारभूत तहकक्षा १-८ कूल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | ०.८८ | ०.८९ | ०.९० | ०.९१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | |
| २।१६ | कक्षा १ मा प्राप्त ग्रेड | स्थानीय | २.७५ | २.८ | २.८५ | ३ |
| | कक्षा २ मा प्राप्त ग्रेड | स्थानीय | २.८२ | २.९ | ३.० | ३.१ |
| | कक्षा ३ मा प्राप्त ग्रेड | स्थानीय | २.७८ | २.८५ | २.९० | ३.० |
| २।१७ | कक्षा ४ मा प्राप्त ग्रेड | स्थानीय | २.४० | २.६ | २.८ | ३.० |
| | कक्षा ५ मा प्राप्त ग्रेड | स्थानीय | २.५३ | २.७ | २.८० | ३.० |
| २।१८ | कक्षा ६ मा प्राप्त ग्रेड | स्थानीय | २.५३ | २.७ | २.८० | ३.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा ७ मा प्राप्त ग्रेड | | स्थानीय | २.४० | २.६ | २.८ | ३.० |
| | कक्षा ८ मा प्राप्त ग्रेड | | स्थानीय | २.५६ | २.७ | २.९० | ३.१० |
| २।१९ | विद्यालय वाहिर रहेका बालबालिका | आधारभूत ९कक्षा १(५० | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० |
| | | आधारभूत ९कक्षा १(८० | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० |
| २।२० | आधारभूत तहकक्षा १–८ अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | | स्थानीय | ३६ | ४० | ४५ | ५० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४७ | ४५.० | ५०.० | ५०.० |
| २।२१ | आधारभूत तह कक्षा ६–८ मा कक्षा छोड्ने दर | | स्थानीय | २.७ | २ | १.५ | १ |
| | | | प्रदेश | ३.०३ | | | |
| | | | राष्ट्रिय | २.८ | | | |
| २।२२ | आधारभूत तह कक्षा ६–८ मा कक्षा दोहोराउने दर | | स्थानीय | २.३ | २ | १.५ | १ |
| | | | प्रदेश | ६.५६ | | | |
| | | | राष्ट्रिय | ५.१९ | | | |
| २।२३ | आधारभूत तह कक्षा ६–८ मा कक्षा उतिण दर | | स्थानीय | ९१.६ | ९३ | ९५ | ९७ |
| | | | प्रदेश | ८५.८१ | ९० | ९५ | ९८ |
| | | | राष्ट्रिय | ८८.२ | | | |
| ३।१ | माध्यमिक तहकक्षा ९–१२ मा खुद भर्ना दर | | स्थानीय | ६६.२ | ७० | ७५ | ८० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५.० | |
| ३।२ | माध्यमिक तहकक्षा ९–१२० मा कूल भर्ना दर | | स्थानीय | ९६ | ९८ | १०० | १०५ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७१.४ | | | ९९.० |
| ३।३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचककक्षा | | स्थानीय | १.२६ | १.२० | १.१५ | १.१० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ९– १२ | | | | | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | |
| ३.७ | माध्यमिक तहकक्षा ९– १२ मा कार्यरत महिला शिक्षक प्रतिशत | स्थानीय | | ११ | १३ | १५ | १७ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० |
| ३.८ | माध्यमिक तहकक्षा ९– १२ मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी प्रतिशत | स्थानीय | विज्ञान | | | | |
| | | | प्रा.व्या. | | | | |
| | | प्रदेश | विज्ञान | | | | |
| | | | प्रा.व्या. | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | |
| ३.९ | कक्षा ९ मा प्राप्त ग्रेड | स्थानीय | | २.७३ | २.८ | २.८५ | ३ |
| ३.१० | माध्यामिक तह कक्षा ९– १० मा कक्षा छोड्ने दर | स्थानीय | | १.९ | १.५ | १.३ | १ |
| | | प्रदेश | | २.३५ | | | |
| | | राष्ट्रिय | | १.९४ | | | |
| ३.११ | माध्यामिक तह कक्षा ९– १० मा कक्षा दोहोराउने दर | स्थानीय | | ०.७ | ०.६ | ०.५ | ०.३ |
| | | प्रदेश | | २.४७ | | | |
| | | राष्ट्रिय | | २.१८ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३।१२ | माध्यामिक तह कक्षा ९– १० मा कक्षा उतिण दर | स्थानीय | | ९५.६ | ९७ | ९८ | ९९ |
| | | प्रदेश | | ९१.५२ | | | |
| | | राष्ट्रिय | | ९३.४२ | | | |
| | माध्यामिक तह कक्षा ११– १२ मा कक्षा छोड्ने दर | स्थानीय | | ०.८ | ०.७ | ०.६ | ०.५ |
| | | प्रदेश | | १.११ | | | |
| | | राष्ट्रिय | | ०.८९ | | | |
| ३।१३ | माध्यामिक तह कक्षा ११– १२ मा कक्षा दोहोराउने दर | स्थानीय | | ०.३ | ०.२ | ०.१ | ०.०५ |
| | | प्रदेश | | २.८ | | | |
| | | राष्ट्रिय | | ०.७८ | | | |
| ३।१४ | माध्यामिक तह कक्षा ११– १२ मा कक्षा उतिण दर | स्थानीय | | ९५.६ | ९७ | ९८ | ९९ |
| | | प्रदेश | | ९१.११ | | | |
| | | राष्ट्रिय | | ९१.२७ | | | |
| ४।१३।१५ | साक्षरता दरकुल | स्थानीय | | ८०.६ | ८२ | ८५ | ९० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | |
| ४।४ | महिला साक्षरता | स्थानीय | | ७४.८ | ७७ | ८० | ८५ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० |
| ५।१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० |
| ५।२ | प्राविधिक तथा व्यावसायिक शिक्षाकक्षा ९– १२ वा डिप्लोमा वा प्रि डिप्लोमा वा सो सरह | स्थानीय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | प्रदेश | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण जनशक्तिवार्षिक सङ्ख्या | | छात्र | | | | |
| ६.१ | आधारभूत तहकक्षा १– ५ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | २४:१ | २५:१ | २५:१ | २५:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ |
| ६.२ | आधारभूत तहकक्षा ६– ८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय० | स्थानीय | | २७:१ | ३०:१ | ३०:१ | ३०:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ |
| ६.३ | आधारभूत तहकक्षा १– ८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | २५:१ | २५:१ | २५:१ | २५:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ |
| ६.४ | माध्यमिक तहकक्षा ९– १० मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | ३१.:१ | ३०.:१ | ३०.:१ | ३०.:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४:१ | | ३०:१ | ३०:१ |
| ६.५ | माध्यमिक तहकक्षा ९-१२ मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ३७:१ | ३०:१ | ३०:१ | ३०:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेटरूहजारमा | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० |
| ७.२ | आधारभूत तहकक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च रूहजारमा | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | १८ | २१ | २४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७।३ | माध्यमिक तहकक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च रूहजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले ४ वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकास शिक्षाको अवसर प्रदान गर्नुपर्ने प्राबधान उल्लेख गरेको छ । उक्त प्रारुप अनुसार ४ वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक तथा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने ब्यबस्था रहेको छ । विविध किसिमका बालबालिका लागि मैत्रीपूर्ण मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनुको साथै कक्षा एकमा प्रवेशका लागि पूर्ण रुपमा तयार पार्नु प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य रहेको छ ।यस तहमा बालबालिकाहरुलाई सिकाइप्रति प्रेरित गर्न र उनीहरुको सर्वाङ्गीण विकास गर्नको लागि शैक्षिक कार्यक्रम तयार गरिएको हुन्छ ।प्रारम्भिक बालविकास रशिक्षाकार्यक्रमलेबालबालिकाहरुकोशारिरीक,मानसिक,संवेगात्मक,सामाजिकर सांस्कृतिक विकासमा सहयोग पुर्याउनका साथै बालबालिकाहरुलाई कक्षा १ मा भर्ना हुनु पूर्व आधारभूत सीप सिकाइका क्षेत्रहरु र विषयगत सीप सिकाइका क्षेत्रहरुको माध्यमबाट विभिन्न ज्ञान,सीप, धारणा र अभिवृत्ति प्राप्त गर्न सहयोग गर्छ ।यस शिक्षाले बालबालिकाहरुमा आधारभूत व्यवहारिक ज्ञान र संस्कार सिकाउँदै कक्षा१मा अध्ययनको लागि आधार तयार गर्दछ । नीतिगत रुपमा साधारणतः ४(चार) वर्ष उमेर पूरा भएका बालबालिकाहरु यसमा संलग्न भै ४ बर्ष उमेर पुगे पश्चात प्रारम्भिक बालविकास र शिक्षा तह पुरा गर्नु पर्दछ । नेपालको अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति२०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा व्यवस्था भएअनुसार उमेर पुगेका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित हुनु पर्दछ । प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको पहुँच र गुणस्तर सुनिश्चित गर्नको लागि मुसिकोट नगरपालिकाको शिक्षा योजनामा यसलाई समावेश गरिएको छ ।

यस मुसिकोट नगरपालिकामाजम्मा ६७ ओटा प्रारम्भिक बालविकास केन्द्रहरु रहेका छन् जसमा सामुदायिक विद्यालय तर्फ ५५ संस्थागत ११ वटा रहेका छन। यस नगरपालिकामा १ वटा प्रारम्भिक बालविकास र शिक्षा केन्द्र समुदायमा आधारित रहेको छ भने ६६ वटा विधालयमा आद्यारित प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरु रहेका छन ।यस तहमा सामुदायिक र संस्थागत गरेर जम्मा बिधार्थी २३१६ जना रहेका छन जसमा छात्रा ९१३ जना र छात्र १३२३ जना रहेका छन । हाल सामुदायिक विद्यालय श्री आधारभूत विद्यालय मु न पा ८ घोरखानीको विधालयमासंघिय अनुदान पाउने गरी प्रारम्भिक बालबिकास र शिक्षा केन्द्र छैन। यस विद्यालयको सेवा क्षेत्र भित्रका बालवालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको पहुँचमा पुर्याउनको लागि नगरपालिकाले आफ्नै स्रोतबाट बालविकास केन्द्रको ब्यबस्था गरेको छ। प्रारम्भिक बालविकास र शिक्षा केन्द्रमा जम्मा ६७ जना प्रारम्भिक बालविकास शिक्षकहरु कार्यरत रहेकाछन् । प्रारम्भिक बालविकास शिक्षकहरु सबैको न्युनतम योग्यता पुगेको छ भने कतिपय विद्यालयमा कार्यरत सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता न्युनतम योग्यता भन्दा माथीको रहेको छ। यधपि न्यूनतम रुपमा आधारभूत तालिम भने सबै शिक्षकहरुले प्राप्त गरेका छैनन्। त्यसैले शिक्षकहरुलाई तालिमको आवश्यक्ता रहेको छ। प्रारम्भिक बालविकासमा आधार बर्ष २०८१ को तथ्याङ्क हेर्दा कुल भर्नादर ९६.४ प्रतिशत र खुद भर्नादर ६८ प्रतिशत मात्र रहेको छ । शिक्षक बिद्यार्थी अनुपान १:१७ रहेको छ भने लैङ्गिक समता सुचक ०.८८ रहेको छ । मुसिकोट नगरपालिकामा केही

बालविकास केन्द्र बाहेक प्रायजसोप्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरुले न्यूनतम मापदण्ड पुर गरेको देखिदैन । प्रारम्भिक बालविकास र शिक्षा केन्द्रले पाठ्यक्रमको प्रयोग, सन्दर्भ सामग्रीहरुको आंसिक रुपमा प्रयोग गरेको देखिन्छ ।प्रारम्भिक बालविकास र शिक्षा केन्द्रमा भने चारवर्ष उमेर नपुगेका र चार वर्ष उमेरका बालबालिकाहरु भर्ना भएको पाईन्छ ।यसले खूद भर्नादर र कूल भर्नादरलाई प्रत्यक्ष असर पारिरहेको छ । अझैं पनि कतिपय स्थानहरुमा प्रारम्भिक बालविकासको लागि भवन, कक्षा कोठा, सिकाइ सामाग्रीहरु, अपाङ्गमैत्री भौतिक संरचना, पहुँचमार्ग, पोषणयूक्त दिवा खाजाको प्रयाप्तताामा समस्या परिरहेको देखिन्छ । प्रारम्भिक बालविकासमा कार्यरत सहजकर्ताहरुको समयसापेक्ष पारिश्रमिक र पेसागत सीप विकासका अवसरहरुमा कमी भएको देखिन्छ। यद्यपि स्थानीय तहबाट प्रारम्भिक बालबिकास शिक्षकका लागि रु ७००० पारिश्रमीक थप गरेको छ ।भने विद्यालयलाई प्रति विद्यार्थी रु ५०० को दरले बार्षिक अनुदान दिने गरेको छ। यसै रकम बाट विद्यालयले सामाग्री ब्यबस्थापन गर्ने गरेका छन। तर नमुना बालविकास केन्द्र बनाउनलाई यो रकम धेरै कम भएकोले रकम बढाउनुपर्ने अनिवार्यता छ। यसलाई समयसापेक्ष स्रोतहरु जुटाएर सुधार गर्नु पर्ने देखिन्छ ।यी समस्याहरुले गर्दा प्रारम्भिक बालविकास र शिक्षामा अध्ययनरत बालबालिकाहरुको सिकाइमा प्रत्येक्ष वा अप्रत्येक्षरुपमा प्रभाव परिरहेको छ । यी समस्याहरुलाई समाधान गर्न संघ, प्रदेश, स्थानिय सरकार लगाएत सबै सरोकारवालाहरुको सहयोग हुनुपर्ने देखिन्छ ।

### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई एकिकृत गुणस्तरीयप्रारम्भिक बालविकास र शिक्षाको समतामुलक अवसर सुनिश्चित गर्न देहाय बमेजिमका उदेश्यहरु अबलम्बन गरिनेछ ।

क) प्रारम्भिक बालविकास उमेर समुहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ को लागि तयार पार्नु ।

ख) प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको समतामुलक र सहभागितामुलक पहुँच सुनिश्चित गर्नु ।

ग) मुसिकोट नगरपालिकामा रहेका सबै प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड पुरा गरी प्रारम्भिक बालविकास तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउनु।

घ) प्रारम्भिक बालविकास र शिक्षाकाशिक्षकहरुको क्षमता विकास र प्रोत्साहनमा प्रेरित गर्नु ।

ङ)प्रारम्भिक बालविकास र शिक्षाका वालवालिकाको लागि सुरक्षित सिकाइ वातावरण निर्माण गर्नु।

### ३.१.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु पूरा गर्नको लागि मुसिकोट नगरपालिकाले तपसिल बमोजिमका रणनीतिहरु अवलम्बन गरिने छ।

क) मुसिकोट नगरपालिका भित्र रहेको भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाहरुका लागि आबश्यकताका आधारमा सिकाइ केन्द्र थप गर्ने तथा पुनर्वितरण गर्ने वा समायोजन गर्ने।

ख)प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको समतामुलक र सहभिगतामुलक सहभागिता सुनिश्चित गर्नको लागि प्रारम्भिक वालविकास केन्द्रहरुको न्यूनतम मापदण्ड पुरा गरी प्रारम्भिक बालविकास र शिक्षा सञ्चालन गर्ने ।

ग) प्राम्भिक बालविकासको शैक्षिक गुणस्तर सुनिश्चित गर्नका लागि कार्यरत शिक्षकको क्षमता विकास, पाठ्यक्रम प्रवोधिकरण, अभिभावक सचेतिकरण जस्ता विविध कार्यक्रमहरुसञ्चालन तथा कार्यान्वयन गर्ने ।

घ) प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धि गर्नका लागी बिभिन्न तालिम तथा गोष्ठी सञ्चालन गर्नुका साथै समय सापेक्ष सेवा सुविधा तथा पारिश्रमिक र प्रोत्साहन बढाउन आवश्यक स्रोतको व्यवस्थापन गर्ने।

ङ)राष्ट्रिय पाठ्यक्रम प्रारुप तथा बालविकास पाठ्यक्रममा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम कार्यक्रमहरुसञ्चालन गर्ने ।

च)प्रत्येक बालवालिकालाई प्रारम्भिक बालविकासको अनुभव लिने बातावारण सृजना गर्ने र प्रारम्भिक बालविकासको अनुभव लिएका बालबालिकाईमात्र कक्षा१ मा भर्ना गराउने नीति अवलम्बन गर्ने ।

छ) प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारीता वृद्धिको निम्ति प्रारम्भिक बालविकासमा कार्य गर्ने सम्पुर्ण संघ संस्था तथा सरोकारवालाहरु संग सहकार्य गर्ने ।

ज) प्रारम्भिक बालबिकास र शिक्षाका सेवाहरु प्रदान गर्दा हरित विधालय वातावरणको अबधारणा अबलम्बन गर्ने ।

झ) एक विधालय एक प्रारम्भिक बालविकास र शिक्षा केन्द्र अनिवार्य गर्ने र नमुना प्रारम्भिक बालविकास र शिक्षाको अबधारणालाई प्रत्येक बालविकास केन्द्रहरुमा विस्तार गरिनेछ ।

ञ) नमुना प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरुलाई प्रोत्साहन तथा उचित सम्मानको ब्यबस्था गरीनेछ।

ट) प्रारम्भिक बालविकासको पाठ्यक्रम बमोजिमको सिकाइ अनुभवको मुल्याङ्कन पद्दति र प्रमाणिकरणको ढाँचा तय गर्नुपर्ने।

ठ) बर्तमान समयमा बालबालिकालाई ३ बर्ष पुरा भइसकेका बालवालिकालाइ विद्यालयमा लैजाने पद्दतिको विकास भैसकेकोले बालविकास भन्दा १ बर्ष अगाडीको प्ले ग्रुप तथा शिशु कक्षा सञ्चालन गर्ने।

ड) शिशु कक्षा सञ्चालनका लागी आवश्यक सामाग्री सहितको पुर्वाधार विकास गर्नुपर्ने।

ढ) बालविकास केन्द्र तथा शिशु कक्षा सञ्चालन भएको ठाँउमा उचि ब्यबस्थापन गरिनुका साथै पद्धतिअनुसार सञ्चालन भए नभएको अनुगमन तथा मुल्याङ्कन गर्ने।

ण) प्रत्येक बालविकास तथा शिशु कक्षा केन्द्रहरुमा प्ले स्टेशन तथा बाल बगैचा निर्माण गर्ने।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धिः**

क) सबै ४ बर्ष उमेर पुगेका बालबालिकालाई समतामुलक गुणस्तरिय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

ख) प्रारम्भिक बालविकास र शिक्षाबाट बञ्चित भएका सबै बालबालिकाहरुलाई समावेश गराई उनीहरुको सिकाइ सुनिश्चित भएको हुनेछ ।

ग) सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्युनतम मापदण्ड पुरा गरी सुरक्षित सिकाइ वातावरणा निर्माण गरेको हुनेछ।

घ) प्रारम्भिक बालविकास र शिक्षाका लागि उमेर पुगेका सत प्रतिशत बालबालिकाहरुले प्रारम्भिक बालबिकासको अनुभव हाँसिल गरेका हुनेछन ।

ङ) हरेक वडामा कम्तिमा एक एक वटा नमुना प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरु निर्माण हुनेछन।

**नतिजा तथा परिमाणत्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्ना संख्या | ९१५ | ९१५ | ९३० | ९४५ | ९६० | ९७५ | ९९० | १००५ |
| २ | न्युनतम् मापदण्ड पूरा गरेका बालविकास केन्द्रको संख्या | २ | २ | ८ | १४ | २५ | ३५ | ४५ | ५५ |
| ३ | प्रारम्भिक बालविकासमा खुद भर्नादर | ६८ | ६८ | ७२ | ७८ | ८५ | ९० | ९४ | ९६ |
| ४ | प्रारम्भिक बालविकासमा कुल भर्नादर | ९६.४ | ९६.४ | ९८ | १०० | १०२ | १०४ | १०६ | १०८ |
| ५. | शिक्षक विद्यार्थीअनुपात | १:१७ | १:१७ | १:१८ | १:१९ | १:२० | १:२१ | १:२२ | १:२३ |
| ६ | लैङ्गिक समता सुचक | ०.८८ | ०.८८ | ०.८९ | ०.९० | ०.९१ | ०.९२ | ०.९३ | ०.९४ |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

### ३.१.५प्रमुखक्रियाकलापरपरिमाणात्मकलक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | कसले गर्ने ? कहाँ गर्ने ? |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | टिपीडि र वालविकास शिक्षकको क्षमता विकास तालिम | पटक | | प्रति वर्ष | प्रति वर्ष | प्रति वर्ष | प्रति वर्ष | प्रति वर्ष | नगरपालिका ले पालिका स्तरीय |
| २ | बालबालिकाको स्वास्थ्य परीक्षण र | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | विद्यालय तथा स्वास्थ्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खोप तथा बृद्धि विकास अभिलेखिकरण | | | | | | | | शाखामार्फ विद्यालयमा |
| ३ | स्थानीय स्तरमा उपलब्ध शैक्षिक तथा खेल सामग्रीनिर्माणका लागि तालिम तथा प्रयोगात्मक अभ्यास | पटक | | १ | १ | १ | १ | २ | विद्यालय र पालिका |
| ४ | पाठ्यक्रम प्रवोधिकरण तथा पुनताजकी | पटक | | १ | | | १ | | नगरपालिकाले पालिका स्तरीय |
| ५. | वालविकास केन्द्रको नक्साङ्कन तथा पुनः वितरण | पटक | | १ | | १ | | | नगरपालिकाले पालिका स्तरीय |
| ६ | अभिभावक शिक्षा र सचेतिकरणकार्यक्रम | पटक | | २ | २ | २ | २ | २ | नगरपालिका स्तरमा र विद्यालयमा |
| ७ | बालबिकास शिक्षकको उत्प्रेरणा गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिकाले |
| ८ | बालविकास केन्द्रहरुमा खेल तथा शैक्षिक सामग्री व्यबस्थापन | केन्द्र | ८ | १२ | १२ | १२ | १२ | निरन्तर | पालिकाले |
| ९ | बालविकास र क्केन्द्रहरुमा ६ सिकाइ कर्नरको व्यबस्थापन | केन्द्र | ८ | १२ | १२ | १२ | १२ | निरन्तर | पालिकाले |
| १० | बालविकासका बालबालिलकालाई स्थानीय उत्पादनमा आधारित खाजाको यबस्थापन | जना | ९१५ | ९३० | ९४५ | ९६० | ९७५ | ९९० | पालिकाले |
| ११ | बालविकासका शिक्षकहरुलाई प्रोत्साहन | जना | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | पालिकाले |
| १२ | सिकाइमैत्री स्मार्ट कक्षाकोठा व्यबस्थापन | केन्द्र | | ५ | १५ | १५ | १५ | ६ र निरन्तर | पालिलकाले |
| १३ | बालविकास कक्षामा सिकाइ कुना | केन्द्र | २ | १५ | १५ | १५ | ९ | निरन्तर | पालिकाले |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६,अनुसार कक्षा १ देखि ८ सम्मको शिक्षालाई आधारभूत तहको शिक्षा भनेर बुझिन्छ । यस तह भनेको बिद्यालय तहको आधा। तह भएको र यस तहको शिक्षाले बालवालिकाहरुको सर्वाङ्गिण विकास, गुणस्तरीयजीवनयापन र सामाजिकीकरणमा आधार तय गर्न सहयोग पूर्यांउदछ । आधारभुत तहको शिक्षा प्रणालीले बालवालिकाहरुलाई जीवन पर्यन्त सिकाइमा मार्ग प्रसस्त गरी माध्यमिक तह र उच्च शिक्षाका लागि आधार तय गरी मूलुकको सामाजिक र आर्थिक विकासमा सहयोग पूर्याउनका लागि जग तयार पार्दछ । आधारभुत तह शिक्षाको जगको रुपमा रहेकोले यस क्षेत्रमा गरिने लगानीले नै माथिल्ले तहको शिक्षा कस्तो हुने भनेर मार्ग प्रश्तुत गर्दछ ।

नेपालको संविधान २०७२ले आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क हुने व्यवस्था गरेको छ ।यस अर्थमानेपालमा बसोवास गर्ने प्रत्येक बालवालिकाहरुलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको सुनिश्चत गर्न ध्यान पुर्याउन पर्दछ । अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भए बमोजिम आधारभुत तह उमेर समूहका सवै बालवालिकहरुलाई अनिवार्य र निशुल्क शिक्षाको पहुँचको हक हुने व्यवस्था गरिएको छ र सोही बमोजिम कार्यान्वयन गर्नु पर्दछ। नेपालको संविधान २०७२ को अनूसुची ८मा आधारभूत र माध्यमिक शिक्षाको अधिकार क्षेत्र स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेन व्यवस्था गरेको छ। यसर्थ आधारभुत तहमा सबै बालबालिकाको समतामूलक पहुँच र गुणस्तर कायम गर्न मुसिकोट नगरपालिकाले पनि विभिन्न शैक्षिक कार्यक्रमहरुको व्यवस्था गरी कार्यान्वयन गरेको छ ।

मुसिकोट नगरपालिकामा रहेका सामुदायिक र संस्थागत गरी ६६ वटा नै बिद्यालयमा आधारभुत तहको शिक्षा सञ्चालनमा रहेको छ । यसमा सामुदायिक तर्फ ५५ र संस्थागत तर्फ ११ वटा बिद्यालयमा आधारभुत तहको शिक्षा सञ्चालनमा रहेको छन । यस अन्तरगत कक्षा ३ सम्म मात्र चलेका बिद्यालय ८ वटा र कक्षा ५ सम्म मात्र चलेका बिद्यालय २३ वटा रहेका छन भने बाँकी बिद्यालयमा कक्षा ८ सम्म नै सञ्चालनमा रहेका छन ।

मुसिकोट नगरपालिको इमिस वि.स.२०८१ को तथ्याङ्क अनुसार आधारभूत तहमा अध्ययन गर्ने जम्मा विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

| तह | सामुदायिक तर्फ | | | संस्थागत तर्फ | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | जम्मा |
| आधारभूत तह कक्षा(१-५) | २३४१ | २८१२ | ५१५३ | ७३५ | १०३६ | १७७१ | ६९२४ |
| आधारभूत तह कक्षा(६-८) | १०८४ | १०५५ | २१३९ | १८३ | २३९ | ४२२ | २५६१ |
| जम्मा | ३४२५ | ३८६७ | ७२९२ | ९१८ | १२७५ | २१९३ | ९४८५ |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

आधारभुत तहको लैङ्गिक समता सुचक आधारभुत तहमा ०।८५ रहेको छ र यसमा संस्थागत बिद्यालयमा भने लैङ्गिक समता सुचक जम्मा ०।७२ मात्र रहेको छ भने सामुदायिक मा ०।८८ रहेको

छ । आधारभुत तहमा कक्षा १ मा कुल प्रवेश दर १२४। र खुद प्रबेश दर ९६ प्रतिशत रहेको छ । समग्रमा मुसिकोट नगरपालिकाको आधारभुत तहका बिभिन्न सुचकहरु निम्न बमोजिम रहेका छन ।

| तह | शिक्षक बिधार्थि अनुपातसामुदायिक | लैङ्गिक समता सुचकसामुदायिक | कुल भर्ना दर | खुद भर्ना दर |
|---|---|---|---|---|
| आधारभूत तह कक्षा (१ – ५) | १:२४ | ०.८३ | १२३.९ | ९५.६ |
| आधारभूत तह कक्षा (६ – ८) | १:२७ | १.०३ | १२३.१ | ९६.५ |
| कक्षा (१– ८) | १:२५ | ०.८८ | १२३.६ | ९५.९ |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

आधारभुत तह कक्षा ८ को खुद टिकाउ दर ८७।४ रहेको छ ।कक्षा (१–५) र कक्षा (६–८) को कक्षा उत्तीर्णदर क्रमशः८५.९प्रतिशत र ९१.६ प्रतिशत रहेको छ । कक्षा (१–५) र कक्षा (६–८) को विद्यालय छोड्ने दर क्रमशः ४.२ प्रतिशत र २.७ प्रतिशत रहेको छ । यस मुसिकोटनगरपालिकामा आधारभूत तहको विद्यालय संख्या र विद्यार्थीसंख्या बिचको अनुपात १:१४ रहेको छ र यो संख्या सामुदायिक बिद्यालयमा १:१३३ रहेको छ। त्यसैगरी शिक्षक बिद्यार्थी अनुपात सामुदायिकमा १:२५ रहेको छ ।

यस नगरपालिका भित्र रहेका आधारभूत विद्यालयहरुले कक्षा ८ सम्मकै स्थानीय पाठ्यक्रम 'मुसिकोट सेरोफेरो'कार्यान्वयन गरेका छन भने स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक पनि निर्माण सम्पन्न भएर कार्यान्वयनको चरणमा रहेको छ ।यद्यपी स्थानीय पाठ्यक्रम तथा समग्र आधारभुत तहको प्रभावकारी कार्यान्वयनको लागि शिक्षकको पेसागत विकास तालिम कार्यशालाहरु सञ्चालन गर्नु पर्ने देखिन्छ र आधारभुत तहका सबै कक्षाका लागि पाठ्यक्रम बमोजिमका पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामग्रीको प्रभावकारी व्यवस्थापन गर्न आबश्यक छ। बिद्यालयमा सिकाइमैत्री वातावरणको निर्माण, शिक्षक क्षमता विकास र उत्प्रेरणाका कार्यहरु तिब्रताका साथ कार्यान्वयन गर्न आबश्य देखिन्छ । आधारमुत तहमा उतिर्ण दर तथा टिकाउ दरमा सुधार ल्याउन आबश्यक देखन्छ भने सुचना प्रविधि तथा जिवनपर्यन्त सिकाइका अबसरहरु सिर्जना गर्न पर्ने देखिन्छ । खुद भर्ना दर हेर्ने हे भने आधारभुत तहमा सही उमेर समुहका बालबालिकाहरु अझैपनि सहि कक्षामा नरहेको देखिन्छ यसर्थ कक्षा १ मा भर्ना गर्दा सही उमेर समुहका बालबालिका लागि सहि समयमा भर्ना गरी सही तवरले सिकाइ अवसरहरु प्रदान गर्नुपर्ने देखिन्छ ।

आधारभूत तहको शिक्षाको पहुँचमा भौगोलिक, सामाजिक, सांस्कृतिक,,आर्थिक र अन्य कारणहरुले प्रभाव बालबालिकाहरु अझैपनि समतामुलक पहुँच बाहिर रहेका छन । गुणस्तरीय सिकाइलाई प्रवर्द्धन गर्न पोषणयुक्त दिवाखाजा, शिक्षकको पेशागत क्षमता विकास, तथा सरोकारवालाहरुको प्रत्येक्ष अनुगमन, नियमन र सहयोग बढाउन आबश्यक दिखिन्छ । विद्यालयलाई विभन्न किसिमले सबैको लागि मैत्रीपुर्ण वनाउन सवैको सहभागिता बढाई सबै हिसाबमा बालयमा मैत्रीपुर्ण वातावरण सुनिश्चित गर्ने,सिकाइ उपलब्धिमा व्यापक सुधार गर्ने साथैआधारभूत तहको शिक्षामा प्रविधिको प्रयोग गर्ने र कक्षा कोठासम्म सबैको समतामुलक पहुँच बढाउन,विद्यालयहरुको पूर्नवितरण एवम्मर्ज गरी समुदायको पहुँच र सहभागिता सुनिश्चत गर्नै र सेवा सुविधामा विस्तार गर्न,शिक्षालाई सवै दृष्टिकोणबाट सुरक्षित सहज र गुणस्तर बनाई

वसहभागितापूर्ण वातावरणा सिर्जना गर्ने । साथै सो का लागि हुने विभिन्न किसिमका हस्तक्षेपहरु निशेध गर्न,कक्षा कोठामा सूचना तथा प्रविधिको प्रयोगमा अभिवृद्धि गर्न,विपद् जोखिम न्यूनिकरण योजनामा विद्यार्थीहरुको सहभागिता बृद्धि गर्न,विद्यार्थी मूल्याङकनलाई प्रभावकारी बनाई आधारभूत तहको परीक्षालाई व्यवस्थित गर्ने र आधारभुत तहलाई शैक्षिक गुणस्तरको आधारको रुपमा विकास गर्न आबश्यक देखिन्छ । आधारभुत तहको शिक्षामा विशेष गरी अभिभावक तथा समुदायको सहभागिता प्रभावकारी बनाउन पनि आबश्यक रहेको छ ।

### ३.२.२ उद्देश्य

आधारभूत तहको शिक्षामा उक्त तहका लागि उमेरका समुहका सवै बालवालिकाहरुलाई सहज पहुँच सहितको गुणस्तरीय शिक्षा पूरा गर्नका लागि निम्न बमोजिमका उदेश्य किटान गरिएको छ ।

(क) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी आधारभुत तहको शिक्षामा सवैको समतामूलक र सहभागिता सुनिश्चित गर्नु ।

(ख) आधारभूत तह शिक्षा पूरा गरेका सवै बालवालिकाहरुलाई न्युनतम सिकाइ उपलब्धि हाँसिल हुने अवस्था सुनिश्चित गर्नु ।

(ग) आधारभूत तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री,समावेशी, समतामूलकर सुरक्षित बनाउनु ।

(घ) आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलापहरु सञ्चालन गर्नु ।

(ङ) सिकाइ उपलब्धिमा सुधार ल्याउन शिक्षकको पेसागत विकास, सिकाइ सहजीकरणविद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना सञ्चार प्रविधिलाई व्यवस्थित गर्नु ।

(च) अभिभावक शिक्षा र सचेतिकरणका माध्यमबाट आधारभुत तहको शिक्षामा अभिभाबकको सहभागिता समन्वय , सहकार्य र सहयोग सुनिश्चित गर्नु ।

(छ) गणित प्रयोगशाला निर्माण गरी गणित विषयको शिक्षणलाई जटिल होईन सरल र सहज रुपमा शिक्षण गर्ने ब्यबस्था गर्नु।

### ३.२.३ रणनीति

मुसिकोट नगरपालिकाको आधारभूत तहको शिक्षाका उल्लेखित उद्देश्यहरु हाँसिल गर्नका लागि निम्न बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

(क) अनिवार्य तथा निःशुल्क आधारभूत तह शिक्षाको कार्यान्वयन गर्न स्थानिय तहले थप आवश्यक नीति, कार्यविधीहरुको तर्जुमा तथा आवश्यक स्रोतको प्रवन्ध मिलाईने छ ।

(ख) आधारभूत तहमा न्युनतम सिकाइ उपलब्धि हाँसिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्र.अ र प्र.अलाई स्थानिय तह प्रति जवाफदेही हुने प्रणालीको विकास गरिनेछ ।

(ग) आधारभूत तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण समावेशी, बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित बनाउन प्रदेश तथा संघीय सरकारसंग तथा अन्य सरोकारवाला संग समन्वय र साझेदारी गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(घ) आधारभूत तहका बालबालिकाहरुको शैक्षिक उपलब्धि सुधार गर्न शिक्षकको पेशगत तालिमहरु सञ्चालन गरी कार्यान्वयन गरिने छ ।

(ङ) विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना प्रविधि प्रणालीलाई सिकाइको अभिन्न अंगसंग जोड्दै विद्यार्थीका दैनिक क्रियाकलापसंग अन्तरसम्बन्धित गराई व्यवस्थित गरिनेछ। यसका लागि कक्षा ५ र ८ को स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

(च) विद्यालय क्षेत्र भन्दा बाहिर रहेका सबै बालवालिकाहरुको यथार्थ विवरण संकलन गरी उनीहरुको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

(छ) शिक्षक, कर्मचारी र प्र.अको क्षमता विकास,उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसंग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गरिने छ ।

(ज) वि.व्य.स, शि.अ.स र अभिभावकहरुको क्षमता विकास गर्न अभिमुखिकरण तथा क्षमता विकास र सचेतनामुलककार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ट) शिक्षक तथा विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईनेछ तथा नियमित स्वास्थ्य जाँच र स्वास्थ्य शिक्षा र सहायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ

(ठ) विद्यालय नक्साङ्कन, पूनर्वितरण दरबन्दी मिलान तथा समायोजन गरिनेछ साथै बिद्यार्थी संख्याका आधारमा ग्रेड थप गर्ने तथा घटाउने कार्य गरिनेछ।

(ड) बिद्यालयमा सुचना प्रविधीको व्यबस्थापन तथा उच्चतम प्रयोग , सिकाइ आदान प्रदान जस्ता कार्य प्रभावकारी रुपमा लगिनेछ ।

(ढ) सबै बिद्यालयमा बुक कर्नर, न्यूनतम शिक्षण सिकाइ र सन्दर्भ सामग्री तथा पुर्वाधार सुनिश्चित गरिनेछ र बिद्यालयमा पोषणयुक्त दिवा खाजालगायतका सुविधाहरु प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

(क) आधारभूत तहमा अध्ययनरत सबै बालवालिकाहरुको सिकाइ उपलब्धिमा अपेक्षित रुपमा सुधार भएको हुनेछ ।

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालवालिकाहरुको समतामुलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

(ग) आधारभुत तहका सबै बिद्यालयहरुमा न्यूनतम मापदण्ड पुरा भएको हुनेछन र गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

घ) सम्पुर्ण बिद्यालयहरु अपाङ्गमैत्री, प्रविधिमैत्री, बालमैत्री, वातावरणमैत्रीतथा लैङ्गिकमैत्री तथा सिकाइका लागि  सुरक्षित वातावरण सिर्जना भएको हुनेछन।

ङ)शैक्षिक तथा सन्दर्भ सामाग्रीको उपल्बधता भई समावेशी वातावरणमा विद्यार्थी सक्रिय भएर सिकाइ प्रणालीमा सुधार भएको हुनेछ।

च) दिवा खाजा निर्देशिका २०७६ को मर्म अनुसार विद्यालयमा नै तयार गरेर स्थानीय उत्पादनमा आधारित पौष्टिक खाजा तोकिएको अवधिसम्म नियमित पाएको हुनेछन।

छ)आधारभुत तहमा कुल भर्ना दर र खुद भर्ना दर बिचको अन्तर कम भै सही उमेर समुहका बालबालिका सहि कक्षामा शत प्रतिशत हुने कुरा सुनिश्चित भएको हुने ।

ज) शिक्षक, विव्यस, वाल क्लव लगायतको क्षमता विकास भै सक्रियतापूर्वक काय गरेको हुनेछन साथै आधारभुत तहमा समुदाय र अभिभावकको संलग्नता अभिबृद्धि भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा (१-५) मा शिक्षक र विद्यार्थी अनुपात | १:२४ | १:२४ | १:२४ | १:२५ | १:२५ | १:२५ | १:२५ |
| २ | आधारभूत तह कक्षा (१-५)मा कूल भर्नादर | १२३।९ | १२० | ११८ | ११५ | ११० | १०७ | १०३ |
| ३ | आधारभूत तह कक्षा (१-८)मा कूल भर्नादर | १२३।६ | १२० | ११८ | ११५ | ११० | १०७ | १०३ |
| ४ | आधारभूत तह कक्षा (१-५)मा खूद भर्नादर | ९५।६ | ९५।८ | ९६ | ९६।५ | ९६।९ | ९७।५ | ९९ |
| ५ | आधारभूत तह कक्षा (१-८)को खूद भर्नादर | ९५।९ | ९६।२ | ९६।७ | ९७ | ९७।५ | ९८ | ९९ |
| ६ | आधारभूत तह कक्षा (१-५)को कक्षा छोड्ने दर | ४।२ | ३।८ | ३।५ | ३ | २।५ | २ | ० |
| ७ | कक्षा (६- ८) को कक्षा छोड्ने दर | २।७ | २।४ | २।२ | २ | १।८ | १।५ | १ |
| ८ | कक्षा (१-५) को कक्षा दोहर्याउने दर | ५।४ | ५।३ | ५।१ | ५ | ४ | ३ | २ |
| ९ | कक्षा (६-८)को कक्षा दोहर्याउने दर | २।३ | २।३ | २।१ | २ | १।८ | १।५ | १ |
| १० | कक्षा (१-५)को उत्तीर्ण प्रतिशत | ८५।९ | ८६ | ८६।५ | ८७ | ८८ | ९० | ९५ |
| ११ | कक्षा (६-८) को उत्तीर्ण प्रतिशत | ९१।६ | ९२ | ९२।५ | ९३ | ९४ | ९५ | ९७ |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

### ३.२.५ प्रमख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बिद्यालय भर्ना अभियान कार्यक्रम तथा विद्यालय बाहिर रहेका बालबालिकालाई बिद्यालयमा ल्याउन अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | २ | पालिका र बिद्यालय |
| २ | विद्यालयनक्साङ्कन, पुनर्वितरण समायोजन | पटक | | १ | | | १ | | पालिका |
| ३ | शिक्षककर्मचारी र प्र.अ.लाई शिक्षक पेशागत विकासकका लागि क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| ४ | वालक्लवरे.सको किशोरी क्लव गठन पुनगठन र क्षमता अभिवृद्धि तालिम | पटक | | १ | १ | १ | १ | २ | पालिका |
| ५ | वि.व्य.स,शि.अ.सं लगायतको क्षमता विकास | पटक | | १ | १ | १ | १ | २ | पालिका |
| ५ | स्टीम ल्याब स्थापना र प्रयोग | बिद्यालय | | ३ | ५ | | | निरन्तर | पालिका र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मावि र कक्षा ८ स्म्मका आवि | | | | | | | | विद्यालय |
| ६ | सिकाइमैत्री स्मार्ट कक्षा कोठा व्यबस्थापन | बिद्यालय | | १० | १० | १० | १० | १५ | पालिका र विद्यालय |
| ७ | कक्षाकोठामा पुस्तकालय र बुकर्याक | बिद्यालय | | १० | १० | १० | १० | १५ | पालिका र विद्यालय |
| ८ | कक्षा ५ र ८ को स्तरीकृत परिक्षा व्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| ९ | शिक्षण सिकाइ तथा सन्दर्भसामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | २ | पालिका र बिद्यालय |
| १० | बिद्यालयमा दौतरी शिक्षा तथा वाल कलवको क्षमताविकास तथा परिचालन | पटक | | १ | १ | १ | १ | २ | पालिका |
| ११ | शिक्षक पेशागत सहयोग संरचना निर्माण र कार्यान्वयन, विज्ञ समुहलाइ अभिमुखिकरण तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| १२ | अन्तरविद्यालय भ्रमण र सिकाइ आदान प्रदान | पटक | | १ | | १ | | १ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | पालिका स्तरमा पढाइ उत्सब तथा प्रतियोगिताका कार्यक्रमहरु | पटक | | १ | १ | १ | १ | २ | पालिका र विधालय |
| १४ | शिक्षकका लागि सन्दर्भ सामग्री र सहायता सामग्री व्यवस्थापन | पटक | | १ | १ | १ | १ | २ | पालिका र विधालय |
| १५ | शिक्षक र विधालय कर्मचारी प्रोत्साहन एंव पुरस्कृत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| १६ | लेखा तथा प्रशासन व्यवस्थापनका लागि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निशुल्क हुने कुरा मार्ग निर्देशन गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ले सबै बालवालिकाहरुलाई गुणस्तरिय माध्यमिक शिक्षामा पहुँच विस्तार गर्ने कुरा उल्लेख गरेको छ । यसका साथै नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षालाई स्थानिय तहको एकल अधिकार क्षेत्रमा राखेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले कक्षा (९-१२) को शिक्षालाई माध्यमिक तहको रुपमा बर्गिकृत गरेको छ । हाल नेपालमा माध्यमिक शिक्षालाई साधारण र प्राविधिक गरी २ धारमा बर्गीकरण गरिएको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ अनुसार माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्न कुनै पनि शुल्कको व्यवस्था हुने छैन भनि स्पष्ट रुपमा उल्लेख गरेको छ ।उच्च शिक्षा प्रवेशको पूर्व तयारी गर्ने समयको हिसाबमा ममाध्यमिक तहको शिक्षालाई महत्वपूर्ण रुपमा लिने गरिएको छ । नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान सीप प्रविधि तथा सीपका बारेमा अध्ययन गरेर वैज्ञानिक चिन्तन तथा सृर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ । माध्यमिक तह कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागू गरिएको छ । प्राविधिक धारका विद्यालयहरुमा कक्षा ९ देखि नै अलग धारका रुपमा सञ्चालन हुने व्यवस्था गरेको छ । स्थानीय तहको एकल अधिकार क्षेत्रको रुपमा अङ्गिकार गरेकोले सो कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय

तहहरुले पनि माध्यमिक तहका लागि नीति नियम कार्यक्रमहरु तयार गरी योजनामा समावेश गर्ने गरिएको छ ।

मुसिकोट नगरपालिकामा जम्मा ११९ ओटा माध्यमिक विद्यालयहरु सञ्चालनमा छन् । ती विद्यालयहरु मध्ये ८ ओटा विद्यालयमा कक्षा (९-१०) सम्मको पठनपाठन् हुन्छ भने ११ ओटा विद्यालयमा कक्षा (९ -१२) सम्मको पठनपाठन् हुन्छ । यस अन्तर्गत माध्यमिक तहका सामुदायिक बिद्यालय जम्मा १६ र संस्थागत ३ वटा रहेका छन । माध्यमिक तहमा अध्ययन गर्ने जम्मा विद्यार्थी संख्या २६११ जना रहेका छन ।

**माध्यमिक तहमा अध्ययन गर्ने बिद्यार्थीहरु निम्नानुसार रहेका छन ।**

| तह | सामुदायिक तर्फ | | | संस्थागत तर्फ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| माध्यामिक तह (९ - १०) | ७६८ | ७९७ | १५६५ | ६६ | १०५ | १७१ | १७३६ |
| माध्यामिक तह (११ - १२) | २३० | ४७० | ७०० | १६ | ३१ | ४७ | ७४७ |
| जम्मा | ९९८ | १२६७ | २२६५ | ८२ | १३६ | २१८ | २४८३ |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

माध्यमिक तहमा जम्मा शिक्षक संख्यामा कक्षा (११ -१२) मा अध्यापन गराउने जम्मा शिक्षकको संख्या महिला शुन्य र पुरुष११ गरी जम्मा ११ जना छन ,जसमध्ये दरवन्दीमा ४ जना र अनुदानमा ७ जना रहेका छन । माध्यमिक तह कक्षा (९- १२) सम्म अध्यापन गराउने जम्मा शिक्षकको संख्यामहिला ६ र पुरुषा ४५ गरफ जम्मा ५१ जना रहेका छन । माध्यमिक तहमा जम्मा शिक्षक र विद्यार्थी अनुपात १:३७ रहेको छ । कक्षा (११-१२) को कूल भर्नादर र खूद भर्नादर क्रमशः ८७.४ प्रतिशत र ५२.१ प्रतिशत रहेको छ । त्यसैगरी, कक्षा (९- १०) को कूल भर्नादर र खूद भर्नादर क्रमशः १०४.४ प्रतिशत र ८०.२ प्रतिशत रहेको छ ।कक्षा (९ -१०)को उत्तीर्ण दर९५.३ प्रतिशत रहेको छ । साथै, कक्षा (११ - १२) को उत्तीर्णदर ९५.६ प्रतिशत रहेको छ ।कक्षा (९- १०) को कक्षा छोड्ने दर १.९ प्रतिशत रहेको छ । कक्षा (११ -१२) को कक्षा छोड्ने दर ०.८ प्रतिशत रहेको छ । साथै, कक्षा (९ -१०) मा कक्षा दोहर्याउने दर भने ०.७ प्रतिशत रहेको पाईन्छ ।कक्षा (११ -१२) मा कक्षा दोहर्याउने दर भने ०.३ रहेको छ । विषयगत शिक्षकको आपूर्ति प्रक्रियाको सन्दर्भमा स्थायी शिक्षक न्युक्ति शिक्षक सेवा आयोगको सिफारिस अनुसार हुने गरेको छ भने अस्थायी/करार शिक्षकको नियुक्ति पालिकाद्वारा छनौट प्रक्रिया पूरा गरी गरिन्छ । आधारभुत तह उतिर्ण गरि सके पश्चात माध्यमिक तह अध्ययन गर्ने दर न्यून देखिन्छ । समग्रमा पालिकामा माध्यमिक तहमा बिद्यार्थी टिकाउ दर कम देखिन्छ । यसका साथै माध्यमिक तहमा बिषयगत शिक्षकको अभाव, शिक्षक क्षमता विकासको अभाव, अपाङ्गता तथा अन्य हिसाबमा मैत्रिपूर्ण भौतिक संरचनाको अभाव, प्रयास शैक्षिक तथा सन्दर्भ सामग्रीको अभाव, सुचना तथा सञ्चार प्रविधिको पुँहच तथा प्रयोगमा समस्या, बिद्यालय

अनुगमन तथा निरिक्षण लगायतका क्षेत्रमा समस्याहरु र चुनौतीहरु रहेका छन् । माध्यमिक तहमा बिद्यार्थी रिटेन गर्नका लागि नगरपालिकाले विभिन्न शैक्षिक कार्यक्रम जस्तै छात्रवृति, शैक्षिक सहायता र सुधारका कार्यक्रम प्रभावकारी रुपमा थालनी गर्न सक्नुपर्दछ । यसका अलवा बिधालयमा प्रयाप्त शैक्षिक सामग्री अभाव हुन , सुचना प्रविधको प्रयोग प्रभावकारी रुपमा गर्न नसक्नु, बिद्यालयमा समुदायको संलग्नता कमी हुनु, प्रभावकारी शैक्षिक वातावरण निर्माण गर्न नसक्नु जस्ता समस्या र चुनौती रहेका छन ।

### ३.३.२उद्देश्यहरु

मुसिकोट नगरपालिकाको माध्यमिक तहको शिक्षालाई व्यवस्थित र गुणस्तरीय गरीशैक्षिक सुधार गर्न निम्नानुसारका उदेश्यहरु अबलम्बन गरिएको छ ।

(क)माध्यमिक तहकाविद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण, लैङगिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाइ समतामुलक पहुँच सुनिश्चित गर्नु।

(ख) माध्यमिक तहको विषयगत सिकाई उपलब्धि वृद्बि गर्नु र माध्यमिक तह कक्षा १० को एस ईई र कक्षा ११/१२ को उतिर्ण दरमा सुधार ल्याउनु तथा माध्यमिक तहमा बालबालिका टिकाउ दरमा बृद्धि गर्नु।

(ग) माध्यमिक तहको शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु र संस्थागत क्षमता विकास र व्यवस्थापन गर्नु।

(घ) माध्यमिक तहका बिद्यालयहरुमा सुचना प्रविधिको उच्चतम र प्रभावकारी प्रयोग गरी बिधार्थीको समतामुलक पहुँच अभिबृद्धि गर्नु ।

(ङ) आपतकालिन अवस्थामा समेत शिक्षण सिकाई क्रियाकलापहरुलाई निरन्तरता दिन सकिने र वालवालिकाको सिकाइ क्षती अपुरण गर्ने अवस्था सुनिश्चित गर्नु ।

(च) शिक्षण सिकाई क्रियाकलाप समय सापेक्ष बनाउँदै सिकाइलाई दैनिक जीवनसंग सम्बन्धित गर्नु र प्राविधक तथा व्यवसायिक शिक्षा प्रवर्द्धन गरी बालवालिकालाइ आत्मनिर्भरता तर्फ उन्मुख गराउनु।

(छ) माध्यमिक तह एसईई र कक्षा १२ को बोर्ड परीक्षालाई थप व्यवस्थित र मापदण्ड अनुसार सञ्चालन

### ३.३.३ रणनीति

माध्यमिक तहका लक्षित उद्देश्यहरु हाँसिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिएको छ ।

(क) संघीय र प्रादेशिक सरकार तथा अन्य विकास साझेदारहरुसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक तहका विद्यालयहरुको क्षमता विकास गरिने छ ।

(ख) माध्यमिक तहमा सबै बालवालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षाको समतामुलक र समावेशी तवरले पहुँच सुनिश्चित गरिने छ ।

(ग) माध्यमिक तहका विद्यालयहरुमा सूचना प्रविधिको थप विकास गरी सुचना प्रविधिको उच्चतमा प्रयोगका लागि क्षमता विकास गरी शिक्षण सिकाईलाई सुचना प्रविधीमैत्री तवरमा प्रवर्द्धन गरिने छ ।

(घ) संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरुलाई पेशागत क्षमता विकास र पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ ।

(ङ) माध्यमिक तहका विद्यालयहरुको वास्तविक अवस्था र नक्साङ्कन गरी सवै बालवालिकाहरुको पहुँच सुनिश्चित गर्न विद्यालयको पुनः वितरण तथा समायोजन गरिने छ ।
(च) परीक्षा व्यवस्थापन प्रणालीलाई स्तरीकृत र व्यवस्थित गरी विद्यार्थी मूल्याङ्कन प्रणालीलाई जीवनउपयोगी सिकाइसंग जोडेर सञ्चालन गरिने छ ।
(छ) सिकाई उपलब्धि न्यून भएका विषय र विद्यार्थी पहिचान गरी सुधार गर्न कार्ययोजना बनाई उपचारात्मक र सुधारात्मक विधीहरु लागु गरिने छ ।
(ज) अति विपन्न बालवालिकाहरुलाई समावेशीताको आधारमा समयानुकूल शैक्षिक सहयोग जस्तै पोशाक , शैक्षिक सामग्री तथा छात्रवृत्तिको व्यवस्था र प्रोत्साहनमूलक कार्यक्रमहरु गरिनेछ ।
(झ) विद्यालय बाहिर रहेका बालवालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
(ञ) विद्यालय प्रशासन र व्यवस्थापनलाई चुस्त र प्रभावकारीरुपमा सञ्चालन गर्न प्रशासनिक क्षमता विकास कार्यक्रहरु सञ्चालन गरिनेछ यसमा प्रधानाध्यापक तथा विधालय कर्मचारीलाई क्षमता विकास र परिचालन गरिनेछ
(ट) विद्यालयलाई विभिन्न किसिमका प्रकोप वाटहुने विपद र जलवायु परिवर्तन लगाएतका परिस्थिति प्रति उत्थानशील बनाईनेछ ।
(ठ)समयसापेक्ष र आवश्यकता अनुसारप्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना र सञ्चालन गर्न संघीय र प्रदेश सरकारसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।
(ड) माध्यमिक तहमा शैक्षिक सुधारका लागि परिवार तथा समुदायको संलग्नतामा अभिबृद्धि भएको हुनेछ ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) यो शिक्षा योजना लागु भए पश्चात माध्यमिक तहको शिक्षामा सवैको समतामुलक र समावेशी पहुँच सुनिश्चित भई शैक्षिक गुणस्तरमा सुधार हुनेछ ।
(ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरियतामा प्रवर्द्धन भई समता,समावेशिता र व्यवहारिकतामा रुपान्तरण भएको हुनेछ ।
ग) माध्यमिक तहमा कक्षा उतिर्ण दरमा सुधार भएको हुनेछ भने कक्षा दोहोराउने र कक्षा छोड्ने दरमा न्यूनिकरण गर्नु तथा माध्यमिक तहमा सुचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग मार्फत बालबालिकाको पहुँच बढेको हुनेछ ।
घ) शिक्षकको पेशागत क्षमता विकास, सबै बिद्यालयहरु सुरक्षित, मैत्रीपूर्ण तथा शैक्षिक वातावरणामा सुधार भएको हुनेछ साथै माध्यमिक तहका बिद्यालयहरुको संस्थागत क्षमता विकास प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ र परिवार तथा समुदायको संलग्नता बढेको हुनेछ ।
(ङ)माध्यिमक तह उत्तिर्ण भएका विद्यार्थीहरु रोजगारीमा संलग्न हुन योग्य हुने छन् ।

| क्र. स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९ -१० मा भर्ना | १५६५ सामुदायिक | १६०० | १६२० | १६४० | १६६० | १६८० | १७०० | १७२० |
| २ | माध्यमिक तह कक्षा ११-१२ मा भर्ना | ७०० सामुदायिक | ७०० | ७१५ | ७३० | ७४५ | ७६० | ७८० | ९०० |
| ३ | कक्षा ९- १२ मा शिक्षक विद्यार्थी अनुपात | १:३७ | १:३५ | १:३४ | १:३३ | १:३२ | १:३१ | १:३० | १:३० |
| ४ | कक्षा ९- १२ को कूल भर्नादर | ९६ | ९६.५ | ९७ | ९८ | ९८.५ | १०० | १०२ | १०५ |
| ५ | कक्षा९-१२ को खूद भर्नादर | ६६.२ | ६७ | ६९ | ७० | ७२ | ७५ | ७७ | ८० |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

### ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १२ पढ्ने बालबालिकाको लागि इन्टर्नसिपको व्यबस्था | जना | ० | १० | १० | १० | १० | २० | नगरपालिका |
| २ | अति विपन्न विद्यार्थीहरुलाई छात्रवृति | संख्या | ० | १० | १० | १० | १० | २० | पालिका |
| ३ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १ | पालिका |
| ४ | विज्ञान, गणित लगायतका विषयका लागि प्रयोगशाला | विद्यालय | १ | १ | १ | १ | १ | २ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थापना तथा सुधार | | | | | | | | |
| ५ | शिक्षकलाई प्रोत्साहन एंव पुरस्कार | पटक | १ | १ | १ | १ | १ | १ | पालिका |
| ६ | बिधार्थी तथा शिक्षक मनोसामाजिक परामर्श तालिम कार्यक्रम | पटक | | १ | १ | १ | १ | २ | पालिका |
| ७ | शैक्षिक भ्रमण तथा सिकाइ आदान प्रदान | पटक | | १ | | १ | | २ | पालिका |
| ८ | शिक्षक क्षमता विकास तालिम, पेशागत सहयोग र रोष्टर स्थापना | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| ९ | शिक्षकले प्रअ र प्रअले शिक्षा शाखा संग कार्यसम्पादन सम्झौता | बिधालय | | १६ | १६ | १६ | १६ | १६ | बिद्यालय पालिका |
| १० | चौमासिक प्रतिवेदन तथा कार्ययोजना | बिधालय | १६ | १६ | १६ | १६ | १६ | १६ | बिद्यालय पालिका |
| ११ | बिद्यालयमा बालबालिका को लागि सिकाइ क्रियाकलाप गर्न स्टीम ल्याब स्थापना र प्रयोग | बिद्यालय | ० | २ | २ | २ | २ | ४ | पालिका |
| १२ | पुस्तकालयको | बिद्याल | १ | १ | १ | १ | १ | २ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विस्तार,पुस्तक थप तथा प्रयोग र व्यबस्थापन | य | | | | | | | |
| १३ | बिद्यालय नर्सको व्यबस्था क्षमता विकास र बिद्यालयमा विभिन्न स्वास्थ्य सामग्री थप गर्ने | बिद्याल य | ११ | १६ | १६ | १६ | १६ | १६ | पालिका |
| १४ | एकिकृत शैक्षिक सुचना व्यबस्थापन तालिम तथा सुचना प्रविधी तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| १५ | पढ्दै कमाउदै कार्यक्रम | विद्याल य | | १ | २ | २ | २ | ५ | पालिका |
| १६ | माध्यमिक तहका अभिभावकका लागि सचेतनामुलक कार्यक्रम र भेला | बिद्याल य | | १६ | १६ | १६ | १६ | १६ | बिद्यालय र पालिका |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज)बाट भएको हो ।नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यवसायिक सीप र ज्ञान सिकाउने प्रयास

वि.सं. २००४ सालदेखि नै शुरु भएको हो । यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यवसायिक शिक्षाले ६ दशक पार गरिसकेको छ ।विद्यालय स्तरको शिक्षादेखि नै स्रोत साधनको उपयोग गर्न सक्ने न्युनतम ज्ञान, सिप र धारणाको विकास गराउने किसिमको पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न जरूरी छ।

विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षा जीवनयापन गरेर खान सक्ने आधारभूत व्यवसायिक सिप र दक्षता सहितको श्रम शिक्षा हुनुपर्छ। शिक्षा स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यवसायिक सिप र उद्यमशिलतामा आधारित श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी हुन सक्ने हुनुपर्छ। माध्यामिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक/व्यवसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ । बिद्यार्थीका लागि माध्यमिक तहमा प्रविधिक र व्यवसायीक सिप प्रदान गरी उनीहरुलाई सक्षम र गरिखाने बनाउन आबश्यक छ । कृषि ,पशुपालन, फलफूल , इन्जिनियरिङ जस्ता क्षेत्रहरुमा प्राविधिक र व्यवसायीक रुपमा सक्षम र दक्ष बनाउन सकेमा अहिलेको परिवेशमा बालबालिकाहरु स्वाबलम्बि बन्न सक्दछन । शिक्षालाई सीप सीपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसंग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिएन भने राज्यलाई शैक्षिक बेरोजगारको भिड थेग्न थप चुनौती हुने देखिन्छ।

मुसिकोट नगरपालिका जल, जमिन, जडीवुटी , पर्यटनतथा धार्मिक स्थलहरुको धनि नगरपालिका हो । यहाँ फलफूल, पशुपालन, अन्नवाली र नगदेवालीको धेरै सम्भावना रहेको पाईन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षाले नागरिकलाई स्वरोजगार बनाउँछ। प्राविधिक शिक्षा आजको आवश्यकता हो । नगरपालिकामा प्राविधिक शिक्षाको विकास र विस्तार कमै देखिन्छ । प्राविधिक शिक्षाको विकास र विस्तारमा सवै सरोकारवालाहरुले ध्यान दिनु जरुरी देखिन्छ ।

मुसिकोट नगरपालिकामा २ वटा माध्यामिक विद्यालयमा प्राविधीकतथा व्यावसायिक शिक्षा अन्तर्गत श्री जनता माध्यामिक विद्यालय मु न पा १ खलंगामा डिप्लोमा इन्जिनियरीङ ३ बर्षे कार्यक्रम सञ्चालन भइराखेको छ। यस कार्यक्रमले विद्यार्थीहरुमा इन्जिनियरीङ क्षेत्रका काममा काम गर्न स्वोरोजगारको लागि सहयोग पुगेको पाइन्छ। श्री महेन्द्र माध्यामिक विद्यालय मु न पा १३ चौतारामा कृषि तर्फतिनबर्षेवालिविज्ञान विषयको पठनपाठन हुँदै आएको छ ।यो विषय अध्ययन गर्ने बालवालिकाहरुले तरकारी खेती, फलफूल खेती, च्याउ खेती,नगदेवाली, अन्नवाली जस्ता क्षेत्रहरुमा सिकाई गरी स्वरोजगार तथा आत्म निर्भर हुने अवसर प्राप्त गरिरहेका छन् । यसबाट विद्यार्थीहरुले कमाउदै सिक्दै गरीरहेको देखिन्छ । प्रशिक्षकको क्षमता विकास र संख्यामा थप व्यवस्था मिलाएमा प्राविधिक र व्यावसायिक शिक्षमा सुधार गर्न सकिन्छ ।जसलाइ निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**शैक्षिक शत्र २०८१ को विद्यार्थी विवरण**

| क्रसं | विद्यालयको नाम | सञ्चालित कार्यक्रम | प्रशिक्षक संख्या | विद्यार्थी सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा | |
| १ | श्री त्री ज मावि खलंगा | डिप्लोमा इन्जिनियरीङ | ३ जना | ९ | ८ | १७ | बिद्यालयको आन्तरीक स्रोतबाट सञ्चालित |
| २ | श्री महेन्द्र मावि | वालिविज्ञान | ३ जना | १७ | ६ | २३ | CTEVTबाट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चौतारा | | | | | | अनुदान प्राप्त |
| जम्मा | | २ वटा | ६ जना | २६ | १४ | ४० | |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

विगतको वर्षहरुमा दुवै धारका कार्यक्रममा अध्ययनरत विद्यार्थीहरु सत प्रतिशत उतिर्ण भएको पाइएको छ। यो कार्यक्रम सञ्चालन गर्न स्थानिय सरकार(मुसिकोट नगरपालिका), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् भक्तपुर र संघीय सरकारको सहयोग प्राप्त भईरहेको छ । यो कार्यक्रम सञ्चालन गर्नको लागि अझैं पनि आर्थिक,भौतिक र प्राविधिक समस्याहरु विद्यालयले झेल्नु परिरहेको छ । विद्यालयको भौतिक, आर्थिक र प्राविधिक अवस्थामा सुधार गर्नको लागि विद्यालय, अभिभावक, स्थानिय सरकार, प्रदेश सरकार, संघीय सरकार, गैरसरकारी संघसंस्थाहरुलगायत अन्य सरोकारवालाहरुको सहयोग अपरिहार्य देखिन्छ ।प्राविधिक शिक्षा आजको आवश्यकता हो त्यसैले मुसिकोटमै गुणस्तरीय प्राविधिक शिक्षाको विकास र विस्तार गर्न नयाँ धारका उच्च प्राविधिक शिक्षालयहरु खोल्नु पर्ने देखिन्छ । हाल दुइ वटा विद्यालयमा ३ बर्षे तालिमको मात्र व्यबस्था भएको र अझै पनि अन्य माध्यमिक तहमा माथिका बाहेकको प्राविधिक शिक्षा सञ्चालन गर्न नसक्नु चुनौतीको रुपमा रहेको छ ।नगरपालिकाले यसतर्फ ध्यान पुर्याउन आबश्यक देखिन्छ ।

### ३.४.२ उद्देश्य

मुसिकोट नगरपालिकामा प्राविधिक र व्यवसायीक शिक्षा मार्फत सिपमुलक र रोजगारउन्मुख जनशक्ति तयार गर्न निम्नानुसारका उदेश्य अवलम्बन गरिएको छ ।

(क) प्राविधिक,व्यावसायिक रसीपमूलक शिक्षामार्फत आत्मनिर्भर र उत्पादनशील जनशक्तिको निर्माण गर्नु ।

(ख)प्राविधिक,व्यावसायिक र सीपमूलक शिक्षामार्फत स्वरोजगारका अवसरहरु सुनिश्चित गर्नु ।

(ग) नगरपालिका भित्र भएका प्राकृतिक र मानव निर्मित स्रोत साधनहरुको सही तरीकाले निर्माण तथा उपयोग गर्न।

घ) रोजगारमूलक,सीपमूलक र उत्पादनशील जनशक्तिको निर्माण गरी नागरीकको आर्थिक अवस्थामा सुधार ल्याउन ।

ङ) मुसिकोट नगरपालिकामा प्राविधिक तथा व्यवसायीक शिक्षा प्रवर्धन र व्यबस्थापन गर्नु ।

### ३.४.३ रणनीतिहरु

माथि उल्लेखित उदेश्यहरु पुरा गर्न निम्न बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ ।

(क) प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि सरोकारवालाहरुको सहभागिता र स्थानिय सरकारको अपनत्व र लगानीमा वृद्घि गर्ने ।

(ख) स्थानिय स्तरमा पाईने विधिन्न स्रोत साधनहरुको उपयोग गरी स्वरोजगारमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) प्राविधिक विद्यालय, स्थानिय सरकार र समुदायवीच व्यवसायिक प्रणालीमा सुधार गर्न खोज तथा अनुसन्धान र तालिमको लागि समन्वयात्मक वातावरण तय गरी अगाढी बढाउने ।

(घ) प्राविधिक विषय सञ्चालन गरेका विद्यालयहरुको भौतिक,शैक्षिक र प्रशासनिक सुधारको लागि आर्थिक स्रोतहरु जुटाउने र नँया प्राविधिक शिक्षालयहरुको स्थापनाका लागि प्रवन्ध मिलाउन थप अध्ययन गर्ने।

(ङ) प्राविधिक विषयका शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नको लागि तालिम कार्यशालाहरु सञ्चालन गर्ने।

(च) समुदाय स्तरमा विभिन्न आधारभूत तालिमहरु सञ्चालन गर्ने र प्राविधिक शिक्षा लिने बिधार्थीहरुलाई उक्त तालिममा भाग लिन प्रोत्साहन दिने ।

(छ) विपन्न , अति गरीव , दलित तथा महिला अल्पसङ्ख्यक लागि नगरपालिकाले निःशुल्क प्राविधिक तथा ब्यावसायीक शिक्षा प्राप्त गर्ने अवसरको ब्यवस्था मिलाउने।

(ज) शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट सम्बन्धन प्राप्त कक्षा ९-१२ का लागि प्राविधिक धार (कम्प्युटर इन्जिनियरिङ) को ब्यबस्था गर्ने ।

### ३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

(क) प्रमुख उपलबिध तथा नतिजा

- मुसिकोट नगरपालिकामा न्युनतम ५ वटा प्राविधिक धार भएको विधालय सञ्चालन भएकोहुनेछ ।
- नगरपालिका सेवाक्षेत्र भित्र उपलब्ध प्राकृतिक र कृत्रिम स्रोत र साधनहरुको उपयोग र परिचालन गर्दै, आर्थिक आयआर्जन गर्न सक्ने सीपमूलक ,स्वरोजगार जनशक्तिको उत्पादन गर्ने ।
- नगरपालिकाले प्राविधिक शिक्षा अध्ययन गरेका सीपयूक्त जनशक्तिहरुले न्युनतम् स्रोत र साधनको अधिकतम उपयोग गर्ने।
- स्वरोजगार, उत्पादनशील र व्यावसायिक कार्यक्रमहरु मार्फत नगरपालिका भित्र बसोवास गर्ने सवै नागरिकहरुको आर्थिक आयआर्जनको रुपान्तरणमा टेवा पूर्याईएको हुनेछ ।

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अबधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यबसायीक तालिम प्रदान गर्ने बिधालय | २ | २ | ३ | ३ | ४ | ५ | ५ |
| २ | प्राविधिक शिक्षा तथा व्यबसायीक तालिममा सहभागि बिधार्थी संख्या | २१ | | ६० | | | | १२० |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक धारको विद्यालय सञ्चालन तथा थप गर्ने | पटक | २ | २ | ३ | ३ | ३ | ४ | नगरपालिका, सिटिईभिटी |
| २ | शिक्षक तथा कर्मचारी व्यवस्थापन | जना | ६ | ९ | ९ | १२ | १५ | १५ | नगरपालिका, सिटिईभिटी |
| ३ | प्रयोगशाला तथा आई.सि.टी ल्याब व्यवस्थापन, | पटक | २ | १ | १ | १ | १ | १ | नगरपालिका, सिटिईभिटी |
| ४ | प्राविधक तथा व्यबसायीक शिक्षासञ्चालनको लागि अध्ययन तथा कार्यविधी तयारी | पटक | | १ | | | | | नगरपालिका सिटिईभिटी |
| ५ | छोटा अवधिका आधारभुत तालिमको व्यबस्था गर्ने सीपमुलक र रोजगार उन्मुख | पटक | | १ | १ | १ | १ | २ | नगरपालिका र सिटिईभिटी |
| ६ | कक्षा ९-१२ का लागि प्राविधिक धार (कम्प्युटर इन्जिनियरिङ) को ब्यबस्था | पटक | | १ | १ | १ | १ | २ | नगरपालिका र सिटिईभिटी |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

#### ३.५.१ वर्तमान अवस्था

शिक्षा मानिसको जीवनमा अपरिहार्य छ । यसले मानिसलाई आफ्नो दैनिक जीवनमा आई पर्ने विभिन्न कठिनाइ तथा समस्याहरु हल गर्न सहयोग पूर्याउँछ । औपचारिक शिक्षाबाट बञ्चित भएका नागरिकहरुलाई अनौपचारिक शिक्षाको सहयोगले पनि जीवन निर्वाहमा धेरै सहयोग पूर्याउन सक्छ । अनौपचारिक शिक्षा र आजीवन सिकाईले दैनिक जीवनका समस्याहरु हल गर्न र आफ्नो पेसा व्यावसाय सञ्चालन गर्न सहयोग गर्दछ ।मुसिकोट नगरपालिकाले पनि अनौपचारिक र आजीवन सिकाईको लागि बिभिन्न कार्यक्रमहरु तर्जुमा गरी सञ्चालनमा ल्याएको पाईन्छ।यसबाट धेरै नागरिकहरु लाभान्वित भएको पाईन्छ। यस शैक्षिक कार्यक्रमलाई अझैं थप प्रभावकारी बनाउन स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसंग साझेदारी गरी अघि बढ्नु पर्ने देखिन्छ ।मुसिकोट नगरपालिकाकामा हाल ६ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेको र ती केन्द्रह मार्फत निरन्तर सिकाइका क्रियाकलापहरु सञ्चालनमा रहेका छन ।मुसिकोट नगरपालिकाको साक्षरता दर ८०.६ प्रतिशत रहेको छ जसमा पुरुषको साक्षरता ८७.५ प्रतिशत र महिलाको साक्षरता ७४.८ प्रतिशत रहेको छ । सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा रहेका आमा समुहरुको भेला र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भैरहेका छन । सामुदायिक सिकाइ केन्द्रहरु मार्फत पुस्तकालयको व्यबस्थापन गर्ने उद्देश्य रहेको सोअनुसार सबै सामुदायिक सिकाइ केन्द्रहरुमा पुस्तकालय रहेका छन्। समुदायस्तरमा साक्षरताका क्रियाकलापहरु सञ्चालन गर्नुपनर्ने तथा निरन्तर शिक्षालाइ निरन्तर रुपमा चलाउन समुदाय स्तरमा रहेका विभिन्न उत्पादनमुलक आमा समुह र बचत समुह सहकारी युवा क्लब अन्य समितिहरुलाई क्षमता विकास र परिचालन गर्न आबश्यक देखिन्छ ।

#### ३.५.२ उद्देश्य

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लक्ष्य हाँसिल गर्न निम्नानुसारका उदेश्य किटान गरिएको छ ।

(क) सबै नागरिकका लागि समता सहितको साक्षरता र आजीवन सिकाईका अवसर सुनिश्चित गर्ने ।

(ख) सामुदायिक सिकाई केन्द्रको कार्यक्रमलाइ सहजिकरण गर्ने ।

(ग) सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिबृद्धि तथा प्रभावकारी परिचालन गर्ने।

(घ) बिद्यालय शिक्षाको अवसरबाट बञ्चित भएका वा बिचैमा कक्षा छोडेका तथा औपचारिक शिक्षाको पहुँच भन्दा बाहिर रहेका वर्गलाई शैक्षिक मुलधारमा ल्याउनुपर्ने।

(ङ) अनौपचारीक शिक्षा सम्बन्धि निरन्तर सिकाइका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने।

(छ) अनौपचारिक शिक्षा तथा निरन्तर एवं जीवन पर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता अभिवृद्धि गर्न डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने।

(ज) अनौपचारीक शिक्षा कार्यक्रम सञ्चालन पश्चात आयआर्जनमा सहयोग गर्ने।

#### ३.५.३ रणनीति

माथी उल्लेखित उदेश्य हाँसिल गर्न निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिनेछ ।

(क) सामुदायिक सिकाई केन्द्‍ मार्फत विभिन्न सीपविकास र आयआर्जन तथा सीप मूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ख) सामुदायिक सिकाई केन्दको थप स्तरोन्नतीको लागि स्थानिय सरकार,प्रदेश सरकार र संघीय सरकारसंग समन्वय र सहकार्य गरीअघि बढ्ने ।

(ग) सरोकारवालाहरुसंगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारीक तथा खुला सिकाई कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।

(घ) सामुदायिक सिकाई केन्द्, विद्यालय, स्थानिय संघसंस्था, नागरीक समाज , सञ्चार माध्यम र अभिभावक परिचालन गरी अनौपचारीक शिक्षा तथा जीवनपर्यन्त सिकाई कार्यक्रमलाई समतामूलक र पहुँच योग्य बनाई नागरीकका दैनिक समस्याहरु हल गर्ने वातावरण सुनिश्चित गर्ने ।

(ङ) अनौपचारी शिक्षा, साक्षरता कार्यक्रम, निरन्तर शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने तथा समुदायस्तरमा आमा समुह, आयआर्जन समुह युवा क्लब तथा बिभिन्न समुहरु संगठित तथा परिचालन गर्ने।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) सबै नागरीकका लागि साक्षरताशिक्षा,निरन्तर शिक्षा र आजीवन सिकाईका अवसरहरु प्राप्त भएर पुर्ण साक्षर नगरपालिका भएको हुनेछ।

(ख) सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास भै समुदायस्तरमा सिप विकास, आजिवन सिकाइका क्रियाकलापहरु तथा अभिभावकहरुको क्षमता विकास र सिकाइ अभिबृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाई केन्द्रको संख्या | ६ | ६ | ७ | ८ | ९ | १० | १२ |
| २ | साक्षरता | ८०.६ | ८१ | ८२ | ८३ | ८४ | ८५ | ८७ |
| ३ | सिकाइ केन्द्रमा पुस्तकालय | ६ | ६ | ७ | ८ | ९ | १० | १० |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलापहरु | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | निरक्षरहरुको तथ्याङ्क संकलन | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | पालिका र सिकाइ केन्द्र |
| २ | साक्षरता कार्यक्रम सञ्चान गर्ने | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | पालिका र सिकाइ केन्द्र |
| ३ | सामुदायिक सिकाई केन्द्रको अनुगमन,निरीक्षण र सहयोग | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | पालिका र सिकाइ केन्द्र |
| ४ | सामुदायिक सिकाई केन्द्रको सुदृढीकरण र क्षमता विकास | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | पालिका र सिकाइ केन्द्र |
| ५ | नयाँ सामुदायिक सिकाई केन्द्रको स्थापना र सञ्चालन | | १ वटा | १ वटा | १ वटा | १ वटा | | पालिका र सिकाइ केन्द्र |
| ६ | सिकाइ केन्द्रमा पुस्तकालयको स्थापना | | १वटा | १ वटा | १ वटा | १ वटा | | पालिका र सिकाइ केन्द्र |
| ७ | आयआर्जन समुहको क्षमता विकास र परिचालन | | १ पटक | १ पटक | १ पटक | १ पटक | २ पटक | पालिका र सिकाइ केन्द्र |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्था

शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार र मार्गदर्शन पाठयक्रम हो । बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम् विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरु पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन । पाठ्यक्रम समयानुसार विकास, परिवर्तन र परिमार्जन निरन्तर भइरहने प्रक्रिया हो । राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्ताबेजिकरण गरिएको थियो भने पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको थियो । नेपालको संविधानको धारा ३१ मा विश्वव्यापी भइरहेका नवीनतम् शैक्षिक प्रवर्धन, प्रयोग तथा उपलब्धि र राज्यको पुर्नसंरचनासँगै शैक्षिक स्मरण  भई पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय तहका पाठ्यक्रम २००६ देखि परिवर्तन तथा कार्यान्वयन गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, ले तयार गरेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाई सामाजिक न्याय, सकारात्मक रुपान्तरण र विश्व प्रतिस्प्रर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु संघीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ।

पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिइन्छ र पाठ्ययक्रमको आधारमा पाठ्यपुस्तकहरु निर्माण हसने र प्रयोग हुन्छन । पाठ्यपुस्तकलाई कार्यान्वयनमा मद्धत गर्नका लागि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरु सहायतको रुपमा लिने गरिन्छ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १० सम्मका सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ भने उक्त कार्यलाई यस मुसिकोट नगरपालिकाले पनि प्रभावकारी रुपमा समयमानै बिद्यालयमा पाठ्यपुस्तक पुर्याउन र बिद्यार्थीको हातमा पुर्याउने कार्य गरिएको छ। सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिएको पाइन्छ जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । बिद्यालयमा इपुस्तकालयको प्रवन्ध गर्न सकेमा भने पाठ्यपुस्तक र अन्य सनदर्भ र शैक्षिक सामग्रीहरु विभिन्न तवरमा शिक्षक र विधार्थीले प्रयोग गर्न सक्दछन ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको महत्व धेरै हुन्छ । सिकाइ सहजिकरणका समयमा शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्री जति प्रयोग गर्न सकियो त्यति सिकाइ प्रभावकारी हुने भएता पनि हाल पालिकामा सिकाइ शिक्षण र सन्दर्भ सामग्रीको उपलब्धता र प्रयोग न्यून रहेको देखिन्छ । बिधालयमा

प्रतिविधार्थी लागत उक्त सामग्रीहरु खरिद र प्रयोग गर्ने व्यबस्था गरिएको भएता पनि बिद्यालयमा प्रभावकारी अनुगमन र नियमान नहुदा उक्त सामग्रीहरुको व्यवस्थापन भएको देखिदैन ।

नषरपालिकाले सबै तहमा पाठ्यक्रमले निर्दिष्ट गरेको मुलयाङ्कन पद्धति अवलम्बन गरिएको छ भने कक्षा ८ को पालिका तहबाट स्तरिकृत परीक्षा सञ्चालन भएको र कक्षा ५ मा समेत स्तरिकृत परीक्षा सञ्चालन र व्यबस्थापन गर्नु आबश्यक देखिन्छ । बिधार्थी मुल्याङ्कन अझै पनि प्रभावकारी हुन सकेको छैन ।अझैपनि शिक्षकहरुले सबै तहमा मुल्याङ्कनका विधीहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकेको र सेही अनुसार तालिम प्रदान गर्न नसकेको अबस्था छ ।

राष्ट्रिय पाठ्यक्रम पारुप २०७६ ले स्थानीय पाठ्यक्रमको निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने पहिलो पटक पाठ्यक्रममा कार्यघण्टा र पाठ्यघण्टाको व्यवस्था गरिएको छ। स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन मार्गदर्शन २०७४ अनुसार मुसिकोट नगरपालिकाले आधारभूत तहमा मुसिकोट सेरोफेरो विषयक स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी २०७९ सालबाट कार्यान्वयनमा ल्याइएकोछ। यसका साथै कक्षा ८ सम्मको पाठ्यपुस्तककोसमेत विकास भएको र यसको कार्यान्वयनको चरणमा रहेको छ । स्थानीय पाठ्यक्रम स्थानीय परिवेश र अबस्थाको बारेमा बुझाउने महत्वपुर्ण पक्षम भएकाले मुसिकोट नगरपालिकाले पनि यो योजना निर्माणको अभिन्न रुपमा पाठ्यक्रम र पाठ्यसामग्रीलाई उच्च महत्त्व दिइएको छ र प्रभावकारी कार्यान्वयन गर्ने गरी योजना बनाएको छ।

विगतमा प्रयोग गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका समस्या तथा कठिनाइहरुको अनुभवका आधारमा मूल्याङ्कनका साधनहरुलाई व्यवहारिक बनाई नतिजालाई अक्षराङ्कन पद्धतिमा अभिलेखीकरण गर्ने प्रावधान राखिएको छ। यस शिक्षा योजनाले पनि विद्यालय तहको शिक्षाका लागि सङ्घीय तहमा रहेको पाठ्यक्रम विकास केन्द्रको नीतिगत व्यवस्थालाई कार्यान्वयन गराउन स्थानीय स्तरका शिक्षाका क्षेत्राधिकारभित्र रहेर योजना र कार्यक्रम तयार गरी कार्यान्वयन र सहजीकरण गर्ने ध्येय लिएको छ। प्रमुख शैक्षिक सामग्रीका रुपमा प्रत्येक शिक्षकसँग सम्बन्धित विषयको पाठ्यक्रम शिक्षक निर्देशिका वार्षिक शैक्षणिक कार्ययोजना र विद्यार्थीले आफूले प्रयोग गर्ने कार्यपुस्तक वा पाठ्यपुस्तक अनिवार्य हुनुपर्छ भन्ने मान्यता राखिएको छ । थिम वा पाठ्यवस्तुसँग सम्बन्धित कक्षाकोठाको सिकाइ वातावरण, बाहिरी वातावरण समुदाय र अनुभवी व्यक्ति, शिक्षक निर्मित सामग्री, स्मार्ट मोबाइल, ल्यापटप र आवश्यकतानुसार बजारबाट खरिद गरिएका सामग्रीहरु प्रयोग गर्नु अपरिहार्य हुन्छ । पाठ्क्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का अनिवार्य विषयहरु नेपाल सरकारले निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरेको छ र विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु, स्थानीय पायठ्क्रम र पाठ्यसामाग्री प्रयोगका लागि लागि क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखिकरण गर्नु, स्थानीय पाठ्क्रमलाई समय अनुसार अद्यावधिक गर्नु, अपाङ्गता

भएका बालबालिकाको लागि अनुकुलको पाठ्यसामग्रीको व्यवस्था गर्ने जस्ता विषय पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिका रुपमा रहेका छन् ।माध्यमिक तहसम्म नि:शूल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था, परिक्षा र मूल्यांकन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को निर्माण , विभिन्न विषयका पाठ्यसामाग्रीहरु मातृभाषामा तयार र कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरु रहेका छन् । पाठ्यक्रमको प्रभावकारी कार्यान्का लागि शिक्षकहरुलाई अभिमुखिकरण तथा क्षमता विकास गर्न र सबैको हात हातमा पाठ्यक्रम र पाठ्यक्रम कार्यान्वयनको लागि मार्गनिर्देशन गर्न आबश्यक देखिन्छ ।

### ४.१.२ उद्देश्य

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन पद्धतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि निम्न उदेश्यहरु अबलम्बन गरिएको छ ।

(क)पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी रुपमा कार्यानव्यन गरी सिकारुको ज्ञान, सीप र व्यवहार विकासमा सहजिकरण गर्नु ।

(ख)स्थानीय परिवेश अनुसार निर्माण गरिएको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु र पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक र पाठ्यसामग्रीको उत्पादन, वितरण र प्रयोग गर्नु,

(ग)सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन संगै सिकाइलाई समस्या समाधान उन्मुख गराई निरन्तर आवधिक, स्तरीकृत र प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,

(घ)शिक्षण सिकाइ तथा सन्दर्भ सामग्रीहरुको व्यवस्थापन र प्रभावकारी प्रयोग गर्नु र सिकाइ सहजिकरणका लागि शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनमा सक्षम र दक्ष बनाउनु ।

(ङ)बालवालिकालाई आधुनिक विज्ञान र प्रविधिमा आधारित समाजमा अनुकूल बनाउन पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई प्रविधियुक्त बनाई प्रभावकारी कार्यान्वयनमा जोड दिनु,

(च) विद्यार्थीहरुलाई अत्तिरित तथा सहक्रिया कलापमा सँलग्न गराई थप क्षमता अभिवृद्धि गर्नु र जिवनपयोगि तथा व्यवहारिक शिक्षा मा जोड दिनु ।

### ४.१.३ रणनीति

माथि उल्लेखित उदेश्यहरु हाँसिल गर्नका लागि निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क)राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने र विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न शिक्षकको क्षमता विकास र परिचालन गर्ने ।

(ख)पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिने, परिमार्जित राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने र

आवश्यकतानुसार मूल्याङ्कन गरी त्यसका आधारमा स्थानीय पाठ्यक्रमको परिमार्जन तथा सुधार गर्न पृष्ठपोषण प्रदान गर्ने ।

(ग)शिक्षकका लागि शिक्षक निर्देशिकातथा शिक्षण सामग्री तथा सन्दर्भ सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने ।

(ङ)माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा,बहु भाषा प्रयोगमा जोड दिनेर विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने ।

(च)स्थानीय पाठ्यक्रमको र पाठ्यपुस्तक र पाठ्यसामग्रीको प्रभावकारी प्रयोगलाई र व्यवस्थापन गर्ने ।

(छ)ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक सामाजिक सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्व परिवेशका आधारमा पाठ्यक्रमलाई सान्दर्भिक र व्यवहारिक बनाउन समन्वय र सहकार्य गर्ने ।

(ज)पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत, संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने ।

(झ)अपाङ्गता भएका, अनाथतथा द्वन्द्व प्रभावित बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपि, साङ्केतिक भाषा, श्रव्यदृष्य सामग्रीको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्ने ।

(ञ)आधारभूत तहको परीक्षा तथा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई क्रमश सुधार र व्यवस्थित गर्ने ।

(ट)शिक्षण सिकाइलाई प्रविधिसँग जोड्न सबै सामुदायिक विद्यालयका लागि पालिका मार्फत कम्पयूटर प्रशिक्षकको व्यवस्थापन गरी विद्यालयमा रहेका कम्प्युटर प्रयोगशालालाई सुचारु गर्ने ।

(ठ) फरक क्षमता भएका तथा कमजोर सिकाइ क्षमता भएका बालबालिकाको सहपाठि सिकाइ समूह गठन गरि सिकाइमा सहयोग गर्ने व्यवस्था मिलाउने ।

(ड)विपत् ,महामारी तथा सङकटको अवस्थामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न वैकल्पिक शिक्षण विधिको प्रयोग गर्ने र वैकल्पिक सिकाइ सामग्रीहरुको व्यवस्थापन गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भै यसको प्रभावकारी मूल्याङ्कन प्रणाली मार्फत आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोच सिर्जनशील, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारोन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

**ख) नतिजा**

(क)पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भै सिकारुको ज्ञान, सिप र व्यवहारमा सकरात्मक परिवर्तन भएको हुने।

(ख) आधारभूत तहको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको र परिमार्जन भएको साथै सबै कक्षाका स्थानीय पाठ्यक्रम अनुसारका पाठ्यसामग्री विकास,वितरण तथा कार्यान्वयन भएको हुने ।

(ग)बिधार्थी मुल्याङ्कन प्रणाली स्तरीकृत र व्यवस्थित भै बिधार्थीको सिकाइ उपलब्धीमा सुधार भएको हुने ।

(घ) पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सनदर्भ सामग्री विभिन्न फर्ममा तयार र प्रयोग भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ५५ सामुदायिक | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | कक्षा ८ र एसइइ | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ३ | निरन्तर विद्यार्थी मुल्याङ्कन गर्ने विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ४ | स्थानियपाठ्यपुस्तकनिर्माण | १ | प्रयोग | प्रयोग | प्रयोग | प्रयोग | प्रयोग | प्रयोग | प्रयोग |
| ५ | स्थानीय पाठ्यपुस्तक निर्माण र वितरण | ० | कक्षा ३ सम्म | कक्षा ४ र ५ | कक्षा ६ देखि ८ सम्म | | | | |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम अभिमुखिकरण र तालिम | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| २ | शिक्षक पेसागत विकासतालिम र क्षमता विकास सहजिकरणमा आधारित | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| ३ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | बिद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | बिद्यालय |
| ४ | कक्षा ५ र ८ को स्तरिकृत परिक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | पालिका |
| ६ | डिजिटल सामाग्रीको प्रयोगमा सहयोग प्रचार प्रसारर क्षमता विकास तथा अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| ७ | पाठ्यपुस्तक वितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| ८ | स्थानीय पाठ्यपुस्तक छपाई र वितरण | निरन्तर | | कक्षा १देखि ३ | कक्षा ४देखि ५ | कक्षा ६ देखि ८ | | | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षण सिकाइ र सन्दर्भ सामग्री वितरण र व्यवस्थापन | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | पालिका र विद्यालय |
| १० | परीक्षा र मुल्याङ्कन प्रणाली सुधारका लागि क्षमता विकास अभमुखिकरण | पटक | | १ | १ | १ | १ | १ | पालिका |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट नगरपालिका रुकुम पश्चिम

### ४.२ शिक्षक व्यवस्थापन र विकास

#### ४.२.१वर्तमान अवस्था

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो। यही जीवन्त स्रोतको क्रियाशीलतामा शिक्षण सिकाइमा अन्य स्रोतहरुले गति लिने गर्दछन् । शिक्षकमा भएको पेशाप्रतिको समर्पण र उत्साह विषयवस्तुको पर्याप्त ज्ञान, सिप क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष, समर्पित अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रूपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। शिक्षक व्यवस्थापनको यही महत्त्व र उपादेयतालाई मध्यनजर राखी प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई समेत शिक्षकको रुपमा स्वीकार गर्दै प्रस्तुत एकाइमा बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षकको सम्बन्धमा विश्लेषण एवम् योजना निर्माण कार्यलाई समेटिएको छ। नेपालमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ। प्रदेश तहमा रहेका शिक्षा तालिम केन्द्रहरु मार्फत तालिम र क्षमता विकासका गतिविधिहरु अगाडी बढेका छन । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गर्ने कार्य शिक्षा विकास तथा समन्वय इकाइ र पदस्थापनस्थानीय तहहरूबाट हुने गरेको छ। यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश अन्तर्गतका शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन् । तत्कालीन शिक्षा विभागले बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुका लागि १६ दिने तालिम तत्कालीन जिल्ला शिक्षा कार्यालयहरुले सञ्चालन गरेको थियो भने हाल उक्त तालिम अघि बढेको देखिदैन ।

मुसिकोट नगरपालिकामा सामुदायिक विद्यालयहरु ५५ र संस्थागत विद्यालयहरु ११ गरी जम्मा विद्यालयहरु ६६ रहेको देखिन्छ । उल्लिखित विद्यालय सङ्ख्यामध्येकक्षा १ - ५ सञ्चालित ३६ (सामुदायिक ३१ र संस्थागत ५), कक्षा १–८ सञ्चालित११(सामुदायिक ८ र संस्थागत ३) कक्षा १–१० सञ्चालित ८(सामुदायिक ७ संस्थागत १) र कक्षा १–१२ सञ्चालित ११ (सामुदायिक ९ र संस्थागत २) विद्यालय सञ्चालमा रहेकाछन्।

यसैगरी शिक्षकको सङ्ख्या हेर्दा मुसिकोट नगरपालिकाकामा सामुदायिक विद्यालयमा विभिन्न श्रोतबाट गरी प्रारम्भिक बालबिकास शिक्षा केन्द्रमा५५ जना , आधारभूत तह कक्षा ५ सम्ममा जम्मा २९७ जना, आधारभूत तह ६ देखि ८ सम्ममा जम्मा ८० जना, मावि तह ९ र १० मा जम्मा ५१ जना तथा मावि तह ११ र १२ मा जम्मा ११ जना साथै प्राविधिक धारमा ६ जना प्रशिक्षक रहेका छन ।

**शिक्षा शाखा मुसिकोटको तथ्याङ्क अनुसार यस पालिमा रहेका शिक्षकहरुको विवरण यस प्रकार रहेको छ ।**

| तह | महिला | पुरुष | पालिका अनुदान | संघिय अनुदान | शिक्षण सिकाई अनुदान | राहत | स्थायी | करार | जम्मा शिक्षक |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | ५६ | ० | १ | ० | ० | | ० | ५६ | ५६ |
| आधारभुत तह कक्षा १ देखि ५ | ९८ | १२० | ५६ | ० | ० | ३७ | १२५ | ० | २१८ |
| तह कक्षा६देखि ८ | १० | ७० | १९ | ० | ५ | २२ | ३४ | ० | ८० |
| माध्यमिक तह कक्षा ९ र १० | ६ | ४५ | ९ | | १९ | ६ | १७ | | ५१ |
| माध्यमिक तह कक्षा ११ र १२ | ० | ११ | ० | ७ | ० | ० | ४ | ० | ११ |
| श्रोत कक्षा | ० | ३ | | | | | | | |
| **जम्मा** | १७० | २४९ | ८५ | ७ | २४ | ६५ | १८० | ५६ | ४१९ |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

यसैगरी नगरपालिकामा सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा ५४ वटा बिद्यालयमा आधारित प्रारम्भिक बालविकास शिक्षा केन्द्र र समुदायमा आधारित १ वटा गरी ५५वटा श्री आधारभूत विद्यालय घोरखानी मा नगरपालिकाको अनुदानमा १ वटा गरी जम्मा ५६ वटा बालविकास केन्द्रहरुमा ५६ जना बालविकासका शिक्षकहरु कार्यरत रहेको अवस्था छ ।जसमा ५५ जना संघीय र १ जना नगरपालिका अनुदानको स्रोतबाट तलव भत्ता खाने शिक्षकहरु शिक्षक हुनुहुन्छ।साथै ३ वटा श्रोत कक्षाका लागि ३ जना श्रोत शिक्षक हुनुहुन्छ।

शिक्षा नियमावली २०५९, को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६–८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९–१० मा ५ जना र माध्यामिक ११ १२ मा ३ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ। नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:४०, पहाडी भेकमा १:४५ र तराईमा १:५० रहेको छ भने मुसिकोट नगरपालिकाको शिक्षक विद्यार्थी अनुपात औषतमा १:२५ रहेको छ । शिक्षकको क्षमता विकास र पेशागत सहयोगको हकमा भने पालिकामा पेशागत सहयोगका गतिविधिहरु न्यून रहेका छन ।प्रारम्भिक बालविकास र शिक्षामा पालिकाबाट बालविकास शिक्षकककका लागि थप प्रोत्साहनको व्यबस्था भएको छ भने अन्य शिक्षक प्रोत्साहनका कार्यक्रमहरु हुन सकेका छैनन।शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपलाई कक्षाकोठामा प्रयोग गराउन आबश्यक देखिन्छ भने दरवन्दी मिलान र वितरणका कार्यलाइ प्रभावकारी रुपमा लैजान आबश्यक देखिन्छ । नगरपालिकामा शिक्षक पेशागत सहयोग पद्धति विकासका लागि सिकाइ समुह गठन, रोष्टर शिक्षक व्यवस्थापन, खेल तथा संगित शिक्षकको ब्यबस्थापन र शिक्षक बिच सिकाइ आदान प्रदान जस्ता कार्य गराउन आबश्यक देखिन्छ ।

### ४.२.२ उद्देश्य

मुसिकोट नगरपालिकामा शिक्षक व्यवस्थापनलाई प्रभावकारी रुपमा अगाडि बढाउनका निम्ति निम्नानुसारको उदेश्यहरु किटान गरिएको छ ।

(क) तहगत रुपमा शिक्षकको प्रभावकारी वितरण र व्यवस्थापन गर्नु ।

(ख) निरन्तर पेसागत सहायता प्रणाली स्थापना संगै शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

(ग) शिक्षक तथा बिद्यालय कर्मचारी प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम.प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ।

(घ) शिक्षक आपूर्तिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय र शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु।

(ङ) सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध र सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

(च) विद्यार्थी संख्या तथा भुगोलका आधारमा दरबन्दि मिलान तथा विद्यालय समायोजन गर्नु।

(छ) मुसिकोट नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयमा खेल तथा संगित शिक्षकको ब्यबस्थपन गर्नु।

(ज) मुसिकोट नगरपालिका भित्रका शिक्षकहरु मध्येबाट विषयविज्ञ छनौट गरी विभिन्न विद्यालयहरुमा गएर नमुना शिक्षण प्रदर्शन तथा पृष्ठपोषण प्रदान गर्नु ।

(झ) मुसिकोट नगरपालिकामा भएका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु आधुनिक सुचना प्रविधि सँग परिचित भई शिक्षण कार्यलाई प्रविधि सँग जोडी शिक्षण गर्न सक्ने हुनु।

### ४.२.३ रणनीति

माथि उल्लेखित उदेश्यहरु पुरा गर्नका लागि निम्नानुसारको रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) शिक्षक सक्षमता प्रारुपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ।

(ख) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुनर्वितरण तथा थप गर्ने कार्यलाई सहजीकरण गर्ने र प्राविधिक शिक्षाका लागि पनि शिक्षक व्यबवस्थापन र क्षमता विकास गर्ने ।

(ग) प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १–३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९–१२ का लागि स्नातकोत्तर उत्तीर्ण हुने गरी शिक्षकको योग्यता अद्यावधिक गर्ने कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(घ) शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी छोटो अवधि र लामो अवधिकासेवाकालीन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य र प्रभावकारी बनाइने।

(ङ) नगरपालिकास्तरीय शिक्षक पेशागत सहयोग मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइनेछ।

(च) नगरपालिकामा विषयगत शिक्षक संजाल तथा आवश्यकता अनुसार अनुभबी शिक्षकहरुबाट सहयोग तथा अनुगमनको पद्धती विकास गर्ने ।

(छ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी सो को कार्यान्वयन गर्ने ।

(ज) प्रत्येक तहमा पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी बनाइने र बिद्यालय कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गर्ने ।

(झ) शिक्षकहरुका निम्ति सूचना तथा सञ्चार प्रविधिमा दक्षता अभिवृद्धिको लागि कम्तिमा बर्षको एक पटक तालिम तथा गोष्ठिको ब्यबस्था गर्ने।

(ञ) भौगोलिक क्षेत्रका आधारमा नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्थापन गर्ने ।

(ट) नगरपालिकाका सबै शिक्षकहरुको स्वास्थ्य बीमा निःशुल्क वा अनिवार्य गर्ने ।

(ठ) अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी हुन पाउनेअवसर एवम् क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ड) सबै शिक्षकहरुले सिकाइमा सुधार गर्नका लागि अनिवार्य रुपमा कार्यमूलक अनुसन्धान गर्न लगाउने र उत्कृष्ट अनुसन्धानलाई नगरपालिकावाट प्रकाशन र सम्प्रेषण गर्ने साथै शिक्षक क्षमता विकासमा प्रविधिलाई जोड दिने ।

(ढ) नगरपालिकास्तरमा सेवा निवृत्त शिक्षक र शिक्षा प्रशासनका अधिकृतहरु सम्मिलित विज्ञ टोलीको गठन गरी शिक्षकहरुको पेसागत सहयोगको कार्यमा परिचालन गरिने छ।

(ण) यस मुसिकोट नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा खेल तथा संगित शिक्षकको ब्यबस्थापन गर्ने।

**४.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**(क)प्रमुख उपलब्धिः**

कक्षागत अनुमति स्विकृति विद्यार्थी संख्या र भुगोलको आधारमा दरबन्दि पुनर्वितरण विद्यालय समायोजन भइ पर्याप्त मात्रामा सक्षम र पेशाप्रति अभिप्रेरित दक्ष र जिम्मेबार शिक्षकको व्यवस्था गर्नुका साथै विद्यार्थीको सिकाइउपलब्धिमा सुधार भएको हुने ।

**ख) प्रमुख नतिजाः**

(क) शिक्षक सक्षमता प्रारुप २०७२ कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेशागत सहयोग प्रणालीको विकास हुने ।

(ख) शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षकको तयारी छनौट र पेसागत विकास भएको हुने ।

(ग) तहगत रुपमा शिक्षक वितरण र बिषयगत रुपमा शिक्षक व्यबस्थापन र परिचालन भएको हुने ।

(घ) सबै तहमा शिक्षकहरुको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने र शत प्रतिशत शिक्षकहरु न्यूनतम योग्यता हाँसिल गरेको हुने ।

(ङ) शिक्षक र कर्मचारीको प्रोत्साहित भएको हुने तथा जिम्मेबार र जवाफदेही भएको हुने ।

(च) मुसिकोट नगरपालिकामा भएका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु आधुनिक सुचना प्रविधि सँग परिचित भई शिक्षण कार्यलाई प्रविधि सँग जोडी शिक्षण गर्न सक्ने हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक सहजकर्ताको संख्या | प्रतिशत | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| २ | आधारभुत तहमा कार्यरत तोकिएको योग्ता प्राप्त | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक (%) | | | | | | | | | |
| ३ | माध्यमिक तह कक्षा ९-१२ मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | प्रतिशत | २५ | ३० | ३५ | ४५ | ५५ | ७० | ८५ | १०० |
| ५ | शिक्षकको पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय (%) | प्रतिशत | ५ | ५ | १० | ३० | ५० | ७० | ८० | १०० |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक व्यबवस्थापन र परिचालन तहगत रुपमावितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| २ | शिक्षक पेशागत सहयोग प्रणालीको विकास | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अन्तरविधालय सिकाइ आदानप्रादन भ्रमण | पटक | १ | १ | १ | १ | १ | २ | पालिका र विधालय |
| ४ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | २ | पालिका र विधालय |
| ५ | सिकाइ समुह वैठक/घुम्ती वैठक संचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | २ | पालिका र विधालय |
| ६ | तहगत रुपमा उत्कृष्ट कार्य गर्ने शिक्षकलाइ प्रेत्साहन | बार्षिक | १ | १ | १ | १ | १ | २ | पालिका र विधालय |
| ७ | एक शिक्षक एक ल्याप्टप अवधारणा कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका र शिक्षक बिद्यालय |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

## ४.३शैक्षिक समता र समावेशिकरण

### ४.३.१वर्तमान अवस्था

बालबालिको बिद्यालय शिक्षामा शत प्रतिशत समतामुलक र सहभागितात्मक पहुँच अभबृद्धि गर्नका लागि हर प्रयास आबश्यक देखिन्छ । शिक्षाको मूलधारमा आएका तथा आउन नसकेका बालबालिकाहरूलाई समावेशी, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र सुरक्षित सिकाइ वातावरणको निर्माण गरी समतामूलक पहुँच र गुणस्तरमा वृद्धि गर्नु आजको आवश्यकता हो र यही आबश्यकताका आधारमा मुसिकोट नगरपालिकाले पनि शैक्षिक समता र समावेशिकरणका कार्यहरु गरिरहेको छ । भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शारिरिक, मानसिक तथा जातिय र बर्गिय एवम् विभिन्न ढंगबाटउपेक्षित सबै बालबालिकाहरुलाई पनि कारणले शिक्षा बाट बञ्चित हुन नदिनका लागि समतामुलक तवरले शैक्षिक अबसर प्रदान गर्नु नै समतामुलक र समावेशी शिक्षा हो । हाल विकसित परिवेश सँगै सडक बालबालिका अनाथ घरेलु हिंसा पिडित, द्धन्द पिडित, सहिद परिवार, बेपत्ता घाइते, अपाङ्गता भएका तथा विद्यालय बाहिर रहेका सबै किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ।विविधतालाई पहिचान दिनु, सम्मान गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई

क्षमता समावेसी तथा पहुँचलाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका विभिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता कायम गर्नु आवश्यक छ। समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ। सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ।

नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक, र समावेशी पहुँचका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् । दिवा खाजा, पाठ्यपुस्तकसहित निःशुल्क शिक्षा छात्रवृती र अपाङ्गता भएका बालबालिकाहरूलाईगरिएको विभिन्न सहायताले बालबालिको समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेको छ ।विद्यालय तहमा महिला, जनजाती, दलित तथा सामाजिक र आर्थिक रुपले पछाडि परेका वर्गका शिक्षक नियुक्तिको समावेशी व्यवस्था,, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ।

मुसिकोट नगरपालिकाका आधारभूत र माध्यमिक तहको लैङ्गिक समता सूचक समदरको नजिक रहेको अवस्था छ। आधारभुत तहमा लैङ्गिक समता सूचक ०।८१ प्रतिशत रहेको छ ।यद्यपि लैङ्गिक समता सुचक सामुदायिक विद्यालयमा ०।८८ रहेको छ भने माध्यमिक तहमा लैङ्गिक समता सुचक ०।४६ मात्र रहेको छ । आधारभुत तहमा महिला शिक्षक प्रतिशत ३६ रहेको छ भने माध्यमिक तहमा ९।७ मात्र रहेको छ । नगर शिक्षा समिति, शिक्षक अभिभावक संघ र अन्य समित र विद्यालय व्यवस्थापन समितिमा महिलाको उपस्थिति करिब ३३ प्रतिशतको हाराहारीमा पुर्याउने कार्यलाई प्राथमिकतामा राखिएको छ। आधारभूत तहमा अध्ययन गर्ने सम्पूर्ण छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ साथै यसै गरी दलित छात्रवृति तथा अपाङ्गता छात्रवृति । लैङ्गिकमैत्री वातावरण निर्माण गर्न विद्यालयहरूमा छात्रा सुलभ शौचालय निर्माण गर्ने कार्यलाई जोड दिइएको छ। महिनावरी हुने सबै छात्राहरूलाई स्यानेटरी प्याडको निःशुल्क वितरण गरी विद्यालयले व्यवस्थापन गर्ने कार्य शैक्षिक सत्र २०७७ देखि शुरु गरिएको छ। छात्रामाथि हुन सक्ने दुर्व्यवहार, हिंसा, विभेद आदिजस्ता कार्यलाई रोक्नका लागि प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति तोकी गुनासो सुनुवाई संयन्त्रको निर्माण एवम् परिचालन गर्ने कार्यलाई अगाडि बढाउन आबश्यक देखिन्छ ।केही विधालयहरु विशेष गरी माध्यमिक तहमा लैङ्गिक सम्पर्क व्यक्ति रहेता पनि सबै तवरले सबैको पहुँच सुनिश्चित हुने गरी कार्य गर्न आबश्यक देखिन्छ ।बिद्यालय तथा बिद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको सिकाई सहजिकरणका लागि सामग्रीहरु तथा सहायतको कार्य प्रभावकारी बनाउन आबश्यक देखिन्छ ।

### ४.३.२ उद्देश्य

लक्षित समुहका बालबालिकाहरुलाई शिक्षामा समतामुलक र समावेशी रुपमा पहुँच अभिबृद्धि गर्नका निमित्त निम्नानुसारको उदेश्यहरु अबलम्बन गरिएको छ ।

(क) महिला, दलित, जनजाति, यौनिक तथा अल्पसङ्ख्यक,अपाङ्गता भएका, भौगोलिक कठिनाइमा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु।

(ख) शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री, अपाङ्तामैत्रि , लैङ्गिकमैत्री बनाउनु ।

(ग) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा र दुर्व्यवहार नहुने वातावरणको सुनिश्चित गर्नु ।

(घ) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालवालिकाहरुको विद्यालयमा पहुँच सुनिश्चित गर्नु।

### ४.३.३ रणनीति

माथि उल्लेखित उदेश्यहरु पुरा गर्नका लागि निम्नुसारका रणनीतिहरु अबलम्बन गरिएको छ र सेही बमोजिम कार्यान्वयन गरिनेछ।

(क) अपाङ्गताको लेखाजोखा गरी उनीहरुलाई समावेशी शिक्षाको प्रवन्ध मिलाउने ।

(ख) घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने ।

(ग) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराउने ।

(घ) सबै सामुदायिक आधारभूत विद्यालयहरुमा दिवा खाजा सहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धि सेवा तथा शिक्षाको प्रवन्ध तथा किशोरीहरु लक्षित महिनावारी स्वच्छता सम्बन्धि सचेतना तथा शिक्षा प्रदान गरिनेछ ।

(ङ) आवश्यकतानुसार पोसाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति, अपाङ्गता भएका बालबालिहरुका लागि आवश्यकताअनुसार सहायक सामग्री उपलब्ध गराइने ।

(च) सिकाइका क्रियाकलापहरु सहभागितात्मक बनाइ बिधालयमा कुनै पनि किसिमको विवेद्य नहुने वातावरण सिर्जना गर्ने ।

(छ) समावेशी शिक्षा लागु गर्नको लागि शिक्षकहरुलाई आवश्यकताअनुसार विभिन्न तालिम प्रदान गरिने ।

(ज) प्रत्येक बिद्यालयमा लैङ्गीकतथा गुनासो सुनुवाइ सम्पर्क व्यक्ति तोकि जवाफदेही बनाइने ।

(झ) विद्यालय बाहिर रेहेका विद्यालय उमेरका बालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याइने स्रोत विद्यालयहरुलाई एकिकृत गरिने छ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

(क) विद्यालय तहको शिक्षामा समता सहितको समावेशीलैङ्गिक तथा अपाङ्गमैत्रीपहुँच कायम गरी सबैका लागि गुणस्तरीय समावेशी शिक्षा सुनिश्चित हुने ।

**ख) नतिजा**

(क)महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका सबै – बालबालिकाहरूले समावेशी शिक्षा प्राप्त गर्ने अवसर पाउने ।

(ख) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा, दूर्व्यवहार र हेपाइरहित बालमैत्री , अपाङ्गमैत्री र लैङ्गिकमैत्री समता सहितको समावेशीवातावरण सिर्जना भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तहमा विद्यालय बाहिर रहेका बालवालिकाको प्रतिशत | ०।१४ | ०।१४ | ०।१० | ०।०८ | ०।०६ | ०।०४ | ०।०२ | ०।०० |
| २ | लैङ्गिक समता सूचक (१ देखि ५) | ०।८२ | ०।८२ | ०।८३ | ०।८४ | ०।८५ | ०।८७ | ०।८८ | ०।९० |
| | लैङ्गिक समता सूचक (६ देखि ८) | १।०३ | १।०३ | १।०२ | १।०२ | १।०१ | १।०१ | १।०० | १।०० |
| ३ | लैङ्गिक समता सूचक (९ देखि १०) | ०।४६ | ०।४६ | ०।५० | ०।५५ | ०।६० | ०।६५ | ०।७० | ०।७५ |
| ४ | लैङ्गिक समता सूचक (११ देखि १२) | ०।४६ | ०।४६ | ०।५० | ०।५५ | ०।६० | ०।६५ | ०।७० | ०।७५ |
| ५ | लैंगिक, अपांग, बालमैत्रीसंरचना | ० | ० | ५ | १५ | २५ | ३५ | ४५ | ५५ |
| ६ | लैङ्गिक अपाङ्गता तथा बाल सरक्षण सम्पर्क व्यक्ति भएको बिद्यालय प्रतिशत | ० | ५ | १० | २० | ३० | ४० | ५० | ५५ |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ४.३.५प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता भएका तथा विभिन्न कारणले विधालय बाहिर रहेका बालबालिकाको पहिचान र तथ्याङ्क अद्यावधी | पटक | १ | १ | १ | १ | १ | निरन्तर | पालिका वडा र विधालय |
| २ | छात्रवृत्री कार्यकंम | जना | ५४०० | ५४५० | ५५०० | ५५५० | ५६०० | ११३०० | पालिका शिक्षा शाखा |
| ३ | अति विपन्न र लक्षित बालबालिकालाई शैक्षिक सामग्रीहरु सहायता | जना | १०० | १२० | १३० | १५० | १५० | ३०० | पालिका तथा अन्य सस्था |
| ४ | बिद्यालयमा लैङ्गिक तथा समावेशि र गुनाशे सुनुवाइ फोकल शिक्षकको व्यवस्था र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | २ | पालिका शिक्षा शाखा |
| ५ | अपाङ्गता भएका बालबालिकाको लागि शेक्षिक सामग्री सहयोग | पटक | १ | १ | १ | १ | १ | २ | पालिका तथा अन्य सस्था |
| ६ | समावेशि तथा समता शिक्षा र क्षमता विकास तालिम र अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | २ | पालिका तथा अन्य सस्था |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

#### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको शैक्षिक विकासका लागि बिद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम पनि अन्तरसम्बन्धित तथा महत्वपुर्ण विषयका रुपमा रहेको छ । प्रभावकारी पोषण र स्वास्थ्यले बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउन मद्धत गर्दछ । बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकाकोबौद्धिक, मानसिक, सामाजिक र शारीरिक विकास भई सिकाइ उपलब्धिमा सुधार गर्न प्रोत्साहन गर्दछ । अझैपनि शिघ्र कुपोषणका कारणले नेपाल सहित दक्षिण एसियामा रहेका बालबालिकाको मृत्युको प्रमुख कारण रहेको देखिन्छ । सरसफाइको कमी,सन्तुलित आहार नहुनु ,पोषणयुक्त खानाको कमीका कारणले बालबालिकामा विभिन्न किसिमका रोगहरू उत्पन्न हुँदा बालबालिकाहरु बिद्यालयमा नियमित हुन सक्दैनन र बालबालिकाहरु बिद्यालयमा नियमित नहुँदा उनिहरुको शैक्षिक वातावरणमा नकरात्मक प्रभाव पर्दछ साथसाथै उनीहरुमा मानसिक समस्याहरु देखिन्छन। व्यक्तिगत सरसफाइ, घरयासी सरसफाइ,विद्यालयको सरसफाइ, वातावरणीय सरसफाइले बालबालिकाको स्वस्थ जीवनमा सहयोग पुर्याउँदछ। विद्यालयमा हुने दिवा खाजा, स्वच्छ खानेपानी, महिनावारी स्वच्छता व्यवस्थापन तथा बालबालिकाको स्वास्थ्य जाँच, खोप लगायतका कार्यक्रमहरु यस अन्तर्गत पर्दछन ।पालिकाले सरसफाइ अन्तरगतकक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका तथा निःशुल्क सेनिटरी प्याड वितरणको कार्य साथै अन्य सरसफाइमा सहायता प्रदान गर्दै आएको छ ।

सरसफाइ तथा स्वच्छता गुरुयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यालय क्षेत्र विकास कार्यक्रम सन २०१६ देखि २०२३, बालमैत्री विद्यालय फ्रेमवर्क लगायतका नीति, पूर्ण सरसफाइ निर्देशिका लगायतले स्पष्ट रुपमा विद्यालयको खानेपानी तथा सरसफाइ एवं पोषणकोबारेमा दिशानिर्देशन गरेका छन् । विद्यालयमा छात्र र छात्राका लागि युरिनल सहितका फरकफरक शौचालय, शौचालयमा नियमित पानी, नियमित सरसफाइ, सहज हात धुने व्यबस्था, स्वच्छ खानेपानी र सरसफाइका न्यूनतम रुपमा हुनुपर्ने र सोही बमोजिम विद्यालयमा कार्यान्वयन हुनैपर्ने व्यबस्थाको उल्लेख गरेको छ । विद्यालयमा पानी, शौचालय, वातावरणीय सरसफाइ, सफा र हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यबस्थापन सुविधा, लगायतको व्यवस्थापनले बिद्यालयको पोषण तथा सरसफाइमा मद्धत पुर्याएको छ ।बालबालिकाहरुको नियमित रुपमा स्वास्थ्य शिक्षा , स्वास्थ्य परिक्षण, नियमित खोप, भिटामिन , आइरन चक्की तथा शुक्ष्म पोषक तत्वहरुको वितरण जस्ता कार्यहरु समुदाय तथा विद्यालयमा नियमित हुनुपर्दछ र बालवालिकाको पहुँच सुनिश्चित हुनु पर्दछ।

मुसिकोट नगरपालिकामा रहेका ५५ वटा सामुदायिक विधालयहरुमा रहेका प्रारम्भिक बालबिकास र शिक्षाको कक्षा देखि कक्षा ५ सम्म रहेका सबै बालबालिकाका लागि दिवा खाजा कार्यक्रम संञ्चालन गरिएको छ । दिवा खाजा अन्तर्गत सबै सामुदायिक बिद्यालयले खाजाको मेनु

निर्माण गरी पत्रु (जङ्क फुड) खाजा निरुत्साहित गर्नलागि स्थानीय स्तरमा उत्पादन भएका अर्गानीक खाजा खुवाउने व्यबस्था गरेको छ र अझै पनि यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। अझै पनि कतिपय बिद्यालयहरुले पत्रु (जङ्क फुड) खाजा खुवाउने गरेकाले पालिकाले स्थानीय परिवेश अनुसारको खाजा मेनु तयार गरी कार्यान्वयन गर्न आबश्यक छ ।पालिकाले नै स्टान्डर्ड मेनु तयार गरी बिद्यालयमा कार्यान्वयन गर्न सकेमा एकरुपता पनि हुने र स्थानीय पोषणयुक्त खाजाको व्यवस्थापन प्रभावकारी हुने देखिन्छ । कक्षा ६ भन्दा माथि अध्ययन गर्ने छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिएको छ। सबै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीकोव्यवस्थापनदेखि सामुदायिक तथा संस्थागत विद्यालयहरुका सम्पूर्ण किशोरीका लागि निःशुल्क आइरन चक्की प्रदान गर्ने कार्य सञ्चालन हुँदै आएको छ। नगरपालिका अन्तर्गत रहेका ५५ वटा सामुदायिक विद्यालयहरुमध्ये १६ माध्यामिक विद्यालय मध्ये हाल ११ वटा बिद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिएको र सो कार्यक्रमलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ ।बिद्यालय सरसफाइ अन्तरगत कक्षाकोठाको सरसफाइ, बिद्यालयको वातावरणीय सरसफाइ, स्वच्छ खानेपानीका लागि फिल्टरको व्यबस्थालगायतका कार्य गरेको छ । यसका साथै बिद्यालय स्वास्थ्य अन्तरगत सबै बिद्यालयमा प्राथमिक उपचार किटको वितरण, नियमित स्वास्थ्य चेकजाँच, विद्यालयम पोषणका साथै माध्यमिक तहका सबै बिद्यालयमा पोषणको महत्व तथा व्यवहार परिवर्तन, मानसिक स्वास्थ्य, लागु औषध दुर्वयसनी सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु केही मात्रामा भएको र प्रभावकारी रुपमा सबै विद्यालयमा सञ्चालन गर्नु पर्ने देखिन्छ ।

### ४.४.२ उद्देश्य

बालबालिकाको पोषण र स्वास्थ्य अबस्थामा सुधार गरी बालबालिकाको शिक्षण सिकाइमा सुधार ल्याउनका लागि निम्नानुसारका उदेश्यहरु अबलम्बन गरिएको छ ।

(क) बालबालिकालाईस्वस्थ्य एवं पोषणयुक्त तथारैथानेपौष्टिकखानाप्राप्तिकोसुनिश्चिततागर्नु र बिद्यालयमा जङ्क फुड पुर्ण रुपमा निशेध गर्नु।

(ख) विद्यालयमा बालबालिकाको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताका सेवा तथा सुविधामा सहजता प्रदान गरी पोषण र स्वास्थ्यमा सुधार ल्याउनु ।

(ग) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

(घ) नियमित रुपमा बिद्यालयमानै स्वास्थ्य चेकजाँच, स्वस्थ्य सहायता तथा सहभागितमा सुधार गर्नु तथा स्वास्थ्य शिक्षा र सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नु ।

### ४.४.३ रणनीति

बिद्यालय पोषण र स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र माथि उल्लेखित उद्देश्यहरु परिपुर्ति गर्नको लागि निम्नानुसारको रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) नगरपालिका भित्रका सबै विधालयहरुमा पुर्ण रुपमा जंङ्ग फुड निशेध गर्ने र स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ख) दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ। यसका लागि कक्षा ६ भन्दा माथिको लागि पनि बिद्यालयले जंङ्ग फुड बाहेकका स्थानीय उत्पादित खाजा मात्र प्रयोगका लागि सहजिकरण गर्ने ।

(ग) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रवन्ध र घेराबारको व्यवस्था गरिनेछ साथै प्रयोग गरिएका स्यानीटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी तथा इन्सिनरेटर(दहन घर)को व्यबस्थापन गरिनेछ ।

(घ) विद्यालयहरूमा नियमित प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाईनेछ।

(ङ) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने छ।

(च) मानसिक स्वास्थ्यमा सुधारका लागि बालबालिकालाई मानसिक स्वास्थ्य शिक्षा तथा मनेसामाजिक परामर्शको व्यबस्था गरिनेछ ।

(छ) बिद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने छ।

(ज) माध्यमिक तहका बाँकी रहेका सबै बिद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम लागु गरिने छ र अन्य आधारभुत तहका बिद्यालयहरुमा उक्त विद्यालय नर्सलाई परिचालनगरिनेछ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

(क) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएर सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

(क) बिद्यालय स्वास्थ्य तथा पोषण व्यवस्थापनका लागि नगरपालिकाले कार्यविधि तथा आवश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन गरेको हुने,

(ख) सबै बालबालिकाहरुले स्थानीय स्तरमा उत्पादित पोषणयुक्त दिवा खाजा प्राप्त गरेको हुनेछन र सबैबालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने र जंक फुडलाई पूर्णरुपमा निरुत्साहित गरिएको हुनेछ ।

(ग) सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरुलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने,

(घ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुने, हरियाली वा हरित विद्यालयको ब्यबस्था हुने।

(ङ) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि, आईरन चक्की तथा किशोरीहरूको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण र डिस्पोजेबल इन्सिनरेटरको व्यवस्था भएको हुने,

(च) विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने,

(छ) विद्यार्थी र विद्यालयको अगुवाइमा स्मार्ट विद्यालय कार्यक्रम लागु गरी पूर्ण सरसफाइका सूचकहरु पूरा हुने।

(ज) सबै बालबालिकाहरुले पूर्ण रुपमा खोप प्राप्त गरेका हुनेछन र सबै बालबालिकाको न्यूनतम स्वास्थ्य चेक जाँच भएको हुनेछ ।

(झ) सबै माध्यमिक बिद्यालयहरुमा बिद्यालय नर्सको व्यबस्था भएको हुनेछ र अन्य आधारभूत तथा पायक पर्ने विधालयमा ति नर्सहरु परिचालित भएका हुनेछन।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १मा भर्ना भएका बालवालिका मध्ये आवश्यक खोप प्राप्त गरेका | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिका | | | | | | | | |
| २ | पत्रु खाजा प्रतिवन्ध संस्थागत समेत | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ |
| ३ | वार्षिकरुपमा विद्यार्थीको नियमित स्वास्थ्य नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १०१ | ११ | १२ | १३ | १४ | १५ | १६ | १६ |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम

४.४.५प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप हरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास कक्षा १मा भर्ना भएका बालवालिकालाई खोप तथा शुस्म पोंषक तत्व वितरण | बिद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | स्थानीय तह स्वास्थ्य शाखा |
| २ | स्वस्थकर दिवा खाजाको व्यवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह बिद्यालय |
| ३ | वार्षिकरुपमा विद्यार्थीको नियमितस्वास्थ्य परीक्षण | बिधालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | बिद्यालय स्वास्थ्य शाखा |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुर्याउने | बिद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | पालिका र स्वास्थ्य शाखा |
| ५ | बिद्यालय नर्सको व्यवस्था | बिद्यालय | ११ | ११ | १२ | १३ | १४ | १६ | बिद्यालय स्वास्थ्य शाखा संघ |
| ६ | फोहोरमैला व्यबस्थापन | बिद्यालय | ० | ५ | १० | १५ | १५ | १० | बिद्यालय र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | का लागि डम्पिङ पिट निर्माण, प्रयोग गरेको स्यानीटरी प्याड व्यबस्थापन का लागि रातो बाल्टी, इन्सिनलेटर | | | | | | | | पालिका |
| ७ | स्यानीटरी प्याट वितरण तथा व्यबस्थापन | बिद्यालय | २४ | २४ | २४ | २४ | २४ | २४ | शिक्षा शाखा |
| ८ | सरसफाइमा उत्कृष्ठ कार्य गर्ने बिद्यालयलाई पुरस्कृत गरिने | बिद्यालय | १ | १ | १ | १ | १ | २ | पालिका |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किटको व्यवस्था | बिद्यालय | | ५५ | ५५ | ५५ | ५५ | ५५ | पालिका र स्वास्थ्य शाखा |
| १२ | मानसिक स्वास्थ्य तथा लागुऔसध सम्बन्धि सचेतनामुलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | २ | पालिका र स्वास्थ्य शाखा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | बिद्यालयमा आईसि सामग्री वितरण मावि तह | बिद्यालय | | १६ | १६ | १६ | १६ | निरन्तर | पालिका र स्वास्थ्य शाखा |
| १४ | पोषण र स्वास्थ्य सम्बन्धि सचेतना | पटक | | १ | १ | १ | १ | २ | पालिका र स्वास्थ्य शाखा |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ४.५ विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता

#### ४.५.१. वर्तमान अबस्था

विद्यालय शान्ति क्षेत्र,राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनितिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुव्र्यवहार र शोसनबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । केही समय अगाडी कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरु हुदै आएका थिए। जसमध्ये सिकाइ सहजिकरण निर्देशिका २०७७ , विद्यालय शिक्षा सम्बन्धि आकस्मिक कार्ययोजना २०७७ , विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, ले विपद्को समयमा शैक्षिक गतिविधीहरु कसरी बढाउन सकिन्छ भन्ने बिषयहरु उल्लेख गरेका छन । युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालिन अवस्थामा बालबालिका लगायत सम्वद्ध व्यक्तिहरुको जिवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्वस्थापन, सामाजिक द्वन्द तथा हिंशा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरुको तयारी तथा सञ्चालन गर्नु हो । आपत्कालिन तथा संकटपुर्ण अवस्थामा शिक्षाको अवधारण बाल अधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण,महामारी,युद्ध, द्वन्द्वव्यवस्थापन आदि कुराहरु समावेश गरिन्छ।

विपद्को समयमा शैक्षिक गतिविधिहरु कसरी निरन्तर बनाउन सकिन्छ भन्ने बिषयमा मुसिकोट नगरपालिकाले पनि बिशेष महत्वको रुपमा लिएको छ । नगरपालिकामा नगरउपप्रमुख श्री विमल कुमार पुनको संयोजकत्वमा शिक्षा समुह गठन भएको छ र शिक्षा समुहले विपद् शिक्षा योजना निर्माण थालेको छ । मुसिकोट नगरपालिकामा विशेष गरी हावाहुरी, बाढी तथा पहिरोको जोखिम, चट्याङ, भूकम्प र विभिन्न समयमा अन्य भाइरल ज्वरो लगायतका रोगहरुले वालवालिकाको पठनपाठनमा समस्या निम्ताएको हुन्छ । यस्तो अवस्थामा वालवालिकाको पढाइलाई निरन्तरताका लागि विद्यालय सुधार योजना मार्फत

विभिन्न किसिमका सिकाइ क्षती परीपुरणका कार्यहरु राखिएका छन् । विपतको समयमा विद्यालयमा हुने भौतिक तथा शैक्षिक क्षती न्यूनिकरणका लागि पालिकाले आपतकालिन सहयोगको योजनाहरु बनाएको र सोही अनुसार कार्य गर्ने गरी योजना निर्माण गरेको छ । मुसिकोट नगरपालिकाले कोभिड १९ को महामारीको अवस्थामा शिक्षण सिकाइलाइ भर्चुअल कक्षा तथा रेडियो मार्फत कक्षाहरुका साथै अभिभावक सहायता किताब मार्फत विद्यार्थीको सिकाई कार्य सञ्चालन गरिएको थियो । पालिकामा रहेका शैक्षिक संस्थाहरु भूकम्प प्रतिरोधी छैनन् । हरित विधालय अवधारणा लिएको भएता पनि बिद्यालयहरु हरित र सुरक्षित अबस्थामा लिन आबश्यक देखिन्छ । विपद्को समयमा भर्चुअल कक्षाहरु सञ्चालनका तथा रेडयो शिक्षा शिक्षण अनुभव हाँसिल गरेकाले अबका दिनमा यस्ता विपद्का घटना भएमा भर्चुअल माध्यमबाट निरन्तर सिकाइका अभ्यासहरु गर्न सकिन्छ । विधालयमा विपद व्यबस्थापन सम्बन्धी तालिम र क्षमता विकास प्राप्त शिक्षक नहुनु चुनौतीका रुपमा लिइएको छ । आपतकालिन अवस्थामा लागु गरीने पाठ्यवस्तु, छुट्टै योजना बनाउने की योजनाको हरेक अंगमा यसलाई समावेश गर्ने, योजना तत्कालिन बनाउने कि दीर्घकालिन, योजनामा संकटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका चुनौतिहरु रहेका छन ।

### ४.५.२ उद्देश्य

बिद्यालय सुरक्षा र विपद्को समयमा बालबालिकाको सिकाइ सहजिकरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि निम्नानुसारका उदेश्यहरु अबलम्बन गरिएको छ ।

(क) औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद तथा जोखिम पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु ।

(ख) सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु ।

(ग) विपद् व्यवस्थापन प्रतिकार्यको योजना, संयन्त्र र कार्यढाँचा विकास गर्ने र पूर्व तयारीका लागि आधार तय गर्नु।

(घ) विपद् बाट बालबालिकामा पर्ने शैक्षिक क्षती न्यूनिकरण गरी उनीहरुको सिकाइ निरन्तरता दिनु।

(ङ) विपद्का समयमा हुने शैक्षिक क्षती न्युनिकरणका लागि क्षमता विकास र परिचालन गर्नु ।

(च) बालवालिकालाई अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्नु।

(छ) प्रत्येक विद्यालयले विपद प्रतिकार्य योजना निर्माण गर्नु।

### ४.५.३ रणनीति

माथि उल्लेखित उदेश्यहरु हाँसिल गर्नका लागि निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।

(क) विपद्को समयमा शिक्षण सिकाइका गतिविधिहरुलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पूर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरि कार्यान्वयन गर्ने।

(ख) सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने ।

(ग) महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको खोजी र प्रयोग गर्ने ।

(घ) सम्पूर्ण विद्यालयहरुको विपत जोखिमको अबस्था मुल्याङ्कन गर्ने र प्राथमिकिकरण गर्ने साथै बिद्यालयमा विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने।

(ङ) नगरपालिकामा रहेको शिक्षा समुहको प्रभावकारी परिचालन गर्ने।

(च) विपत प्रतिकार्यका लागि आबश्यक सीप, ज्ञान र स्रोत तयारी गर्ने ।

(छ) नगरपालिकामा बिद्यालय शिक्षाका लागि विपद् सुरक्षा डेस्क स्थापना गरी बिद्यालय तहमा पनि कार्यान्वयन गर्ने ।

(ज) शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने तथा संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने ।

(झ) बिद्यालय भौतिक पुर्वाधार सम्बन्धी मापदण्ड २०८० को प्रभावकारी कार्यान्वयन गर्ने र प्रभावकारी अनुगमन प्रणालीको विकास गर्ने ।

(ञ) विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने

(ट) हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने जसमा एक विधालय एक बँगैचा र एक बिद्यार्थी एक बिरुवा नीति अबलम्बन गर्ने ।

(ठ) प्रत्येक वडामा बिपद प्रतिकार्या योजना बनाई कार्यान्वयन गर्ने ।

(ड) विपदको पुर्व तयारी गर्दा प्रयोग हुने सामाग्री तथा बजेट ब्यबस्थापन गर्ने।

(ढ)प्रत्येक विद्यालयले विपद प्रतिकार्य योजना तयार गर्ने।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी तथा नतिजा**

(क) विपत् व्यबवस्थापनका लागि नगरपालिकामा भएका शिक्षा समुहको प्रभावकारी परिचालन तथा विपद् शिक्षा योजना निर्माण भै कार्यान्वयन भएको र विभिन्न विपद् प्रतिकार्य संयन्त्रहरु निर्माण र क्षमतावान भएको हुनेछन ।

(ख) सम्भावित विपतको ब्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक , मानवीय तथा आर्थिक स्रोतको व्यबस्थापन भएको हुने ।

(ग) आपतकालिन अबस्थामा वैकल्पिक सिकाइका विधीहरुको प्रयोग भै बालबालिकाको सिकाइ सहजिकरण नियमित भएको हुनेछ ।

(घ) सबै बिद्यालयले हरित र सुरक्षित बिद्यालयको नीति अबल्मबन गरी कार्यान्वयन गरेका हुनेछन ।

(ङ) विपदको पुर्व तयारी स्वरुप आवश्यक सामाग्री ब्यवस्थापन भएको हुनेछ।

(च) प्रत्येक विद्यालयले विपद प्रतिकार्य योजना तयार गरेका हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालवालिकालाई आधारभुत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा जोखिम न्यूनिकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ० | ५ | १५ | २० | ३० | ४० | ५५ |
| ३ | जलवायू परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यन्वयन गर्ने विद्यालय सङ्ख्या | ० | ० | ५ | १५ | २० | ३० | ४० | ५५ |
| ४ | विपद प्रतिकार्य योजना निर्माण गर्ने बिद्यालय संख्या | ० | ० | ५ | १५ | २० | ३० | ४० | ५५ |
| ५ | नगरपालिकामा विपद् शिक्षा योजना निर्माण | ० | ० | १ | | | | | |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड | पटक | | १ | | | | पुनराव लोकन | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुनरावलोकन तथा विपद शिक्षा योजना निर्माण | | | | | | | | |
| २ | विपत् तथा प्रकोप स्थानीय तह र विद्यालयको क्षमता विकास तालिम र अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | २ | पालिका र सरोकारवाला |
| ३ | विद्यालयमा विपद प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | बिद्यालय | ० | १४ | २० | २० | २ | निरन्तर अधावधी | पालिका र विद्यालय |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापन तथा उत्थानशीलताका लागि सचेतना शिक्षक तथा विव्यस तालिम | पटक | | १ | १ | १ | १ | २ | पालिका र बिद्यालय |
| ५ | हरित विद्यालय अवधारणाको कार्यान्वयन | बिद्यालय | १ | १५ | २० | २० | १९ | निरन्तर | पालिका र बिद्यालय |
| ६ | विपद् मा शैक्षिक क्रियाकलाप सञ्चालनका लागि सिकाइ सहजिकरणका सामग्रीको तयारीर व्यव्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका र बिद्यालय |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१वर्तमान अवस्था

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र

उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक – कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालयभवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा कार्यक्रम प्रस्ताव गरिएको छ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन । विद्यालयका भौतिक संरचना निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । चार कोठाको भवन बनाउँदा सङ्घीय सरकारबाट प्राप्त हुने बजेटले नगरपालिकाको सबै विद्यालयमा समान नाप र गुणस्तरको भवन निर्माण गर्ने कार्य सोचनीय छ। प्रदेश सरकारबाट प्राप्त भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रमहरु मागमा आधारित नहुँदा झनै समस्या भएको छ। विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रुपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्ग मैत्री र विपत् प्रतिरोधी बन्न सकेका छैनन् । समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीन तहका सरकार र विकास साझेदार निकायहरुबिचको समन्वय र सहकार्य अपेक्षित रुपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन।
शिक्षाको गुणस्तर वृद्धि गर्न तथा सबैका लागि शिक्षा, शिक्षामा समान पहुँच र सहभागिता वृद्धि गर्ने, शिक्षामा समानता विरुद्ध समता जस्ता नाराहरुलाई मूर्तरुप दिन कुनै पनि स्थानीय तहले विद्यालयहरुमा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी मापदण्ड २०७७ अनुसार गर्नुपर्ने देखिन्छ ।

मुसिकोट नगरपालिकामा संचालित ५५ वटा सामुदायिक विद्यालयहरु तथा ११ वटा संस्थागत विद्यालयहरु गरी जम्मा ६६ वटा र३ वटा श्रोत कक्षाका साथै उच्च शिक्षा प्राप्त गर्नका लागि १ वटा स्नातकोत्तर सम्म शिक्षण गरिने मुसिकोट खलंगा बहुमुखी क्याम्पस र १ वटा स्नातक तहसम्म शिक्षण गरिने रुकुमेली क्याम्पस गरी जम्मा २ वटा क्याम्पसहरु रहेका छन्।

**शैक्षिक शत्र २०८१ असोज महिना सम्म मुसिकोट नगरपालिका भित्र रहेका५५ वटा सामुदायिकविद्यालयहरुमा भएका भौतिक विवरण निम्नानुसार रहेको छः**

| क्रसं | भौतिक विवरण | परिमाण | कोठा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की भवन | ३८ | १५२ | |
| २ | कच्चि भवन | ३१ | ५५ | |
| ३ | शौचालय | ६१ | १२२ | |
| ४ | पुस्तकालय | १६ | १६ | |
| ५ | विज्ञान प्रयोगशाला | १३ | १३ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | कम्प्युटर कक्ष | ११ | ११ | |
| ७ | खानेपानी धारा | ५२ | | |
| ८ | घेराबार | ४५ | | |
| ९ | खेलमैदान | ५५ | | कतिपय विद्यालयमा प्रयाप्त नभएको |
| १० | चमेना गृह | ५५ | ५५ | |
| ११ | विद्युत | ४६ | | |
| १२ | इन्टरनेट | ३७ | | |

**स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

अधिकांश विद्यालयहरुमा छात्र र छात्राको लागि छुट्टाछुटै शौचालयको व्यवस्था गरीएको छैन । स्वच्छ पिउने पानीको अभावपनि छ । यसै गरी खेलमैदान तथा बिद्यालय घेराबार पनि प्रभावकारी हुन आबश्यक देखिन्छ ।मुसिकोट नगरपालिकामा विषेश गरी आधारभूत तहका विद्यालयहरुमा कच्ची भौतिक संरचनाहरु हुँदा तिनीहरुलाई विस्थापन गरी पक्की, भुकम्प प्रतिरोधात्मक, अपाङ्ग मैत्री भौतिक संरचनाहरु निर्माण गर्नुपर्ने अनिवार्य छ। । माथि उल्लेखित् भौतिक संरचनाहरु निर्माण गर्दा मुसिकोट नगरपालिकाको एकल प्रयासले मात्र सम्भव नभएकोले संघीय सरकार, प्रदेश सरकार, समुदाय विभिन्न संघ संस्थाहरुको समेत सहयोग लिन सकेमा शिक्षण सिकाइमा प्रभावकारी भूमिका निर्वाह गर्न र विद्यार्थीहरुको सिकाईउपलब्धिमा सुधार गर्न सकिन्छ ।

**४.६.२उद्देश्य**

शैक्षिक संस्थाहरुको भौतिक पुर्वाधारमा सुधार गरी सुरक्षित भौतिक पुर्वाधार र सिकाइ वातावरणमा सुधार गरी बालबालिकाको बिद्यालयमा पुहँच अभिबृद्धि गर्न निम्नानुसारका उदेश्य अबलम्बन गरिएको छ ।

(क) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ।

(ख) विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरुयोजनाको विकास र कार्यान्वयन गर्नु.

(ग) गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु ।

(घ) भुकम्प प्रतिरोधि तथा टिनको छाना मुक्त विद्यालय भवनहरु निर्माण गर्नु।

(ङ) अपाङ्ग तथा वालमैत्री पुर्वाधारहरु निर्माण गर्नु।

(च) हरेका विद्यालयमा वाल उद्यानको ब्यवस्था गर्नु।

### ४.६.३ रणनीति

**माथि उल्लेखित उद्देश्य पुरा गर्न निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।**

(क) विद्यालयको तह, विद्यार्थी सङ्ख्या र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना अनुसार कार्य गर्ने ।

(ख) विद्यालयको समग्र पक्षमा सुधार ल्याउनप्राथमिकताका आधारमा भौतिक पुर्वाधारको निर्माण, मर्मत सम्भार तथा सवलिकरण गर्ने ।

(ग) नगरपालिकामा सञ्चालन भएका विद्यालयहरुमा पूर्वाधार विकासका लागि संघीय सरकार , प्रदेश सरकार, विकास साझेदार एवम् नगरपालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गर्ने ।

(घ) प्रत्येक माध्यमिक तथा आधारभूत तह कक्षा १ देखि ८ सम्मकाविद्यालयमा एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला, एक गणित प्रयोगशाला र शैक्षिक सुचना व्यवस्थापन प्रणाली तथा साहित्यलेखन प्रबर्दनमा जोड दिने ।

(ङ) बिद्यालयहरुको भौतिक संरचनाहरुको अबस्था पहिचान र प्रोफाईल तयार गरी उक्त प्रोफाईलका आधारमा कार्यान्वयन प्रक्रिया अगाडी बढाउने ।

(च) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

(छ) विद्यालयको भौतिक पक्षमा सुधार गर्नका लागि स्थानीय समुदाय र लगानीकर्ताहरुलाई प्रोत्साहन एवम् परिचालन गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने ।

(ज) हरेक विद्यालयमा भुकम्प प्रतिरोधी तथा  टिनको छाना मुक्त विद्यालय निर्माण गर्ने ।

(झ) भौतिक संरचनाहरु अपाङ्ग तथा बालमैत्री बनाउनुका साथै हरेक विद्यालयमा बाल उद्यानको निर्माण गर्ने।

(ञ) शिक्षाको पहुँच बाहिर रहेका बालवालिकाहरुलाई आवासिय पुर्ण निःशुल्क विद्यालय स्थापना गर्ने।

(ट) कक्षा ९ देखि १२ मा अनिवार्य २ वटा प्राविधिक सिप सहितको शिक्षाको लागि आयआर्जन कमाउदै ब्यवस्था गर्ने।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सुविधा सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

**ख) नतिजा**

(क) विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरुयोजना निर्माण भएको हुने ।

(ख) नगरपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने ।

(ग) सबै माध्यमिक तहका विद्यालयहरुमा पुस्तकालय र प्रयोशालाहरु तथा आधारभूत तहका विद्यालयहरुमा पनि विस्तार भएको हुने ।

(घ) विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार तथा सवलिकरणका लागि नियमित पद्धति विकास भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र=स | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्री, फरक क्षमता मैत्रीतथाभुकम्प प्रतिरोधी विद्यालय % | १५ | १५ | २० | ३० | ४० | ६० | ८० | १०० |
| २ | खेलमैदानव्यावस्थापनतथाखेलकुदसामाग्रीव्यावस्थापन % | ३० | ३० | ४० | ५० | ६० | ७५ | ९० | १०० |
| ३ | भुकम्पप्रतिरोधि कक्षाकोठा सङ्ख्या % | १५ | १५ | २० | ३० | ४० | ६० | ८० | १०० |
| ४ | मैत्रीपुर्ण शौचालय भएको बिद्यालय % | १५ | १५ | २० | ३० | ४० | ६० | ८० | १०० |
| ५ | स्वच्छ र मैत्रीपुर्ण पिउने पानीको व्यवस्थापन भएकोबिद्यालय % | १५ | १५ | २० | ३० | ४० | ६० | ८० | १०० |
| ६ | भैतिकपुर्वधारसंरक्षणर मापदण्ड सम्वन्धिअभिमुखिकरण | ० | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्रि अपाङ्ता मैत्री तथा भुकम्प प्रतिरोधि भवन तथा पुर्वाधार निर्माण , मर्मत तथा सवलिकरण | पटक प्राथमिकताका आधारमा | १ | १ | १ | १ | १ | २ | पालिका र वडा |
| २ | भौतिक पुर्वाधार व्यबवस्थापनका लागि अभिमुखिकरण तथा क्षमता विकास | पटक | | १ | | १ | | | पालिका र वडा |
| ३ | भौतिक पुर्वाधारको अबस्था बिश्लेषण तथा प्रोफाईल तयारी | पटक | | १ | | | | | पालिका, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | खेलमैदानहरुको विस्तार र व्यबवस्थापन | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | पालिका |
| ५ | शौचालय , खानेपानी तथा फर्निचरहरुको व्यबवस्थापन तथा मर्मत सम्भार | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | निरन्तर र प्राथमिकताका आधारमा | पालिका |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

## ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि

### ४.७.१वर्तमान अवस्था

नेपालको संविधान २०७२ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याई डिजिटत भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ । नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६, ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त नीतिहरुमा सबै शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३देखी२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोगगर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै

स्रोतकेन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्नका लागि प्लेटफर्म बनाउने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज्ड गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने जस्ता कार्यक्रमहरू समेत विद्यालय शिक्षा क्षेत्र विकास योजनामा समावेश गरिएको छ।

मुसिकोट नगरपालिकामा सञ्चालनमा रहेका सबै माध्यमिक तहका विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहेको छ। विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीतिअनुरूप हालसम्म यस नगरपालिकाका १५ प्रतिशत माध्यमिक तथा आधारभुत तहका विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छैन। संघ, कर्णाली प्रदेश, मुसिकोट नगरपालिका र विद्यालयहरूले विभिन्न प्रयास गरे तापनि विभिन्न वडाहरुमा भौगोलिक विकटता तथा अन्य पूर्वाधारगत समस्या हुँदा टेलिभिजन र इन्टरनेट जस्ता सुविधाबाट यहाँका केही वालबालिकाहरू वञ्चित भइरहेका छन्। सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान प्रदान गर्दै आएको अवस्था छ । विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ। सुचना तथा सञ्चार प्रविधिमा शिक्षकको क्षमता विकास तथा परिचालन लक्ष्य अनुरुप हुन सकेको छैन । शिक्षकहरुलाई सुचना प्रविधिमा दक्ष बनाउनका निमित्त क्षमता विकास गर्न प्रशिक्षकको व्यवस्था गरी परिचालन गर्न आबश्यक देखिन्छ । सुचना व्यबवस्थापनमा समेत प्रभावकारी कार्य गरेमा सुचना व्यबस्थापन प्रणाली चुस्त दुरुस्त हुने देखिन्छ । सबै बिद्यालयमा इन्टरन्ट तथा अफलाईन मात्ध्यमबाट चलाउन सकिने इ पुस्तकालयहरुको व्यबस्थापन गर्न सकिन्छ ।

### ४.७.२उद्देश्य

बालबालिकाहरुमा सुचना तथा सञ्चार प्रविधिमा सरल र प्रभावकारी पहुँच अभिबृद्धि गरी सिकाइ उपलब्धीमा सुधार ल्याउन निम्नानुसारका उदेश्यहरु किटान गरिएको छ ।

(क) सबै बिद्यालयहरुमा बिधुत सेवाको पहुँच सुनिश्चित गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार र व्यवस्थापन समयानुसार गर्नु ।

(ख) विभिन्न किसिमका अपाङ्गता भएका बालवालिकाहरु लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्‍याउनु ।

(ग) शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो तथा प्रभावकारी बनाउनु ।

(घ) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु तथा बिद्यालयको दैनिक प्रशासनिक कार्यमा सुचना प्रविधिको प्रयोगमा बढवा दिनु ।

(ङ) विपत् तथा सङ्कटको समयमासमेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु ।

### ४.७.३ रणनीति

माथि उल्लेखित उदेश्यहरु पुरा गर्न निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिनेछ ।

(क) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रवन्ध मिलाइने यसका लागि विधुत सेवाको पहुँचको सुनिश्चितता गरिनेछ ।

(ख) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरूको विकास गरिने छ ।

(ग) विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरुका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गर्ने

(घ) नगरपालिका स्तरमा व्यवस्थित शिक्षा सम्वन्धित जानकारी का लागि ई–पोर्टल निर्माण गरिने छ,

(ङ)विद्यालयमाशैक्षिक स्रोत सामग्रीहरू इन्टरनेटको सुविधा विस्तार गरी विद्यार्थीहरूको पहुँचमा विस्तार गर्ने र क्षमता विकास गर्ने ।

(च) शैक्षिक सूचना व्यवस्थापन तथा सूचना प्रणालीलाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली, शिक्षकको तलवी प्रतिवेदन पारित गर्ने जस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरी लागु गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने ।

(छ) सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ,

(ज) संघ र कर्णाली प्रदेशसँग समन्वय गरी नगरपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्य वृद्धि गर्ने ।

(झ) अफलाईन माध्यमबाट पनि चलाउन सकिने इ पुस्तकालयको व्यबवस्थापन गर्ने ।

(ञ सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सिपमा क्षमता विकास गर्ने ।

(ट) विपत् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ठ) स्थानीय एफ.एम. रेडियो सँग समन्वय गरेर शैक्षिक कार्यक्रम नियमितरूपमा उत्पादन र प्रसारण गर्ने ।

वेभसाइट, विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था गरिने छ,

(ड) एक शिक्षक एक ल्याप्टप अवधारणा कार्यान्वयन गर्ने तथा कम्प्युटर र सुचना प्रविधी प्रशिक्षकको व्यवस्था र परिचालन गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

क) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन भएको हुने ।

ख) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तारले सिकाइ उपलब्धीमा सुधार भएको हुनेछ ।

**नतिजा**

(क) नगरपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ सहजीकरण केन्द्र स्थापना र सञ्चालन भएको हुने,

(ख) नगरपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको सहज पहुँच पुगेको हुने ।

(ग) विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने ।

(घ) सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुने ।

(ङ) सबै शिक्षकमा ल्यापटपको व्यवस्था र प्रयोग भै विद्यालयमा शिक्षक तथा कर्मचारीहरूबाट प्रविधिको बढीभन्दा बढी प्रयोग गरिएको हुने ।

(च) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो प्रभावकारी रूपमा परिचालन भएको हुने,

(छ) सबै माध्यमिक तथा आधारभूत विद्यालयहरूमा विद्युतीय हाजिरी र सी.सी. क्यामेराको प्रयोग गरिएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ३७ | ३७ | ४० | ४३ | ४६ | ५० | ५२ | ५५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या (%) | २० | २० | २५ | ३० | ३५ | ४२ | ५० | ५५ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या (%) | २० | २० | २५ | ३० | ३५ | ४२ | ५० | ५५ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३७ | ३७ | ४० | ४३ | ४६ | ५० | ५२ | ५५ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | ४५ | ४५ | ४७ | ४९ | ५२ | ५३ | ५४ | ५५ |
| ५ | विद्यालयले आफ्नोसूच | २० | २० | ३० | ४० | ६० | ७५ | ८५ | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ना, जानकारी को लागि डिजिटलमा ध्यमप्रयोग (फेसबुकपेज, वयवपेज) (%) | | | | | | | | |
| ६ | IEMISWeb प्रयोगमा दक्षता(%) | ३० | ३० | ४० | ५० | ६० | ७५ | ९० | १०० |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा ICTसंरचना विस्तार गरी इलाइब्रेरी स्थापना | विद्यालय | २ | १२ | १२ | १२ | १८ | मर्मत सम्भार र थप | पालिका, |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्वस्था | संख्या | ३७ | ४० | ४५ | ५० | ५५ | निरन्तर | पालिका |
| ३ | कक्षा१देखि५सम्मपठनपाठनमाडिजिटलमाध्यमकोप्रयोगवाICTप्रयोग | विद्यालय | ० | १० | २० | ३० | ४० | ५५ | पालिका, |
| ४ | शिक्षकको क्षमता विकास कम्प्यूटर र सुचना प्रणाली व्यवस्थापनमा | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| ५ | सुचना प्रविधि प्रशिक्षकको व्यवस्था | संख्या | ० | २ | नियमित | नियमित | नियमित | नियमित | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | IEMISव्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| ७ | विद्यालयहरूमा वेभसाइट, विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था | संख्या | ६ | १० | २० | २० | | | पालिका |
| ८ | सामुदायिककेन्द्रमा सुचना, सञ्चारप्रयोगसम्वन्धि प्राविधिकसिपप्रदानगर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | पालिका |
| ९ | सुचनासञ्चारसहिप्रयोगविषयमारेडियोकार्यक्रम | आवश्यक्ता को आधारमा | आवश्यक्ता को आधारमा | आवश्यक्ता को आधारमा | आवश्यक्ता को आधारमा | आवश्यक्ता को आधारमा | आवश्यक्ता को आधारमा | आवश्यक्ता को आधारमा | पालिका |
| १० | शिक्षककोक्षमताविकास, विद्यार्थिपठनपाठमा सघाउपुग्नेखालका तालिमसञ्चालन | ० | वर्षमा २ पटक | वर्षमा २ पटक | वर्षमा २ पटक | वर्षमा २ पटक | वर्षमा २ पटक | वर्षमा २ पटक | पालिका |
| ११ | अनलाइनसिकाइआदानप्रदानबैठक | ० | वर्षमा २ पटक | वर्षमा २ पटक | वर्षमा २ पटक | वर्षमा २ पटक | वर्षमा २ पटक | वर्षमा २ पटक | पालिका |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम

# परिच्छेद ५ अन्य उपक्षेत्र तथा अन्तरसम्बन्धित बिषयहरु

## ५.१ सामुदायिक पुस्तकालय

### ५.१.१ वर्तमान अबस्था

सामुदायिक पुस्तकालय" भन्नाले स्थानीय समुदाय, समाजसेवी वा सामुदायिक संस्था, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी निकायको सहयोगमा स्थापना र संचालन भएका समुदायमा रहेका वा समुदाय स्तरले समेत सहज रुपमा प्रयोग गर्न पाउने पुस्तकालय सम्झनु पर्छ । यसले बाल पुस्तकालय, वाचनालय, विद्युतीय पुस्तकालय समेतलाई जनाउँछ ।समुदायमा स्थापना हुने र समुदायका लागि लक्षित गिरउका पुस्तकालय स्थानीय तह वा प्रदेश सरकारको सहयोगमा समुदायका सबै वर्ग, धर्म, लिङ्ग, जातजाति, भाषाभाषी लगायतका सबै उमेर र पेसा व्यावसायमा संलग्न नागरिकलाई बिना भेदभाव सदस्यता प्राप्त गरी वा नगरी पुस्तकहरुको आदान प्रदान वा निश्चित स्थानमा बसी अध्ययन वा प्रयोग गर्न पाउने गरी संचालन भएको पुस्तकालय हुन जुन सार्वजनिक रुपमा प्रयोगमा हुन्छन । विभिन्न पेशा व्यवसाय, वर्ग र सबै क्षेत्रके लागि अति आबश्यक बिषयबस्तुहरु र सन्दर्भ सामग्रीहरु पुस्तकालयमा उपलब्ध गरी पठन संस्कर्तिको विकास र प्रवर्द्धन गर्न सकिन्छ ।

मुसिकोट नगरपालिकामा हाल ६ वटा सामुदायिक सिकाइ केन्द्रहरुले विधालय संग समन्वय गरेर ६ वटा विधालयमा पुस्तकालयहरु स्थापना र सञ्चालन भइरहेको अवस्था छ ।सामुदायिक सिकाइ केन्द्रहरुले समुदाय तहमा सिकाइ निरन्तरताका लागि कार्य गर्न पर्ने अबस्थामा समुदाय तहमा पुस्तकालय स्थापना र सञ्चालन गर्न सकेमा सिकाइ र साक्षरता समुदाय तहमा पनि बढाउन मद्धत पुग्दछ । हाल मुसिकोट नगरपालिकामा समुदाय तहमा कुनै पनि स्थानमा पुस्तकालयहरु स्थापना भएको छैन । आम नागरिकमा पठन संस्कृतिको विकासका र प्रवर्द्धनका लागि पुस्तकालयको स्थापना र प्रयोग यहाँका लागि आबश्यक देखिन्छ । समुदाय तवरमा पुस्तकालयको स्थापना र प्रयोग मार्फत पठन क्षमताको विकास र आबश्यक विभिन्न सामग्रीहरुको प्रयोगमा मद्धत पुर्याउन सहयोग मिल्दछ ।समुदाय तहमा विशेष गरी अफलाइन माध्यमबाट चल्ने ईपुस्तकालयको स्थापनाले समुदायस्तरका पाठकलाई आबश्यकताका आधारमा विभिन्न सामग्रीहरु प्रयोग गर्न मद्धत पुग्दछ । यसर्थ यस मुसिकोट नगरपालिकाले समुदाय स्तरमा पुरस्तकालय स्थापना र व्यवस्थापनका लागि प्रयास थाल्ने योजना लिएको छ ।

### ५.१.२ उद्देश्यहरु

आमनागरिकमा पठन संस्कृतिको विकास र प्रर्वद्धनका लागि सामुदायिक पुस्तकालयको स्थापना र व्यवस्थापन मार्फत सिकाइ वातावरणमा सुधार ल्याउन निम्नानुसारका उदेश्यहरुअबलम्बन गरिएको छ ।

(क) सामुदायिक पुस्तकालयको स्थापना र व्यवस्थापन मार्फत समुदायस्तरमा पठन संस्कृतिको विकास र प्रवर्द्धन गर्नु।

(ख) पाठकलाई बिभिन्न किसिमका आवश्यक पठन सामग्रीहरुको सरल र सहज उपलब्ध गराउनु तथा सबै वर्गको समतामुलक पहुँच सुनिश्चित गर्नु ।

### ५.१.३ रणनीतिहरु

माथि उल्लेखित उद्देश्य पुरा गर्न निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।

- सबैको पहुँच पुग्ने गरी सामुदायिक पुस्तकालयको स्थापना गर्ने ।

- सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास र परिचालन मार्फत समुदाय तहमा पुस्तकालय व्यबस्थापन र प्रयोगमा जोड दिने ।
- पठन संस्कृतिको विकासका लागि समुदाय स्तरमा सचेतनामुलक कार्यक्रमहरु गर्ने तथा समुदायको आबश्यकतामा आधारित पुस्तक तथा सामग्रीहरु व्यबस्थापन गर्ने ।
- सामुदायिक अध्ययन केन्द्रहरु आवश्यक्ताको आधारमा विस्तार गरी उपयुक्त समुदाय स्तरमा स्थापना र सञ्चालन गर्ने।
- अपाङ्गमैत्री र समावेसी सामुदायिक केन्द्र स्थापना गरी दक्षता प्राप्त लाइबेरियन नियुक्ति दिने।
- सामुदायिक अध्यन केन्द्रहरु पहिलो चरणमा प्रत्येक वडामा स्थापना गर्ने र पछि छुट्टै आफ्नै भवन निर्माण गरी ब्यवस्थापन गर्ने।

### ५.१.४ उपलब्धि तथा नतिजा

- सामुदायिकस्तरमा पुस्तकालय स्थापना भएको हुनेछ ।
- समुदाय स्तरमा रहेका आम नागरिकको पठन संस्कृतको विकास भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | ० | ० | | १ | ३ | ४ | पालिका |
| २ | सामुदायिक सिकाइ केन्द्रमा पुस्तकालय | ६ हाल विधालयमा रहेको | ६ | ८ | १२ | १० | १४ | सिकाइ केन्द्र |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ५.१.५ मुख्य क्रियाकलापहरुः

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तकालय को स्थापना इ लाइब्रेरी सहित | वटा | | | १ | | | | पालिका |
| २ | समुदाय तहमा पठन संस्कृतिको लागि सचेतनामुलक कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | पालिका , सामुदायिक सिकाइ केन्द्र |
| ३ | लाइबेरियन जनशक्ति व्यबस्थापन | जना | ० | | १ | १ | १ | १ | पालिका |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

## ५.२ युवा तथा खेलकुद विकास

### ५.२.१ वर्तमान अबस्था

नेपालके संविधानको अनुशुची ९ मा उल्लेखित संघ प्रदेश र स्थानीय तहको साझा अधिकार सम्बन्धमा संघ तथा प्रदेश कानुनको अधिनमा रहि स्थानीय तहले यूवा तथा खेलकुदका लागि आबश्यक संरचना पूर्वाधार निर्माण संचालन तथा विकासका कार्यक्रमहरु गर्ने प्रावधान रहेकोछ । सोही अनुरुप स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा ४ (क) मा गाँउ तथा नगरपालिकाको खेलकुद तथा पत्रपत्रिका सम्बन्धि अधिकार सुनिश्चित गरेकोछ । गाँउ तथा नगरपालिका अन्तरगत कार्यपालिका सचिवालयमा रहने विभिन्न विषयगत शाखा मध्य शिक्षा यूवा तथा खेलकुद शाखालेनै यूवा तथा खेलकुद सम्बन्धि प्रचलित ऐन नियम एंव स्थानिय तहबाट निर्माण भई कार्यान्वियनमा आएका कार्यविधीहरु अनुरुप युवा तथ खेलुकदका निम्न कार्यहरु गर्ने व्यबस्था रहेको छ ।यस अन्तरगत स्थानीय तहले स्थानीय स्तरका खेलकुद संरचनाको पुर्वाधार निर्माण संचालन तथा विकास, स्थानिय स्तरमा खेलकुद प्रशासन तथा संघ-संस्थाको नियमन र समन्वय,खेलकुदको विकास र प्रवर्द्धन,खेलकुद प्रतियेगिता आयोजना र सहभागिता,खेलकुद सम्बन्धि पूर्वाधार विकास तथा संघीय यूवा तथा खेलकुद मन्त्रालयको यूवा स्वरोजगार कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक व्यबस्थापन गर्न पहल गरिने जस्ता विषयहरु उल्लेख गरेको छ ।

यसै सन्दर्भमा मुसिकोट नगरपालिकाको विद्यालय तथा युवाहरुले खेलकुद कार्यक्रमहरुलाई शिक्षा यूवा तथा खेलकुद शाखा मार्फत शिक्षा समितिले संयोजन गर्दै आएकोछ । यस अन्तरगत विद्यालयस्तरका अन्तरविद्यालय खेलकुद संचालन राष्ट्रपति रनिङ शिल्ड, नगर प्रमुख कप तथा अतिरिक्त क्रियाकलाप कार्यविधी २०८१ बनाई सो कार्यविधि अनुसार प्रतियोगिताको तयारी छनोट र जिल्लास्तरको कार्यक्रममा सहभागिता विद्यालय तहबाट यूवा तथा खेलकुद संचरना एंव पूर्वाधार विकास र सहभागिता गराउँदै आएकोछ। प्रतियोगिताको लागि आवश्यक अन्तर्विद्यालय खेलकुद प्रतियोगिता कार्यक्रम तथा यूवा खेलकुलका लागि खेलकुद सामग्री र आबश्यक स्रोत व्यबस्थापन गर्दै आएकोछ ।विद्यालय तहमा

खेलकुद विकासका लागि विभिन्न खेल सामग्रीहरुको वितरण र सहयोग भएता पनि खेल प्रशिक्षकको व्यबस्थापन तथा खेलकुदका गतिविधीहरु प्रभावकारी रुपमा बढाउन अति आबश्यक देखिन्छ । बिद्यालय तहमा नै विभिन्न खेलमा बालबालिकालाई अभ्यस्त बनाइ उनीहरुलाई खेलकुदमा सक्षम र प्रतिस्पर्धी बनाउन मुसिकोट नगरपालिका निरन्तर रुपमा लाग्न पर्ने देखिन्छ ।

### ५.२.२ उद्देश्य

युवा तथा खेलकुदका माध्यमबाट अतिरिक्त क्रियाकलापहरुमा बिद्यार्थीहरुको पहुँच अभिवृद्धि गर्न निम्नानुसारका उदेश्यहरु किटान गरिएको छ ।

- स्थानीय स्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण संचालन तथा विकास गर्नु ।
- स्थानिय स्तरमा खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय गर्नु ।
- खेलकुदको विकास र प्रवर्द्धन गर्नु ।
- खेलकुद प्रतियेगिता आयोजना र सहभागिता सुनिश्चित गर्नु ।
- खेलकुद सम्बन्धि पूर्वाधार विकास गर्नु ।।
- विधालयस्तरमा विविध प्रकारका खेलकुद प्रतियोगिता संचालन व्यबस्थापन एंव राष्ट्रपति रनिङ्गशिल्ड र नगर प्रमुख कप तथा अतिरिक्त प्रतियोगिताको लागि तयारी गर्नु ।
- यूवा स्वरोजगार सम्बन्धि तालिम तथा रोजगार व्यबस्थापन गर्नु ।
- सकभर प्रत्येक विद्यालयमा खेलकुद शिक्षक तथा प्रशिक्षकको व्यबस्था गर्नु।

### ५.२.३रणनीतिहरु

उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।

- नगरपालिका क्षेत्रमा खेलकुद समिति गठन र परिचालन गर्ने ।
- खेलकुद संरचनाका लागि पूर्वाधार निर्माण गर्ने ।
- खेलकुदको संचालन र विकास गर्ने ।
- स्थानीयस्तरमा खेलकुद सम्बन्धि संघ प्रदेश र गैससहरुको समन्वय र सहकार्य गर्ने ।
- संघ र प्रदेशबाट जारी खेलकुद सम्बन्धि कानुनको अधिनमा रही कार्यविधी निर्माण र कार्यान्वयन गर्ने।
- विदयालय तथा यूवा स्तरका खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्ने ।
- पालिकामार्फत आयोजना तथा सहभागिता हुने खेलकुद कार्यक्रममा आबश्यक सामग्री तथा स्रोतको व्यबस्थापन गर्ने ।
- यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन मा साझेदारी विकास गर्ने।
- सकभर प्रत्येक विद्यालयमा खेलकुद शिक्षक तथा प्रशिक्षकको व्यबस्था गर्ने।

### ५.२.४मुख्य उपलब्धि, र नतिजा

**उपलब्धि**

विद्यालयस्तरका विधार्थी तथा समुदायस्तरका यूवाहरुलाई खेलकुद प्रति उत्प्रेरित गर्दै सक्रिय सहभागिता र प्रतिस्पर्धाको विकास भएको हुने ।

नतिजा

क) नगरपालिका स्तरमा विभिन्न खेलसम्बन्धि सहजकर्ता तथा सहभागि तयार भएको हुने ।
ख) खेलकुलका लागि पूर्वाधारके निर्माण र व्यबस्थापन भएको हुने ।
ग) खेलकुद सम्बन्धि स्थानीय नीति तथा कार्यविधीहरु तयारी र कार्यान्वयन भएकोहुने ।
घ) खेलकुद सम्बन्धमा जिल्ला तथा प्रदेश स्तरका निकायसंग समन्वय र सहकार्य भएको हुने।
ङ) खेलकुदको विकास र प्रवर्द्धन सम्बन्धमा विधार्थी र यूवाहरुलाई अभिमुखिकरण भएको हुने ।
च) विभिन्न खेलहरुमा उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान भएको हुने ।
छ) यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन भएको हुने ।

### ५.२.५ मुख्य क्रियाकलापहरुः

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीयस्तरकोखेलकुदकोसंरचना विकास | पटक | | १ | | १ | | १ | पालिका , संघ र प्रदेश |
| २ | विभिन्न खेलकुद सम्बन्धि निकायहरुसंगसहकार्य र समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका , |
| ३ | अन्तर विधालय खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | २ | पालिका र विधालय |
| ४ | समुदायस्तरमायूवाखेलकुदप्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | २ | पालिका र वडा |
| ५ | विधालयतथायूवास्तरकाखेलकुदकालागिआबश्यककार्यविधीरनिर्देशिकातयारी | विद्यालय | १ निर्माण भएको | | | | | परिमार्जन | पालिका |
| ६ | खेलकुदसामग्रीव्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | उत्कृष्ट खेलाडीतथाप्रशिक्षकहरुलाईसम्मान | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| ८ | पालिका मार्फत बिद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्थापन | जना | | २ | | २ | | २ | पालिका |
| ९ | नगर प्रमुख कप तथा अतिरिक्त क्रियाकलाप संचालन | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अबस्था

शिक्षा पद्धतिमा पारदर्शिता, जवाफदेहिता, कानुनको शासन, उत्तरदायीत्व, सहभागिता, समानता र समावेशिता, प्रभावकारीता र दक्षता, निष्ठा  लगायतका बिषायहरुलाई प्रभावकारी रुपमा कार्यान्विन का साथै कानुनि अधारमा रहि सही निर्णय गर्ने प्रकृयालाई सुशासन भनेर बुझिन्छ । शुसासन तथा व्यवस्थापनमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रमा सुशासन तथा व्यवस्थापन प्रभावकारी राख्ने उद्देश्यले सबै विद्यालयलाई समुदायमा हस्तान्तरण गरिएको छ । प्रभावकारी सुशासन र व्यवस्थापनले  शिक्षा क्षेत्रमा सुधार ल्याउनका साथै बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना निर्माण,योजना तर्जुमा र कार्यन्वयनमा महत्वपुर्णभूमिका खेल्दछ। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गर्नु ले सुशासनको प्रत्याभूति गराउन मद्धत गर्दछ ।शुसासन र प्रभावकारी व्यवस्थापन गर्न स्थानिय सरकार र स्वयम विद्यालयमा अधिकार विकेन्द्रीकृत गरेको छ ।शैक्षिक शुसासनस्थापना गर्न स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहनका साथै स्रोत साधनको उचित व्यवस्थापन सस्थागत क्षमता विकासमा पनि योगदान रहन्छ । शुसासनले आर्थिक पारदर्शीता, निति तथा योजना निर्माण प्रकृया विद्यालय सञ्चालन पद्दति निर्णायक निकाय आदिलाई समेट्दछ । शुसासन हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ।

नेपालमा आर्थिक सुशासन तथा व्यवस्थापन गर्न आर्थिक ऐन २०७७ आर्थिक कार्यबिधि तथा बितिय उत्तरदायित्व ऐन २०७६ र लेखा परीक्षण ऐन तथा कार्यबिधि समेत जारी भएको छ । बिधालयको हकमा अर्थिक सुशासन कायम गर्न शिक्षा ऐन २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षण गर्नुपर्ने ब्यवस्था छ ।बिधालय सञ्चालन पद्दति र निर्णय प्रकृयामा बिधालय ब्यवस्थापन समिति समेत रहने व्यवस्था छ। स्थानीय सरकारका अधिकार तथा दायित्वबमोजिम स्थानीय सरकार सञ्चाल ऐन २०७४,  नेपालका सविधान , शिक्षा निति लगायतको आधारमा स्थानीय तहले पनि नीति निर्माण गर्ने, शैक्षिक कार्यविधीहरु तयार गर्ने तथा शिक्षासंग सम्बन्धित विभन्न कार्यक्रमहरु र बजेट तय गरी कार्यान्वयन गर्नुप्रर्दछ । यसै गरी नियमित रुपमा लेखा परिक्षण, सामाजिक परिक्षण, अनुगमन तथा मुल्याङ्कन जस्ता कार्य गर्नुपर्दछ ।

मुसिकोट नगरपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत २ जना कर्मचारी रहेका छन। नगरपालिकामा नगर प्रमुखको नेतृत्वमा नगर शिक्षा समिति तथा वडा तहमा वडा शिक्षा समितिहरु रही कार्यान्वयनमा रहेका छन ।मुसिकोट नगरपालिकाले मुसिकोट नगरपालिका

प्रस्तावित नगर शिक्षा नीति २०७४, मुसिकोट नगरपालिका शिक्षा ऐन २०७४, र नियमावली, २०७४, मुसिकोट नगरपालिका शिक्षक कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि २०७५, मुसिकोट नगरपालिका शिक्षक कर्मचारी सरुवा कार्यविधि २०७५, बिद्यालय बाहिरका अध्यापन तथा तालिम प्रशिक्षण कार्य संचालन सम्बन्धी कार्यविधि,२०७५, मेयर कप प्रतियोगिता संचालन कार्यविधि २०८० तयार गरी कार्यान्वयन गरिरहेको छ । यसका साथै हरेक बर्ष शिक्षा क्षेत्रको बजेट तथा कार्यक्रम र नीति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने गरेको छ ।

गत आर्थिक बर्षमा मुसकोट नगरपालिकाका सबै तहका बिधालयले लेखापरिक्षण, सामाजिक परिक्षण तथा बिद्यालय सुधार योजनाको अद्यावधी सम्पन्न गरेका छन ।मुसिकोट नगरपलिकाका सबै माध्यमिक तहका बिद्यालयमा गुनासो सुनुवाई सयन्त्रको व्यबस्था गरिएको भएता पनि प्रभावकारी हुन सकेको छैन । सुशासन कायम गर्नका लागि बिद्यालयमा सुचना अधिकारि माध्यमिक तहका केही विद्यालयमा, लैङ्गक सम्पर्क व्यक्ति केही बिद्यालयमामात्र रहेकोले सबै बिद्यालयमा सुशासनका लागि सयन्त्रहरु विकास गर्नुपर्ने देखिन्छ । बिद्यालयहरुमा रहेका वि .व्यसको बैठक औषत रुपमा ५ पटक, शि .अ .स .को बैठक २ पटक, शिक्षक कर्मचारीको बैठक ९ पटक भएको देखिन्छ । विगतका शैक्षिक सत्रहरुमा भन्दा निरन्तर सुधार भएको अबस्था छ । यसै गरी विधालयका गतिविधिहरुको बारेमा जानकारी गराउनका लागि सार्वजनिक सुनुवाई गर्ने गरेका छन साथै सार्वजनिक सुनुवाई पश्चात मात्र बजेट निकास गर्ने परिपाटीको विकास भएको छ । समग्रमा पालिकाको शैक्षिक सुशासनका लागि पालिका तहमा शैक्षिक वहस गर्न तथा शैक्षिक संस्थाहरुको थप क्षमता विकास र नियन्त्रण गर्न आबश्यक देखिन्छ । विशेष गरी विधालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ लगायतका सस्थाहरुको क्षमता विकास गरी उनीहरुको काम कर्तव्य संग सम्बन्धित विषयहरुमा क्षमता विकास र परिचालन गर्न सकेमा सुशासन कायमा गर्न मद्धत पर्दछ ।

### ६.१.२ उद्देश्य

शैक्षिक गतिविधिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि विद्यालयमा सुशासन स्थापना र प्रभावकारी शैक्षिक ब्यवस्थापनमा सुधार लायउनका लागि निम्न उद्देश्यहरू किटान गरिएको छ ।

क) शैक्षिक सुशासन तथा प्रभावकारी व्यवस्थापन गर्न शैक्षिक नीति, कार्यविधी, कार्यक्रमहरु तय गर्नु तथा संस्थागत क्षमता विकास गर्नु ।

ख) शैक्षिक क्षेत्रमा असल शासन कायम गर्न निरन्तर रुपमा सामाजिक परिक्षण, लेखा परिक्षण, गुनासो सुनुवाइ जस्ता सयन्त्रहरुको स्थापना तथा क्षमता विकास र परिचालन कार्य प्रभावकारी रुपमा गर्नु ।

ग) कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहि र विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्नु ।

घ) विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि  गर्न संरचना र जनशक्तिको व्यवस्था गर्नु साथै स्रोत व्यवस्थापन गर्नु।

ङ) विद्यालयमा सुशासन स्थापना गर्नसहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत रुपमा समन्वय गर्दै प्रबिधिलाई समेत प्रयोगमा ल्याउनु ।

### ६.१.३रणनीतिहरु

शैक्षिक सुशासन प्रवर्द्धनका लागि किटान गरिएका माथिका उदेश्यहरु पुरा गर्न निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।

क० शैक्षिक व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न नीति तथा कार्यबिधि निर्माण गरिने र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने साथै संस्थागत क्षमता विकासको लागि नीति तथा निर्देशिका तयार गर्ने ।

ख० संस्थागत संरचना बमोजिमको जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास गर्ने साथै बिधालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गर्ने ।

ग० विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न  भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने  र पर्याप्त र  तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने ।

घ० विधालय व्यबस्थापन समिति, शिअस, प्रधानाध्यापकको क्षमता विकास र थप जिम्मेबार बनाउने तथा परिचालन र प्रोत्साहन गर्ने।

ङ० विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने साथै स्रोत साधनको व्यवस्थापनमा जोड दिने।

### ६.१.४ प्रमुख उपलब्धी र नतिजा

**उपलब्धी**

शिक्षामा सस्थागत विकास सुशासन प्रवर्द्धनले शेक्षिक निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बिधालयको सेवा तथा बालबालिकाको सिकाइको गुणस्तरका साथै समावेसी शिक्षा प्रणालीमा विकास भएको हुने र संस्थागत क्षमता अभिबृद्धि भई परिचालित भएको हुने ।

**प्रमुख नतिजाहरु**

*क०* नगरपालिकाले शिक्षा संग सम्बन्धित बिभिन्न नीति तथा कार्यविधीहरु तय गरी प्रभावकारी रुपमा कार्यान्वयन गरेको हुनेछ ।

*ख०* शिक्षाका संरचना बमोजिमको जनशक्ति व्यवस्थापन र क्षमता विकास भै परिचालन भएको हुने ।

*ग०* शिक्षाका संस्थागत सयन्त्रहरुको क्षमता विकास भई प्रधानाध्यापक, विधालय व्यवस्थापन समिति , शिक्षक अभिभावक संघ, वाल क्लव लगायतले जिम्मेबारीबोध भएको हुने र सुशासन कायम भएको हुने ।

छ) प्रभावकारी रुपमा आबश्यक स्रोत व्यबस्थापन र परिचालन तथा प्रभावकारी कार्य सम्पादन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा ऐन नीति निर्माण | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | परिमार्जन |
| २ | सामाजिक परिक्षण | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ३ | लेखा परिक्षण | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ४ | बिद्यालय सुधार योजना | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ५ | विव्यसको बैठक शिअसको बैठक | अनियमित | नियमित गराउने | नियमित गराउने | नियमित गराउने | नियमित गराउने | नियमित गराउने | नियमित गराउने |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ६.१.५ मुख्य क्रियाकलापहरुः

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षामा आबशेयक थप नीति, मापदण्ड कार्यविधीहरु निर्माण | पटक |  | १ |  | १ |  | परिमार्जन गर्ने | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | संस्थागत सुशासनका लागि क्षमता विकास | पटक | | १ | १ | १ | १ | २ | पालिका , |
| ३ | सबै बिद्यालयको कार्यसम्पादन करार सम्झौता र स्वमुल्याङ्कन | बिद्यालय | | १६ मावि | ५५ | ५५ | ५५ | ५५ | पालिका र विधालय |
| ४ | बिद्यालय व्यबस्थापन समिति र शिअसको क्षमता विकास (कार्यसम्पादनका लागि) | पटक | | १ | १ | १ | १ | १ | पालिका र बिद्यालय |
| ५ | लेखा परिक्षण तथा सामाजिक परिक्षण तथा विधालय सुधारयोजना अधावधी र निर्माण र अभिमुखिकरण | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | पालिका |
| ६ | गुनाशो सुनुवाइ सयन्त्रको विकास र र | विद्यालय | १६ | २० | १९ | | | पुनर्ताजकी | पालिका र बिद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | |
| ७ | बिद्यालय बडापत्रको व्यबस्थापन | विद्या लय | | ४ | १७ | १७ | १७ | | पालिका र बिद्यालय |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

मुसिकोट नगरपालिकाको शिक्षा योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन तथा योजना कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्षे बिद्यालय शिक्षा क्षेत्र योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागिर त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले मुख्य भुमिका निर्वाह गरी स्थानीयकरण गर्नु आवश्यक रहेको छ ।यसर्थ मुसिकोट नगरपालिकाले समग्र नगरपालिकाको शैक्षिक विकास र परिवर्तनका लागि दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य सहित शिक्षा योजनाको प्रभावकारी कार्यान्वयका लागि विभिन्न शैक्षिक नीतिको प्रभावकारी कार्यान्वयन तथा निमार्माण र परिमार्जमा ध्यान दिने गरी यो शिक्षा योजना निर्माण गरेको छ ।

मुसिकोट नगरपालकाले शिक्षा योजना कार्यान्वयनका लागि शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाइ तथा शिक्षा समितको नेतृत्वदायी भुमिकामा शैक्षिक गतिबिधिहरु कार्यान्वयनमा रहेका छन नगरपालिकाले तयार गरेको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिका तहबाट शिक्षा युवा तथा खेलकुद शाखा तथा वडा तहमा वडा शिक्षा समिति र बिधालय,विव्यस , शिअस लयातका संस्थाहरु मार्फत कार्यान्वयन भैरहेको छ । यसका अलवा प्रदेश तथा संघको निर्देशन तथा सल्लाह सुझाव र समन्वय भएर शैक्षिक गतिविधिहरु अगाडी बढेका छन ।

### ६.२.२उद्देश्यहरू

मुसकोट नगरपालकाको शिक्षा योजना कार्यान्वयनका लागि निम्नानुसारका उदेश्यहरु अबलम्बन गरिएको छ ।

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

ख) योजना कार्यान्वयनका लागि विभिन्न निकाय संगको समन्वय, सहकार्य तथा साझेदारी कायम गर्नु।

### ६.२.३रणनीतिहरू

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि लक्षित गरिएका उदेश्यहरु परिपुर्ति गर्नका लागि निम्नानुसारका रणनीतिहरु अबलम्बन गरिएको छ ।

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सघ लगातयका संरचनाको गठन, पुनर्गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने सहकार्य तथा सहभागित बनाउने ।

### ६.२.४ उपलब्धि, तथा नतिजा

**उपलब्धिहरू तथा नतिजाहरु**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।
- शिक्षा योजना कार्यान्वयनमा सरेकारवाला सबैको सहभागिता तथा सहकार्य बढेको हुनेछ ।
- शिक्षा योजनाले लिएका अपेक्षित उपलब्धीहरु हाँसिल भएको हुनेछन ।

### ६.२.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बार्षिक बजेट तथा कार्यक्रम निर्माण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका शिक्षा समिति |
| २ | शैक्षिक योजना कार्यान्वयनका लागि सहभागिता बढाउन | पटक | | १ | १ | १ | १ | २ | पालिका शिक्षा शाखा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शैक्षिक वहस तथा पैरवी र समन्वय | | | | | | | | |
| ३ | योजना कार्यान्वयन को लागि मार्गदर्शन निर्माण | पटक | | १ | | | | परिमार्जन | पालिका शिक्षा शाखा |
| ४ | विभिन्न निकाय संगको समन्वय र सञ्चार | पटक | १ | १ | १ | १ | १ | २ | पालिका शिक्षा शाखा |
| ५ | योजना कार्यान्वयन को प्रभावकारीता का लागि बिद्यालयमा नगर प्रमुख कार्यक्रम (कार्यविधी सहित) | पटक | | १ | १ | १ | १ | २ | पालिका |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम

## परिच्छेद ७ : लगानी स्रोत व्यबस्थापन

### ७.१ वर्तमान अबस्था

मुसिकोट नगरपालिकाले शैक्षिक व्यवस्थापनका लागि हाल संघिय अनुदान, प्रदेश सरकारको अनुदान तथा विभिन्न दातृ निकायको सहायता एव नगरपालिकाको बिबिध स्रोतको परिचालन मार्फत लगानी स्रोत व्यवस्थापन भएको छ ।नेपाल सरकारकोराष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकारले पनि शिक्षा क्षेत्रमा लगानी अभिबृद्धि गरिरहेको छ साथै नगरपालिकाले पनि शिक्षा क्षेत्रलाई प्राथमिकमा राखेर स्रोत बिनियोजन गर्ने प्रयास गरेको छ ।सरकारले शिक्षामा कुल बजेटको २० प्रतिशत पुर्याउनु पर्ने गरी नीतिगत व्यबस्था पनि गरेको छ र यस अर्थमा मुसिकोट नगरपालिकाको शिक्षा नीतिले पनि यस विषयलाई गहन रुपमा लिएको छ। शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी उपलब्ध स्रोतलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

मुसिकोट नगरपालिकाले पालिकाको शैक्षिक गतिविधिहरु सञ्चालनका लागि बार्षिक रुपमा नीति तथा कार्यक्रमहरुमा सामाजिक विकास र शिक्षालाई पनि जोड दिएर अगाडी बढेको छ ।मुसिकोट नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गर्ने प्रयास गरिरहेको छ ।शिक्षा क्षेत्रको सुरधाका लागि नगरपालिकाले विभिन्न शैक्षिक कार्यक्रम र नीतिहरु निर्माण गरेर कार्यान्वयन गरेको छ । प्रार्मभिक बालविकासका तथा शिक्षाका शिक्षकको तलब थप गर्ने तथा पालिका अनुदान मार्फत शिक्षक थप गरी शैक्षिक गतिविधी सहज बनाउन पनि पालिकाले बजेट विनियोजन गरेर अगाडि बढेको छ । पालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको बजेट बढी देखिएको भएता पनि कुल बजेटको दुई तिहाई भाग शिक्षकको तलव तथा प्रशासनिक खचर्मा लागनी हुने बाँकी रहेको न्यून बजेटमा भौतिक पुर्वाधार र क्षमता विकास लगायतका क्षेत्रमा हुने भएकाले समग्रमा यो न्यून देखिन्छ । मुसिकोट नगरपालिकाले क्षमता विकास तथा सुशासन लगायतका क्षेत्रमा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने र स्रोत सुनिश्चित गर्ने कार्य प्रभावकारी रुपमा अगाडी बढाउन आबश्यक देखिन्छ ।

**मुसिकोट नगरपालिकाको यस आवको विभिन्न तहबाट विनियोजन गरिएको बजेट यस प्रकार रहेको छ।**

| स्थानीय तहबाट विनियोजन गरिएको बजेट :शिक्षाक्षेत्र : सामाजिक विकासउप क्षेत्र : शिक्षा | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | |
| ८०६५९४०३३०१मुसिकोट नगरपालिका – शिक्षा | | | |
| १ | प्रधानाध्यापक, शिक्षा समिति बैठक संचालन | २,००,०००.०० | |
| २ | नगरकरारशिक्षक तलव | ७६,०८,५३७.०० | |
| ३ | नगरकरारशिक्षक तलव | २,२३,९६,०००.०० | |

| | | | |
|---|---|---|---|
| ४ | शैक्षिकक्यालेन्डर निर्माण | १,५०,०००.०० | |
| ५ | कक्षा ४देखि ११ सम्मको परिक्षा संचालन | ८,००,०००.०० | |
| ६ | नगर प्रमुखकप/ अतिरिक्त कृयाकलाप/राष्टपति रनिङ शिल्ड र शिक्षा सम्बन्धी दिवश | १०,००,०००.०० | |
| ७ | शैक्षिकस्मारिका | १,५०,०००.०० | |
| ८ | शिक्षातर्फकोविविध खर्च | १,००,०००.०० | |
| ९ | विद्यालयअनुगमण सुपरिवेक्षण तथा पेशागत पृष्ठपोषण | २,००,०००.०० | |
| कुल जम्मा | | ३,२६,०४,५३७.०० | |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

**सघिय सरकारबाट विनियोजन गरिएको बजेट**

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन |
|---|---|---|
| ८०६५९४०३५११संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्तअनुदान) | | |
| १ | माध्यमिकतहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकलागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषदअन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | ३,९२,३४,०००.०० |
| २ | आधारभूततहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागितलब भत्ता अनुदान (विशेष शिक्षा परिषदअन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | १५,२९,८८,०००.०० |
| ३ | तोकिएकाविद्यार्थीको दिवा खाजाका लागिविद्यालयलाई अनुदान | ७८,९५,०००.०० |
| ४ | विपद्कासमयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | ७,००,०००.०० |
| ५ | विपद्कासमयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | १,००,०००.०० |
| ६ | तोकिएकाविद्यार्थीको दिवा खाजाका लागिविद्यालयलाई अनुदान | १३,००,०००.०० |
| ७ | विपद्कासमयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | २,००,०००.०० |
| ८ | तोकिएकाविद्यार्थीको दिवा खाजाका लागिविद्यालयलाई अनुदान | १७,००,०००.०० |
| ९ | शैक्षिकसुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षकमेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ११,५२,०००.०० |
| १० | शैक्षिकसुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षकमेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ३,००,०००.०० |
| ११ | शैक्षिकसुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षकमेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | २,००,०००.०० |
| १२ | सार्वजनिकविद्यालयकाविद्यार्थीहरुका लागिनिशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | ४५,१०,०००.०० |
| १३ | विपन्नलक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागिछात्रवृत्ति | ३,००,०००.०० |

| | | |
|---|---|---|
| १४ | प्रतिविद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाकालागि विद्यालयलाइ अनुदान | ३,००,०००.०० |
| १५ | माध्यमिकतह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ७८,८१,०००.०० |
| १६ | आधारमुत तहकक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १६,०७,०००.०० |
| १७ | शैक्षिकपहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २,००,०००.०० |
| १८ | प्रारम्भिकबाल विकाससहजकर्ताहरुको पारिश्रमिक तथाविद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १,२२,३८,०००.०० |
| १९ | सामुदायिकविद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | २०,२५,०००.०० |
| २० | प्रारम्भिकबाल विकाससहजकर्ताहरुको पारिश्रमिक तथाविद्यालय कर्मचारी व्यबस्थापन अनुदान | २७,००,०००.०० |
| २१ | विद्यालयसञ्चालन तथा व्यवस्थापन अनुदान | ७,००,०००.०० |
| २२ | आधारमुत तहकक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३,००,०००.०० |
| २३ | हरितविद्यालय कार्यक्रम, श्री जनकल्याण मा.वि.वडा नं.-11 | ३,००,०००.०० |
| २४ | प्रतिविद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाकालागि विद्यालयलाइ अनुदान | १५,४२,०००.०० |
| २५ | सार्वजनिकविद्यालयकाविद्यार्थीहरुका लागिनिशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | १०,००,०००.०० |
| २६ | सार्वजनिकविद्यालयकाविद्यार्थीहरुका लागिनिशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | ८,००,०००.०० |
| २७ | आधारमुत तहकक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४,००,०००.०० |
| २८ | विपन्नलक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागिछात्रवृत्ति | २,००,०००.०० |
| २९ | शैक्षिकपहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | ३,००,०००.०० |
| ३० | शैक्षिकपहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १५,००,०००.०० |
| ३१ | सामुदायिकविद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | ४,००,०००.०० |
| ३२ | प्रारम्भिकबाल विकाससहजकर्ताहरुको पारिश्रमिक तथाविद्यालय कर्मचारी व्यबस्थापन अनुदान | २०,००,०००.०० |
| ३३ | प्रतिविद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाकालागि विद्यालयलाइ अनुदान | ३,००,०००.०० |
| ३४ | सामुदायिकविद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | ३,००,०००.०० |

| | | |
|---|---|---|
| ३५ | विद्यालयसञ्चालन तथा व्यवस्थापन अनुदान | ५,००,०००.०० |
| ३६ | माध्यमिकतह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १३,००,०००.०० |
| ३७ | विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरणएवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १०,००,०००.०० |
| ३८ | सार्वजनिकविद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथागैरआवासीय) | २१,०१,०००.०० |
| ३९ | माध्यमिकतह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १८,००,०००.०० |
| ४० | सार्वजनिकविद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथागैरआवासीय) | ४,००,०००.०० |
| ४१ | विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरणएवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ८,००,०००.०० |
| ४२ | विपन्नलक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागिछात्रवृत्ति | १०,७३,०००.०० |
| ४३ | विद्यालयसञ्चालन तथा व्यवस्थापन अनुदान | २९,२५,०००.०० |
| ४४ | CTEVTकोमापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | ७,००,०००.०० |
| ४५ | विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरणएवम काअर्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ४६,५०,०००.०० |
| ४६ | सार्वजनिकविद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथागैरआवासीय) | ३,००,०००.०० |
| ४७ | केन्द्रबाटछनौट भएका नमुना विद्यालय, विशेष विद्यालयकोस्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकासतथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ माविज्ञान विषय सञ्चालनका लागिसमेत | १६,००,०००.०० |
| ४८ | केन्द्रबाटछनौट भएका नमुना विद्यालय, विशेष विद्यालयकोस्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकासतथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ माविज्ञान विषय सञ्चालनका लागिसमेत | ७२,००,०००.०० |
| ४९ | केन्द्रबाटछनौट भएका नमुना विद्यालय, विशेष विद्यालयकोस्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकासतथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ माविज्ञान विषय सञ्चालनका लागिसमेत | १२,००,०००.०० |
| कुल जम्मा | | २७,५१,२१,०००.०० |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ७.२ उद्देश्य

मुसिकोट नगरपालिकाको शिक्षा योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरु देहाय अनुसार रहेको छन् ।

क) योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

ख)लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्टा गर्नु ।

ग) योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

घ) विद्यालय शिक्षा सम्बन्धी पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

ङ) उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु ।

च) खर्चको प्रक्रिया, तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

### ७.३ रणनीतिहरु

मुसिकोट नगरपालिकाको शिक्षा योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरु देहाय बमोजिम हुनेछन्

- विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरु विचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरीने ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।
- सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।
- शिक्षामा तिनै तहका सरकारबाट कूल वजेटको वार्षिक रुपमा २० प्रतिशत पुर्याउने।
- सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा विकास गरीनेछ ।
- मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीनेछ । भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरीनेछ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरीनेछ ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।
- श्रोत कक्षालाई एकिकृत गर्न बजेट ब्यबस्थापन गरिने छ।
- आधारभूत तहमा श्रोत कक्षाका विद्यार्थीहरुको टिकाउदर कायम बजेटको सुनिश्चितता गरिने।

७.४ प्रमुख क्रियाकलापहरु र परिमाणत्मक लक्ष्य

*क्षेत्रगत रुपमा लागत अनुमान रु हजारमा*

| क्रस | प्रमुख क्रियाकलाप | लागत | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १ | प्रारम्भिकबालविकास तथा शिक्षामा कुल लागत अनुमान | 430 | 3340 | 4190 | 4240 | 4260 |
| २ | आधारभुत तहकोशिक्षाको जम्मा लागत अनुमान | 1370 | 5170 | 4620 | 5220 | 5170 |
| ३ | माध्यमिक तहको अनुमानित लागत | 7552 | 11644 | 11844 | 12144 | 11844 |
| ४ | प्राविधिक तथाव्यावसायिकशिक्षा तर्फ अनुमानित लागत | 6300 | 8450 | 10600 | 11600 | 14600 |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ तर्फकुल | 4200 | 5300 | 5600 | 5900 | 6200 |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्रीतथा मूल्याङ्कन | 10162 | 11370 | 11420 | 12070 | 11320 |
| ७ | शिक्षक व्यस्थापन र विकास मा जम्मा लागतअनुमान | 237175 | 241275 | 251275 | 256275 | 261275 |
| ८ | शैक्षिक समता तथा सामवेशीकरणमा जम्मालागत अनुमान | 4823 | 5490 | 5630 | 5760 | 7080 |
| ९ | बिद्यालय पोषणतथा स्वास्थय कार्यक्रममा लागत अनुमान | 13925 | 14950 | 16150 | 17250 | 18300 |
| १० | विद्यालयसुरक्षा, विपत् तथा उत्थानशीलतामा लागत अनुमान | 1450 | 2950 | 3150 | 3250 | 3290 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | बिद्यालय भौतिकपुर्वाधारको अनुमानित लागत | **14800** | **22700** | **55000** | **34200** | **40000** |
| १२ | विद्यालय सुचना तथा सञ्चार प्रविधि तर्फजम्मा लागत | **820** | **3280** | **3450** | **3800** | **4450** |
| १३ | सामुदायिक पुस्तकालयमा जम्मा लागतअनुमान | **0** | **200** | **2000** | **500** | **500** |
| १४ | युवा तथा खेलकुद तर्फ जम्मा लागत र | **1050** | **4150** | **3150** | **4750** | **3750** |
| १५ | संस्थागत क्षमता विकास र सुशासन | **4200** | **5030** | **14740** | **5340** | **5240** |
| १६ | योजना कार्यान्वयनको प्रवन्ध | **50** | **1550** | **1350** | **1350** | **1350** |
| १७ | अनुगमन तथमुल्याङ्कनमा जम्मा लागत | **350** | **750** | **550** | **550** | **1050** |
| | ५ बर्षको जम्मा लागत अनुमान | ३०८६५७ | ३४७५९९ | ४०४७१९ | ३८४१९९ | ३९९६७९ |

श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम

लागत अनुमान र लागत स्रोत रु हजारमा

| क्र स | स्रोत | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | सङ्घीय सरकाबाट | २७५१२१.०००० | ३०१५९९ | ३५६११९ | ३३३९९९ | ३४७८७९ |
| २ | प्रदेश सरकारबाट | | ५००० | ६००० | ७००० | ८००० |
| ३ | नगरपालिकाबाट | ३२६०४.५३७ | ४०००० | ४१५०० | ४२००० | ४२५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | अन्य निकायबाट | ९३१.४६३ | १००० | ११०० | १२०० | १३०० |
| जम्मा | | ३०८६५७ | ३४७५९९ | ४०४७१९ | ३८४१९९ | ३९९६७९ |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

### ७.५ योजनाको बार्षिक बजेट तर्जुमा प्रक्रिया

मुसिकोटको बार्षिक रुपमा योजना तर्जुमा गर्ने प्रकृया बमोजिमनै शिक्षा क्षेत्रको बार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने प्रकृया अबलम्बन गर्नेछ । यसका लागि संघ तथा प्रदेश र स्थानीय तहको बजेट अनुमान र सिलिङका आधारमा कार्यक्रमहरु तय गरी अन्य सरोकारवालाहरु संग पनि स्रोत खोजी गरी कार्यक्रम तय गर्ने र सेही बजोमिम बार्षिक योजनामा रहेका क्रियाकलापहरुलाई समावेश गर्दै कार्यान्वयन गरिनेछ ।

### ७.६ योजना कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

मुसिकोट नगरपालिकाले शिक्षा क्षेत्रको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्नियन योजना निर्माण गरिनेछ । यसका लागि बार्षिक रुपमा प्राप्त बजेट तथा कार्यक्रमलाई प्राथमिकता अनुसार स्रोत सुनिश्चित भए सोही बर्ष र नभए प्राथमिकताका आधारमा बजेट कार्यान्वयन रणनीति तय गरी कार्यानव्यन गर्ने र बजेटको प्रभावकारी कार्यानव्यन गरिनेछ ।

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

### ८.१ वर्तमान अबस्था

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा भौतिक, आर्थिक, मानवीय, प्राविधिक र सूचना श्रोत र साधनको परिचालन र उपयोग समुचित ढंगले भएको छ/छैन र कार्य योजना एवं कार्य तालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल र अपेक्षित प्रभाव वा असर प्राप्त भएको छ/छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर वा आवधिक रूपमा तथ्यपरक रुपमा निगरानी राख्ने, अभिलेखांकन गर्ने र संचार गर्ने कार्य अनुगमन हो । यसैगरी कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू हालको समयमा के– कति सान्दर्भिक, लाभदायी प्रभावकारी छन, तथा के– कस्ता उपलब्धि एवं प्रभावहरू हासिल भएका छन् भन्ने कुराको आन्तरिक र बाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो ।शैक्षिक कार्यक्रमहरुको कार्यान्वयन के कति भए रत्यसको लक्षित प्रतिफल योजना अनुरुप ठीक सँग भइरहेका छन् वा छैनन भनी निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य शैक्षिक अनुगमन हो । शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरु कति सान्दर्भिक,सक्षम,लाभदायक र प्रभावकारी देखिएका छन।विद्यालय शिक्षाका कार्यक्रमहरुमा उपलब्ध स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरु छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरु निर्धारित तालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ती तर्फ उन्मुख छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिका सम्बन्धमा नियमित र आवाधिक रुपमा निगरानी, निरीक्षण, सुपरिवेक्षण, पर्यवेक्षण एवम् जाँच गर्ने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारीताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सञ्चालन पश्चात पनि गरिन्छ । मूल्याङ्कनबाट कार्यान्वयन गरिएका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी तथा के कस्ता उपलब्धि एवम् प्रभावहरु हासिल भएका छन् र तिनको दिगोपनाका सम्बन्धमा आन्तरिक र वाह्य मूल्याङ्कनकर्ताबाट लेखाजोखा गराउन सहयोग पुग्दछ ।

शैक्षिक अनुगमन र मूल्याङ्कनको कार्य संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव श्रोत विकास केन्द्र लगायतका निकायहरुबाट प्रदेश तहमा शिक्षा निर्देशनालय र स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ । शिक्षण प्रक्रियामा शिक्षकलाई स्थलगत प्राविधिक सहयोगका लागि कुनै संस्थागत प्रबन्ध भएको छैन भने अनुगमन,

निरीक्षण र मूल्याङ्कनको कार्यलाई स्थानीय तहबाट नियमित र निरन्तर रुपले अगाडी बढाउने प्रयास भएको छ । नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा तथा शिक्षा समितिबाट अनुगमन पटक पटक भएको छ भने यसलाई थप व्यवस्थित र संस्थागत गराउन अति आबश्यक देखिन्छ ।

ऐन,नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्नेर क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मुल्याङकन गर्ने कार्यहरु नियमित रूपमा भैरहेका छन् । मुसिकोट नगरपालिकाले आफ्नो सेवा क्षेत्र भित्रको शैक्षिक गतिविधिहरुको अनुगमन र मूल्याङ्कन गर्न समग्र नगरपालिकाको अनुगमन अनुगमनका लागि नगर उपप्रमुखको नेतृत्वमा गठन भएको अनुगमन समितिले शैक्षिकगतिविधिहरुको अनुगमन र सुपरिवेक्षण गर्ने कार्य गरेको छ । नगर शिक्षा समितिले पनि यस स्थानीय तहमा रहेका शैक्षिक समस्याहरुको समधान गर्ने र नियमित अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी ढंगले अगाडी बढाउन विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याएको छ ।मुसिकोट नगरपालिका क्षेत्रको समग्र शैक्षिक गतिविधिहरुको अनुगमन र मूल्याङ्कन गरी एकिकृत प्रतिवेदन प्रणालीको विकास , सहभागीतात्मक तथा सामुहिक अनुगमन तथामूल्याङ्कन प्रणालीको सुनिश्चितता र अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग र व्यवस्थापन भइरहेको छैन । आधारभुत तह उतिर्ण परीक्षाको जिम्मेवारी स्थानीय तहलाई भएकोले सो तहको नतिजामा आधारित मूल्याङ्कन हुने गरेको छ । अर्कोतर्फ शिक्षक सुपरीवेक्षण र पेसागत सहयोग तथा विद्यार्थी उपलब्धि परीक्षण लगायतका विषयहरुमा ठोस कार्यक्रम बनाइ अगाडी बढेको अवस्था छैन । नगरपालिकाले अनुगमन तथा मुल्याङ्कनको पक्षलाई चुस्त दुरुस्त बनाउनका लागि अनुगमन तथा मुल्याङ्कनको स्पष्ठ रणनिति तय गरी अगाडी बढ्न पर्ने आबश्यकता देखिन्छ । नगरपालिकाले निम्न अनुसारको अनुगमन प्रक्रिया अबलम्बन गर्ने गरी अनुगमन योजना तय गरेको छ ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन निरिक्षण सुपरिवेक्षण, | संयोजक तथा सदस्य | द्विमासिक | आगन्तुक पुस्तिका , अनुगमन फारम |
| २ | पालिका शिक्षा समिति | | संयोजक तथा सदस्य | चौमासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ४ | पालिका | | उपप्रमुख | अर्धबार्षिक | |
| ५ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी | | शिक्षा शाखा प्रमुख वा प्रतिनिधी | मासिक | |

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| ६ | पालिका शिक्षा शाखा | | शिक्षा शाखा प्रमुख वा प्रतिनिधी | मासिक | |
| ७ | पालिका स्तरका विज्ञ समूह वा रोष्टर समुह | | संयोजक | द्विमासिक | |
| ८ | वि.व्य. स. र शिक्षक अभिभावक संघ | | पदाधिकारी | निरन्तर | |
| ९ | नागरिक समाज तथा गैर सरकारी संघसंस्था | | जिम्मेबार व्यक्ति | मासिक | |

नगरपालिकाको शैक्षिक गतिविधिहरुको प्रभावकारी कार्यान्वयनका लागि नियमित र व्यवस्थित अनुगमन तथा मुल्याङ्कन पद्धतिको विकासका साथै यो योजनाको प्रभावकारी कार्यान्वयनका निमित्त मध्यावधी मुल्याङ्कन तथा अन्तिम मुल्याङ्कनको सुनिश्चितता हुनुपर्ने देखिन्छ ।

### ८.२ उद्देश्य

नगरपालिकाको शैक्षिक गतिविधिहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न र अपेक्षित उपलब्धि हाँसिलका लागि निम्न लिखित उदेश्यहरु अबलम्बन गरिएको छ ।

- आवश्यकता अनुसारको अनुगमन तथा मुल्याङकन मापदण्ड र निर्देशिका तथा रणनीति तयार गरी कार्यान्वयन गर्नु ।
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास र नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।
- बार्षिक, मध्यावधी तथा अन्तिम मुल्याङ्कन गर्नु र अनुगमन तथा मुल्याङ्कन समिति तथा प्राविधिक समिति गठन गरी परिचालन गर्नु।

### ८.३ रणनीतिहरु

अनुगमन तथा मुल्याङ्कनका उदेश्यहरु हाँसिल गर्नका लागि निम्न बमोजिमका रणनीतिहरु अबलम्बन गरिएको छ ।

- अनुगमन तथा मूल्याड़कनका लागि विभिन्न समितिहरूको निर्माण गरिनेछ र उक्त समितिले यसका लागि रणनीति तथा कार्यविधी निर्माण र कार्यान्वयन गर्ने ।
- कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदनका लागि एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
- अनुगमन तथा मूल्याड़ूकन प्रतिवेदन छिटो  छरितो र व्यवस्थित बनाइनेछ र अनुगमन तथा मुल्याङ्कन नतिजामुखि बनाइने ।
- कक्षाकोठामा सिकाइको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन,  मुल्याङ्कन तथा सुपरिवेक्षण र प्रतिवेदन प्रणालीको विकास गरीने ।
- विधालयको पेशागत सहयोग र सुपरिवेक्षण सयन्त्रको विकास र सुद्धृढिकरण गर्ने । ,
- नगरपालिकाले समन्वय र सहजीकरणको भूमिका खेल्ने व्यवस्था गरिनेछ ।
- जनप्रतिनिधिहरुलाई योजनाको अनुगमन तथा मूल्याङकनको कार्यमा संलग्न गराइनेछ ।
- शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालिलाई व्यवस्थित गरिने र सुद्धृढ बनाइनेछ ।
- शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अद्यावधिक, मद्यावधिक र अन्तिम मूल्याड्कनप्रणाली स्थापित गरिनेछ यसका लागि नगर प्रमुखको संरकक्षत्वमा र नगरउपप्रमुखको संयोजकत्वमा बार्षिक, मध्यावधी र अन्तिम मुल्याङ्कन गर्ने ।
- अनुगमन तथा मुल्याङ्कन समिति तथा प्राविधिक समिति गठन गरी परिचालन गर्ने ।

## ८.४ उपलब्धि तथा नतिजा

माथिका रणनीतिहरुको कार्यान्वयन पश्चात निम्न बमोजिमका उपलब्धिहरु हाँसिल भएको हुने ।

- अनुगमन, मूल्याड्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरू समाधान भई अपेक्षित उपलब्धी हासिल हुने ।
- अनुगमन र मूल्याड्कनमा संस्थागत संरचना निर्माण र क्षमता विकास भएको हुने ।
- अनुगमन, मूल्याड्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुने,
- शैक्षिक योजनाको प्रभावकारी रुपमा कार्यान्वयन भई समग्रमा विद्यार्थीहरूको शैक्षिक उपलब्धी सुधार भएको हुने ।
- समन्वय र सहजीकरणले कार्य क्षमतामा कुशलता ल्याउने ।

## ८.५ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.स | प्रमुख क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधी | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नतिजामा आधारित | पटक | | १ | | | | १ परिमा | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुगमन मूल्याङ्कन रणनीति, साधन तथा सूचक निर्माण | | | | | | | र्जन | |
| २ | नियमित अनुगमन | पटक | ६ | ६ | ६ | ६ | ६ | १२ | पालिका |
| ३ | संयूक्त अनुगमन अर्धबार्षिक | पटक | | २ | २ | २ | २ | ४ | पालिका |
| ४ | प्रतिवेदन तयारी तथा बार्षिक समीक्षा | पटक | १ | १ | १ | १ | १ | २ | पालिका |
| ५ | मध्यावधि मुल्याङ्कन | पटक | | | | | १ | | पालिका |
| ६ | अन्तिम मुल्याङ्कन | पटक | | | | | | १ | पालिका |

**श्रोतः शिक्षा युवा तथा खेलकुद शाखा मुसिकोट रुकुम पश्चिम**

**शन्दर्भसामाग्रीहरुः**


१ स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धि निर्देशन २०७९ (परिमार्जित तथा अध्यावधिक संस्करण २०८१)।
२ राष्ट्रिय जनगनणा २०७८ को तथ्याङ्क ।
३ मुसिकोट नगरपालिका संग सम्बन्धित बिभिन्न शाखा बाट सङ्कलित तथ्याङ्क ।
४ इमिस रेकर्ड २०८१ ।
५ शिक्षा सँग सम्बन्धित बिभिन्न ऐन नियम तथा निर्देशिकाहरु।
६ आ ब २०८१।०८२ को बजेट।
७ अन्य थप सहायता सामाग्रीहरु।